# ‘प्रेमदासको डायरी’ उपन्यासमा प्रगतिवाद

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत स्नातकोत्तर तह (एम.ए.) दोस्रो
वर्षको दसौँ पत्रको पाठ्यांशको
प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

शोधार्थीः
गणेशबहादुर तामाङ
त्रि.वि. रजिष्ट्रेसन नं. : ९–२–३८९–१८-२००५
परीक्षा क्रमाङ्क : १९००१४

नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७७/२०२१

# प्रतिबद्धतापत्र

'प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद' शीर्षकको प्रस्तुत शोधपत्र मैले मेरा शोधनिर्देशक उपप्रा. रमेशकुमार श्रेष्ठज्यूको निर्देशनमा रहेर तयार पारेको मौलिक कार्य हो । मैले यो शोधपत्र लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र ती सामग्रीप्रति म कृतज्ञ पनि छु । प्रस्तुत शोधका सामग्री र यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन्, तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..................................

शोधार्थी

गणेशबहादुर तामाङ

मिति : २०७७/१२/२४

६ अप्रिल, २०२१

**वीरेन्द्र बहुमुखी क्याम्पस**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**नेपाली विभाग**

**चितवन**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको समूह २०७२/२०७३ का छात्र गणेशबहादुर तामाङले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पार्नुभएको 'प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद' शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

१. सहप्रा. भवनाथ सडौला ....................................
(विभागीय प्रमुख)

२. उपप्रा. रमेशकुमार श्रेष्ठ ....................................
(शोधनिर्देशक)

३. सहप्रा. डा. धनेश्वर भट्टराई ....................................
(बाह्य परीक्षक)

मिति : २०७८/०१/०७

१९ अप्रिल, २०२१

# शोधनिर्देशकको सिफारिस

'प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद' शीर्षकको प्रस्तुत शोधपत्र स्नातकोत्तर तह, दोस्रो वर्षका छात्र श्री गणेशबहादुर तामाङले मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । समकालीन साहित्य सिद्धान्तका रूपमा प्रचलनमा आएको प्रगतिवादलाई कृति विश्लेषणको आधार बनाइएको प्रस्तुत शोधकार्य नेपाली साहित्यको विश्लेषणमा नवीन पद्धतिको रूपमा आएको छ । श्री तामाङले अत्यन्त मिहिनेतपूर्वक प्रगतिवादी साहित्य सिद्धान्तको आधारमा 'प्रेमदासको डायरी' उपन्यासभित्र प्रगतिवादको आलोक खोज्नु भएको छ । यस कार्यबाट शोधकर्तामा प्राज्ञिक मर्यादा, शिल्पको विकास र धैर्य गर्न सक्ने स्वभावको विकास भएको देख्न सकिन्छ । यस कार्यबाट म पूर्णतः सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडि बढाउनका निम्ति वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

........................................

उपप्रा. रमेशकुमार श्रेष्ठ

शोधनिर्देशक

नेपाली विभाग

वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन

मिति : २०७७/१२/२४

६ अप्रिल, २०२१

# कृतज्ञताज्ञापन

'प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद' शीर्षकको प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तह, नेपाली विषयको कार्यक्रमअन्तर्गत दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारेको हुँ । यस कार्यमा मलाई प्राज्ञिक निर्देशन, सल्लाह, सुझाव र सहयोग गर्नुहुने विषय विशेषज्ञ, सङ्घ-संस्था र सहयोगी महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य मैले मेरा श्रद्धेय गुरु रमेशकुमार श्रेष्ठको कुशल निर्देशनमा तयार पारेको हुँ । शोध प्रस्ताव लेखन, परिमार्जनदेखि शोधकार्यलाई अन्तिम रूप प्रदान गर्ने कार्यसम्म उहाँले गर्नुभएको उच्च प्राज्ञिक निर्देशन मेरा लागि अत्यन्त मूल्यावान् रहेको छ । उहाँको उच्च प्राज्ञिक निर्देशन, गम्भीर टिप्पणी, सुझाव एवम् सल्लाह प्राप्त नभएको भए यो शोधकार्य सम्भव हुने थिएन । व्यस्तताका बीच पनि मलाई समय उपलब्ध गराएर उचित मार्गनिर्देशन प्रदान गरी यस शोधकार्य सम्पन्न गर्न उहाँले ठूलो योगदान दिनुभएको छ । उहाँको मित्रवत् व्यवहार, आत्मीय सहयोग र उच्च प्राज्ञिक मार्गनिर्देशनबाटै यो शोध सम्पन्न भएको हुँदा सर्वप्रथम म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य गर्दा परेको सैद्धान्तिक समस्या समाधान गर्न हरसमय मलाई समय दिएर महत्त्वपूर्ण सुझाव, सल्लाह र उचित परामर्श प्रदान गर्नु हुने तत्कालीन विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटा तथा वर्तमान विभागीय प्रमुख श्रद्धेय गुरु सहप्राध्यपक भवनाथ सडौलाज्यूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यमा अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु हुने बाह्य परीक्षक आदरणीय गुरु सहप्रा. डा. श्री धनेश्वर भट्टराईज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य सुरु गर्दादेखि बेलाबेला फोन, म्यासेन्जरमार्फत् शोधसम्बन्धमा झक्झक्याई रहनु हुने शोध्य सामग्रीका शोधनायक साहित्यकार रेशम विरहीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । उहाँले यस कार्यमा सामग्री जुटाउन गर्नुभएको अतुलनीय सहयोगप्रति म धन्यवादी छु । प्रस्तुत शोधकार्य निर्माणमा प्रत्यक्ष तथा परोक्ष सहयोग गर्नुहुने सबैप्रति म हृदयदेखि नै कृतज्ञताज्ञापन गर्दछु । यस शोधका निम्ति ज-जसका सिर्जनात्मक र समालोचनात्मक कृति अध्ययन गरिएका छन्, तिनका लेखक/स्रष्टाहरू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा यो शोधपत्र मूल्याङकनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको शोध मूल्याङ्कन समितिसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७७/१२/२४ शोधार्थी

६ अप्रिल, २०२१ गणेशबहादुर तामाङ

# विषयसूची

पृष्ठ


## परिच्छेद एक : शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | विषयप्रवेश | १ |
| १.२ | शोधप्रयोजन | २ |
| १.३ | समस्याकथन | २ |
| १.४ | शोधकार्यको उद्देश्य | ३ |
| १.५ | पूर्वकार्यको विवरण र समीक्षा | ४ |
| १.६ | अनुसन्धानको औचित्य, महत्त्व र उपयोगिता | ७ |
| १.७ | अध्ययनको क्षेत्र र सीमा | ७ |
| १.८ | शोधविधि | ८ |
| | १.८.१ सामग्री सङ्कलन | ८ |
| | १.८.२ शोधविधि | ८ |
| १.९ | शोधपत्रको रूपरेखा | ९ |

## परिच्छेद दुई : साहित्यको प्रगतिवादी अध्ययनको सैद्धान्तिक ढाँचा

| | | |
|---|---|---|
| २.१ | प्रगतिवादको सैद्धान्तिक परिचय र परिभाषा | १० |
| २.२ | प्रगतिवादी साहित्यको स्वरूप | १२ |
| २.३ | प्रगतिवादी साहित्यमा विचारधाराको पक्ष | १४ |
| २.४ | प्रगतिवादी साहित्य र बुर्जुवा सहित्यमा समानता र भिन्नता | १६ |
| २.५ | प्रगतिवादी साहित्यका मूलभूत मान्यता | १८ |
| २.६ | निष्कर्ष | २३ |

**परिच्छेद तीन : 'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवाद**


| | | |
|---|---|---|
| ३.१ | विषयप्रवेश | २६ |
| ३.२ | कथावस्तु | २६ |
| ३.३ | पात्रहरूमा प्रगतिचेतना | ३३ |
| | ३.३.१ प्रभाकर | ३४ |
| | ३.३.२ छन्दबहादुर | ३६ |
| | ३.३.३ कविता | ३७ |
| | ३.३.४ चम्पा | ३८ |
| | ३.३.५ कुस्माखर धिताल | ४० |
| ३.४ | परिवेशमा प्रगतिचेतना | ४२ |
| | ३.४.१ भौगोलिक परिवेश | ४३ |
| | ३.४.२ स्थानगत परिवेश | ४५ |
| | ३.४.३ समयगत परिवेश | ४७ |
| | ३.४.४ सामाजिक परिवेश | ५१ |
| | ३.४.५ राजनैतिक परिवेश | ५६ |
| | ३.४.६ वर्गीय परिवेश | ६१ |
| | ३.४.७ जातीय परिवेश | ६७ |
| ३.५ | निष्कर्ष | ७० |


**परिच्छेद चार : प्रगतिवादी अभिलक्षणका आधारमा 'प्रेमदासको डायरी' उपन्यास**


| | | |
|---|---|---|
| ४.१ | विषयप्रवेश | ७१ |
| ४.२ | शोषक, सामन्तको पहिचान र विरोध | ७१ |
| ४.३ | मानवतावादप्रतिको आस्था | ७४ |

| | | |
|---|---|---|
| ४.४ | साम्राज्यवाद र पूँजीवादको तीव्र विरोध | ७६ |
| ४.५ | शोषणको विरोध गर्दै समानताप्रति जोड | ७९ |
| ४.६ | धर्म र ईश्वरप्रति अनास्था तथा रूढिवादको विरोध | ८० |
| ४.७ | नारीवादी विचार र नारी शोषणको विरोध | ८२ |
| ४.८ | परिवर्तनकारी शक्तिप्रतिको विश्वास | ८४ |
| ४.९ | निष्कर्ष | ८७ |

**परिच्छेद पाँच : 'प्रेमदासको डायरी' उपन्यासमा द्वन्द्व**

| | | |
|---|---|---|
| ५.१ | विषयप्रवेश | ८८ |
| ५.२ | वर्गीय द्वन्द्व | ८८ |
| ५.३ | राजनैतिक द्वन्द्व | ९३ |
| ५.४ | लैङ्गिक द्वन्द्व | ९६ |
| ५.५ | निष्कर्ष | ९९ |

**परिच्छेद छ : सारांश तथा निष्कर्ष**

| | | |
|---|---|---|
| ६.१ | सारांश | १०० |
| ६.२ | निष्कर्ष | १०१ |
| ६.३ | भावी शोधका निम्ति शोध शीर्षकहरू | १०६ |
| | सन्दर्भ ग्रन्थसूची | |

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| इ.सं. | इस्वी सम्वत् |
| उप.प्रा. | उप-प्राध्यापक |
| एम.ए. | मास्टर अफ आर्टस् |
| क्र.सं. | क्रम सङ्ख्या |
| डा. | डाक्टर |
| डि.सी. | डिस्ट्रिक कमिटि |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नेपा. | नेपाली |
| ने.रा.प्र.प. | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| प्र.ले.स. | प्रगतिशील लेखक सङ्घ |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| भा.क.पा. | भारतीय कम्युनिस्ट पार्टी |
| वि.क. | विश्वकर्मा |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सह-प्रा. | सहप्राध्यापक |

# चिह्न प्रयोग तथा सङ्केताक्षर सूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिह्न र सङ्क्षिप्त रूपको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

## चिह्न प्रयोग

| **चिह्न** | **अर्थ** |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| … | केही अंश छोडिएको |
| ऽ | गुरुवर्ण |
| । | (१) पूर्णविराम, (२) लयविधानका सन्दर्भमा लघु |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | शीर्षक जनाउँदा वा विशेष जोड दिँदा |
| : | पृष्ठ सङ्ख्या बीचको सङ्केत |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |

# परिच्छेद एक

# शोधपरिचय

## १.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको शीर्षक 'प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद' रहेको छ । नेपाली साहित्यको क्षेत्रमा आफ्नो छुट्टै पहिचान राख्न सफल साहित्यकार रेशम विरहीको वास्तविक नाम रेशमराज घिमिरे हो । उनी २००९ साल मङ्सिर १ गते गोरखाको हर्मीमा पर्ने डाँडागोब्रे गाउँमा जन्मिएका हुन् । हाल भरतपुर महानगरपालिका वडा नं. १६ पश्चिम रामपुरमा घर भएका विरही अस्थायी रूपमा स्वयम्भु काठमाडौँमा बस्छन् । उनी कुशल कवि, पत्रकार, निबन्धकार एवम् उपन्यासकार व्यक्तित्व पनि हुन् । २०२८ सालमा 'उकालो' साप्ताहिक पत्रिकामा "उकालो तिमी किन गीत गाउँदैनौ ?" शीर्षकको कविता छपाएर विधिवत् रूपमा सहित्यिक यात्रा सुरु गरेका हुन् । नेपाली राजनीतिलाई नजिकबाट नियाल्दै त्यसभित्रका अन्तर्वस्तुलाई नजिकबाट केलाउने कुशल साहित्यकार हुन् । उनी सरल र सहज भाषाशैलीमा साहित्य लेख्ने जनपक्षीय लेखक हुन् । उनको रचनामा देशमा ठूल्ठूला परिवर्तन आए पनि जनताले परिवर्तनको आभास गर्न नसकेको गुनासो पाइन्छ । उनी देश र माटोप्रति अटुट आस्था र माया गर्ने प्रगतिवादी साहित्यकार हुन् । आफ्नो कृतिमार्फत् सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गर्ने विरही निर्भीक साहित्यकार हुन् । विभिन्न पत्रपत्रिकामा उनका थुप्रै रचनाहरू प्रकाशित छन् । हालसम्म उनका 'मुलाको बोक्रा र आलीमुनिको झ्याउँकिरी' (२०३७), 'भित्ताको रङ्ग' (२०५७), 'मङ्गली गुप्ताको पान' (२०६१), 'थालथालमा सपना' (२०६९), 'तुरूप' (२०७४, पाँचवटा कवितासङ्ग्रह) र 'आधारभूत पत्रकारिता शिक्षा' (२०६०), 'सुन्दरबस्ती' (२०६८, बालकाव्य), 'देब्रे आँखा' (२०७२, निबन्धसङ्ग्रह) र 'प्रेमदासको डायरी' (२०७३, उपन्यास) र सत्ता र स्वप्नदोष (२०७७, निबन्धसङ्ग्रह) गरी दशवटा पुस्तकाकार कृतिहरू प्रकाशित भैसकेका छन् । विशेष गरी कविता र निबन्ध क्षेत्रमा चर्चा कमाएका विरही उपन्यास लेखनमा पनि सफल व्यक्तित्व मानिन्छन् ।

प्रगतिवाद भन्नाले मार्क्सवादी सौन्दर्यशास्त्रका आधारमा समाजको व्याख्या गर्दै समाजका श्रमिक, मजदुर, किसान, निमुखा तथा सर्वहाराको पक्षमा लेखिएको साहित्य भन्ने

बुझिन्छ । यो कुनै अलौकिक कहानी र दिग्भ्रमित पार्ने कथावस्तु नभई समाजको यथार्थता बोल्ने हुनुपर्दछ । प्रगतिवाद मार्क्सवादी दर्शनको साहित्यिक स्वरूप भएकाले यसमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादसम्मत वैचारिक मान्यतालाई प्रस्तुत गरिएको हुन्छ । प्रगतिवादी साहित्यमा वर्गसङ्घर्ष, निम्नवर्गीय श्रमिक पक्षधरता, शोषण विरुद्धको चेतना, उपेक्षित, उत्पीडितवर्गप्रतिको समभाव, द्वन्द्ववादी वैज्ञानिक दृष्टि, सङ्घर्षशीलता र आमूल परिवर्तनको आशावादी अभिव्यञ्जना देखापर्दछ । साहित्य र समाजको अभिन्न सम्बन्ध, श्रम र साहित्यको अभिन्न सम्बन्ध; धर्म, जात, लिङ्ग सम्बन्धी अवैज्ञानिक मान्यताको विरोध, सर्वहारा, मानवतावाद र अन्तर्राष्ट्रियतावादी चेतना आदिलाई मानिन्छ । प्रस्तुत शोधकार्यमा 'प्रेमदासको डायरी' उपन्यासमा उपस्थित कथावस्तु, परिवेश, पात्र, सामाजिक, राजनैतिक आदि विषयका आधारमा प्रगतिवादी दृष्टिकोणको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत सन्दर्भमा यो शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवनको स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्र नेपा. ५४० को पाठयांश परिपूर्तिको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत भएकाले यो प्राज्ञिक अनुसन्धेय कृतिको रूपमा रहेको छ । यसैले प्रस्तुत कृतिको शोधपरक अध्ययन गरी यसमा रहेको प्रगतिवादसँग सम्बन्धित रहेर नवीन ज्ञानको उद्घाटन गर्नु प्रस्तुत शोधपत्रको प्रमुख समाधेय समस्या हो ।

हरेक साहित्यिक कृतिले समाजको वास्तविकता उद्घाटन गर्न खोजेको हुन्छ । समाजभित्रकै सामाजिक क्रियाकलापको भाषिक प्रतिबिम्ब साहित्य भएकाले यसले सामाजिक र सांस्कृतिक पक्षहरू समेटेका हुन्छन् । साहित्यिक कृतिमा अभिव्यक्त विविध पक्षको विश्लेषण गरी यथार्थ खुलासा गर्नु आफैँमा उपयोगी अनुसन्धान कार्य हुन जान्छ । 'प्रेमदासको डायरी' उपन्यासमा पनि नेपाली समाजको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक लगायतका

पक्षहरूको अभिव्यक्ति पाइन्छ । यस दृष्टिले 'प्रेमदासको डायरी' उपन्यासको सामाजिक तथा राजनैतिक अध्ययनअन्तर्गत प्रगतिवादसँग सम्बन्धित अनुसन्धान गर्नु उपयुक्त देखिन्छ ।

प्रगतिवादले समग्र सामाजिक तथा राजनीतिक विषयवस्तुलाई समेटेको हुन्छ । मानव समाजभित्र राजनीति अपरिहार्य विषय हुन् । राजनीति पनि साहित्यको विषय बन्दछ । प्रगतिवाद पनि राजनैतिक क्षेत्रको साहित्यिक रूप भएकाले 'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवादी अध्ययन बहुकोणबाट गर्न सकिन्छ किन्तु प्रस्तुत शोधपत्रमा 'प्रेमदासको डायरी' उपन्यासमा के-कस्ता प्रगतिवादी अभिलक्षणहरूलाई प्रस्तुत गरिएको छ भन्ने प्रमुख शोध समस्यालाई लिएर सोहीअनुसार अध्ययन गरिएको छ । यस समस्यासँग सम्बन्धित प्रश्नहरू निम्न छन् :

(क) 'प्रेमदासको डायरी' उपन्यासमा कथानक, पात्र, परिवेशमा प्रगतिवादी दृष्टिकोण कसरी प्रस्तुत गरिएको छ ?

(ख) 'प्रेमदासको डायरी' उपन्यासमा के कस्तो प्रगतिवादी अभिलक्षण देखिएका छन् ?

(ग) 'प्रेमदासको डायरी' उपन्यासमा द्वन्द्वलाई के कसरी प्रस्तुत गरिएको छ ?

यिनै मूलभूत समस्या निराकरणका लागि यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.४ शोधकार्यको उद्देश्य

शोध समस्यामा रहेका प्रश्नहरूको उत्तर खोज्ने काम गर्नु नै शोधको मुख्य उद्देश्य हो । प्रस्तुत शोधको समस्याकथनमा प्रस्तुत गरिएका समस्याहरूको वस्तुगत, प्रामाणिक तथा प्राज्ञिक समाधान पहिल्याउने उद्देश्य राखिएको छ । अतः प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) 'प्रेमदासको डायरी' उपन्यासमा कथानक, पात्र, परिवेशमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत गर्नु,

(ख) 'प्रेमदासको डायरी' उपन्यासमा देखिएको प्रगतिवादी अभिलक्षण पहिल्याउनु,

(ग) 'प्रेमदासको डायरी' उपन्यासमा प्रयोग भएको द्वन्द्व पत्ता लगाउनु ।

यिनै मूलभूत उद्देश्यहरूमा केन्द्रित रहेर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

प्रगतिशील साहित्यकार तथा पत्रकार रेशम विरहीले साहित्यिक तथा साहित्येतर विधाहरूमा प्रशस्तै कलम चलाएको पाइन्छ । विशेषतः कवि व्यक्तित्वबाट साहित्य आरम्भ गरिए पनि उनी सफल निबन्धकार र उपन्यासकार पनि हुन् । उनका कृतिहरूको बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले चर्चा-परिचर्चा गरेका छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वका साथै विभिन्न समयमा उनको कृतिहरूमा समेत शोध, अध्ययन, अनुसन्धान भैरहेकै छ । उनको कविता, निबन्ध विधामा धेरै अध्ययन र अनुसन्धान भैसकेको परिप्रेक्ष्यमा थोरै व्यक्तिहरूले मात्र उपन्यासकार व्यक्तित्वको अध्ययन गरेका छन् । उनको उपन्यासको बारेमा विस्तृत अध्ययन हुन बाँकी नै छ । नेपाली साहित्यमा प्रगतिवादी लेखन तथा समालोचनाको इतिहास पुरानै रहे पनि यस सन्दर्भमा अध्ययन अनुसन्धान भने धेरै भएको पाइँदैन । अतः यहाँ उनका कृति र प्रवृत्तिलाई लिएर प्रगतिवाद र 'प्रेमदासको डायरी' उपन्यासमा गरिएका सामान्य टीका-टिप्पणीहरूलाई कालक्रमिक रूपमा यसरी हेर्न सकिन्छ :

धर्मराज अर्यालले 'चितवन पोष्ट' (२०७३) मा "लिएको राजनीति मेरो जीवनको भयानक दुर्घटना" शीर्षकको अन्तर्वार्तामा रेशम विरहीले आफूले राजनीतिलाई केही समय अङ्गीकार गरेको तर आफ्नो चरित्र, स्वभाव र स्थितिले थाम्न नसकेको र एउटा भयानक दुर्घटना मानेका छन् ।

धर्मराज अर्यालले 'चितवन पोष्ट' (२०७४) मा लिएको "सङ्घर्षविनाको जीवन निरर्थक हुन्छ' शीर्षकको अन्तर्वार्तामा रेशम विरहीले 'प्रेमदासको डायरी' उपन्यासलाई विचार स्खलन भएको पात्रहरूको कथा; नेपाल र भारतका आन्दोलनका दुःखद अन्तर्य समावेश गरी प्रेम, अध्यात्म र समाजका चरित्रहरू पनि देख्न सकिन्छ भनेका छन् ।

निर्भीकजङ्ग रायमाझीले 'सेतोपाटी' (२०७४) मा लिएको "नेपालमा स्वतन्त्रताको परिभाषा ठीकसँग भएको छैन'' शीर्षकको अन्तवार्तामा साहित्यकार विरहीले 'प्रेमदासको डायरी' चालिस वर्ष पहिले आन्दोलनमा गोली चलेर एकजना मान्छे मरेपछि महाकाव्य लेख्ने सोच भएको तर जब देशमा जनयुद्ध सकियो तब यति सशक्त विषयवस्तुमा केही कथानक थपेर आख्यान लेख्दा राम्रो हुन्छ भनी 'प्रेमदासको डायरी' उपन्यास लेखेको जानकारी दिएका छन् ।

रेशम विरहीले “प्रेमदास विघटनको कथा होइन” (२०७४) शीर्षकको अन्तर्वार्तामा प्रेमदासको विद्रोहलाई सहज भने पनि नेपाली समाजको यथार्थलाई हेरी वास्तविक क्रान्तिकारीहरू सत्तामा आउन नसक्ने उल्लेख गरेका छन् ।

राजकुमार बानियाको “कस्मेटिक कम्युनिस्ट कुटी” (२०७४) शीर्षकको लेखमा नेपालमा कोही कम्युनिस्ट नभएको, नेताहरूमै सामन्तवादी मनोविज्ञान हावी रहेको र सर्वहारा जीवनपद्धति कतै पनि नभएको तथा कम्युनिस्टहरू सनकमा परेर सकिएको उल्लेख गरिएको छ ।

कला अनुरागीले ‘रातोपाटी’ (सन् २०१७) मा “नेपालमा कसलाई कम्युनिस्ट देख्नु भएको छ ?” शीर्षकको अन्तर्वार्तामा साहित्यकार विरहीले मार्क्सवादी हुनु र कम्युनिस्ट हुनु एकदम फरक कुरा हो भनी विचार प्रकट गरेका छन् ।

प्रकाश थम्सुहाङले ‘अन्नपूर्ण पोष्ट’ (२०७४) मा प्रकाशित “सबै कम्युनिस्ट नेता नक्कली थिए ?’ शीर्षकको लेखमा ‘प्रेमदासको डायरी’ उपन्यासलाई राजनीतिमा समर्पित युवाहरूको कथा हो भनी उपन्यासले तीन कालखण्ड (पञ्चायत, प्रजातन्त्र र गणतन्त्र) को समय चेतना बोलेको छ भनेका छन् । यद्यपि पञ्चायतको चरित्र र कम्युनिस्टहरूको भूमिगत राजनीतिलाई चित्रण गर्न लेखकले ज्यादा मिहिनेत गरेको छन् तसर्थ ‘प्रेमदासको डायरी’ लाई राजनैतिक इतिहासको दस्तावेज भनेका छन् । त्यस कालखण्डमा सत्तामा निरङ्कुश दलको एकल प्रभुत्व तोड्न आम मानिसले गरेको सङ्घर्षको कथा हो भन्दै यसमा बुर्जुवावर्ग नै क्रान्तिकारीको रूपमा देखिएको बताएका छन् ।

भुवनहरि सिग्देलको “वाम राजनीतिको शल्यक्रिया” (२०७४) शीर्षकको लेखमा ‘प्रेमदासको डायरी’ उपन्यासको राजनैतिक प्रभुत्वको अवस्थालाई चित्रण गरेको पाइन्छ । उक्त लेखमा पञ्चायतकालदेखि प्रजातन्त्रप्राप्तिसम्मको अवस्थालाई चित्रण गर्दै कम्युनिस्टका नाममा समाजमा झन् शोषण, दमन अनि पीडा दिइएको र त्यसको उदाङ्गो चित्रण गर्दै प्रगतिवादी स्वर प्रस्तुत गरेका छन् ।

‘बिआरटी नेपाल डट कम’ को पेज (२०७४) मा “कवि तथा निबन्धकार रेशम विरहीको उपन्यास ‘प्रेमदासको डायरी’ विमोचित” शीर्षकमा पत्रकार नारायण वाग्लेले ‘देब्रे आँखा’ पढ्दा

आफूले देख्न नपाएको इतिहास बुझ्न पाएको र उपन्यासचाहिँ दाहिने आँखा भएको धारणा राखेको लेख प्रकाशित गरिएको छ ।

रेशम विरहीले नै "महाकाव्यको उपन्यास अवतार" (२०७४) शीर्षकको लेखमा पहिले महाकाव्यको आकार ग्रहण गरेको र पछि समय सान्दर्भिक बनाउने क्रममा आख्यानात्मक रूप दिएको उल्लेख गरिएको छ ।

कवि श्यामलले 'प्रेमदासको डायरी' उपन्यासको पश्च आवरण पृष्ठमा विचार राख्दै, "नेपाली समाजका कथित आदर्शहरूको भित्री र बाहरी जीवनका विरोधाभासको आख्यान हो कवि रेशम विरहीको 'प्रेमदासको डायरी' । भनौँ, यो दमित जन इतिहासको उत्खनन हो ।" भनेका छन् ।

दिपक तिमिल्सिनाले "देब्रे आँखा' निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन' (२०७४) शीर्षकको शोधमा 'प्रेमदासको डायरी' उपन्यासको कथानकगत आधारमा सामान्य विश्लेषण, शोधपरिचय खण्डमा चर्चा गरेका छन् ।

मनोज खतिवडाले 'नयाँ पत्रिका दैनिक' (२०७५) मा लिएको अन्तवार्तामा कवि विरहीले नेपालका मार्क्सवादीहरूले मार्क्सवादी सौन्दर्यशास्त्र नै नबुझेको र औँलामा गन्न सकिने केहीले मात्र बुझेका होलान् भनेका छन् । जतिले आफूलाई प्रगतिशील र मार्क्सवादी भनेका छन् तिनले नारा लेखेका छन् भनी विचार व्यक्त गरेका छन् ।

सरोज दवाडीले 'प्रेमदासको डायरी' उपन्यासको सीमान्तीय अध्ययन' (२०७६) शीर्षकको शोधमा सीमान्तीय अध्ययन गरेका छन् । उनले उक्त शोधमा सीमान्तीयताका सन्दर्भमा लैङ्गिक, वर्गीय र जातीय प्रतिनिधित्वको पहिचान गरी सीमान्तीय समुदायमा आएको प्रतिरोध चेतना र तत्जन्य प्रतिरोधी कार्यव्यापारको अभिव्यक्ति अनि ज्ञान र शक्तिका सन्दर्भमा सीमित समुदायको अवस्थाको यथार्थ चित्रण गरेका छन् ।

उल्लेखित पूर्वकार्यहरूलाई हेर्दा 'प्रेमदासको डायरी' उपन्यासलाई विभिन्न व्यक्तिहरूले विभिन्न रूपमा अध्ययन विश्लेषण गरेका छन् । केही पूर्वकार्यहरू जीवनी, व्यक्तित्व, कृतित्वसँग सम्बन्धित छन् भने केही कृतिपरक अध्ययन त केही सीमान्तीय अध्ययनमा पनि लागेका छन् । यसबाट प्रगतिवादसँग सम्बन्धित केही सामग्री पाइए पनि पर्याप्त भने छैनन् ।

उपर्युक्त अध्ययनहरूलाई हेर्दा प्रगतिवादसँग सम्बन्धित सैद्धान्तिक सामग्री केही भेटिए पनि 'प्रेमदासको डायरी' उपन्यासलाई नै प्रमुख आधार बनाएर प्रगतिवादी अध्ययन गरिएको पाइँदैन । जे-जति अध्ययन भएका छन् ती सामग्री पनि त्यति सबल र पर्याप्त छैनन् । प्रस्तुत शोधपत्रमा यही अभावको पूर्ति गर्ने उद्देश्य राखिएको छ ।

## १.६ अनुसन्धानको औचित्य, महत्त्व र उपयोगिता

कविता विधाको माध्यमबाट नेपाली सहित्यमा प्रवेश गरेका साहित्यकार रेशम विरही कवि, निबन्धकार तथा आख्यानकार व्यक्तित्व हुन् । उनको बारेमा जीवनी, व्यक्तित्व, कृतित्वसम्बन्धी अध्ययन भएको छ । उनका कृतिहरूको कृतिपरक अध्ययनसमेत भैसकेको छ । उनको वि.सं. २०७३ मा प्रकाशित पहिलो उपन्यास 'प्रेमदासको डायरी' सम्बन्धमा धेरैले विचार अभिव्यक्त पनि गरेका छन् । वि.सं. २०७६ मा यसको सीमान्तीयता अध्ययनसँग रहेर शोधपत्र तयार भए पनि यस उपन्यासको प्रगतिवादी कोणबाट भने अनुसन्धान भएको देखिँदैन, त्यसैले यो शोधकार्य औचित्यपूर्ण देखिन्छ । यस कृतिको थप अनुसन्धान गर्न चाहने जिज्ञासु, पाठक, समालोचक एवम् अनुसन्धाताहरूको निम्ति पनि यो शोध कार्य मार्गनिर्देशक बन्न सक्दछ । यस अतिरिक्त यस शोधकार्यले प्रगतिवादसँग सम्बन्धित रहेर अध्ययन गर्न पनि महत्त्वपूर्ण योगदान दिन सक्नेछ । 'प्रेमदासको डायरी' उपन्यास रेशम विरहीको पहिलो उपन्यास भएकाले उनलाई कवि र निबन्धकारको रूपमा जानकार पाठकहरूलाई उपन्यासकार तथा प्रगतिवादी तथा प्रगतिशील सहित्यकारको रूपमा ज्ञान दिलाउन पनि यो शोध उपयोगी हुनेछ ।

## १.७ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य रेशम विरहीको 'प्रेमदासको डायरी' उपन्यासको प्रगतिवादको अध्ययनमा मात्र सीमित रहेको छ । यस शोधकार्यमा प्रगतिवादको सैद्धान्तिक परिचय दिई 'प्रेमदासको डायरी' उपन्यासमा प्रयोग भएको प्रगतिवादी अभिलक्षण, दृष्टिकोण, प्रगतिवादी चेतना र विभिन्न कोणबाट प्रगतिवाद र द्वन्द्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु र अन्य विषयवस्तुको बारेमा अध्ययन नगर्नु यस शोधकार्यको सीमा हो ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा गरिएको सामग्री सङ्कलन र अपनाइएको शोधविधि यसप्रकार रहेको छ :

### १.८.१ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र साहित्यिक अध्ययन भएकाले यसमा आवश्यक पर्ने सामग्रीका निम्ति पुस्तकालीय विधि उपयोग गरिएको छ भने शोधकार्यका निम्ति प्राथमिक स्रोतको रूपमा सम्बद्ध उपन्यास 'प्रेमदासको डायरी'लाई लिइएको छ । द्वितीयक स्रोतको रूपमा अनुसन्धेय विषयसँग सम्बन्धित विभिन्न पुस्तकहरू, साहित्यिक पत्र-पत्रिकाहरू, अनुसन्धनात्मक लेख-रचनाहरू तथा विभिन्न विद्युतीय माध्यममा प्रकाशित रचनाहरू पनि उपयोग गरिएका छन् । अनुसन्धेय कृतिका कृतिकारसँग कुराकानीका साथै आवश्यकताअनुसार विभिन्न विद्वान्हरूसँग पनि सम्पर्क गरी सामग्री सङ्कलन गरिएको छ । प्रगतिवादसँग सम्बन्धित रहेर लेखिएका विभिन्न समालोचनाहरू सामग्रीका रूपमा रहेका छन् ।

### १.८.२ सामग्री विश्लेषण विधि तथा अध्ययन ढाँचा

प्रस्तुत शोधमा निर्धारण गरिएका समस्याको प्राज्ञिक समाधानका लागि समालोचना सिद्धान्तअनुसार प्रगतिवादी समालोचनाको स्थापनालाई प्रमुख आधार मानिएको छ । यसमा सङ्कलित सामग्रीहरूलाई प्रगतिवादी समालोचना सिद्धान्तकै आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । यस सन्दर्भमा प्रस्तुत शोधका शोध्य प्रश्नको समाधान ढाँचा निम्नानुसार रहेको छ :

(क) समस्याकथन (क) मा उल्लेख गरिएको 'प्रेमदासको डायरी' उपन्यासमा कथानक, पात्र र परिवेशमा प्रगतिवादी दृष्टिकोण कसरी प्रस्तुत गरिएको छ ? भन्ने जिज्ञासासँग सम्बद्ध सामग्रीका निम्ति मार्क्सवादी सौन्दर्यशास्त्रका आधारमा प्रगतिवादी दृष्टिकोणबाट विश्लेषण गर्न खोजिएको छ । राजनैतिक प्रगतिचेतना र नेपाली राजनीतिमा आएको परिवर्तनको अध्ययन-विश्लेषण गर्न खोजिएको छ । जसअन्तर्गत कथावस्तु, उपन्यासमा प्रयुक्त पात्र, परिवेश आदिलाई प्रगतिवादको सैद्धान्तिक विधिअनुरूप विश्लेषण गरी समस्याको समाधान गर्न खोजिएको छ ।

(ख) समस्याकथन (ख) मा उल्लेख गरिएको 'प्रेमदासको डायरी' उपन्यासमा देखिएको प्रगतिवादी अभिलक्षण पहिल्याउनु, भन्ने जिज्ञासासँग सम्बद्ध सामग्री विश्लेषणका निम्ति प्रगतिवादका मूलभूत मान्यता, शोषक-सामन्तको पहिचान र विरोध, मानवतावादप्रति आस्था, साम्राज्यवाद र पूँजीवादको विरोध, शोषणको विरोध गर्दै समानताप्रति जोड, धर्म र ईश्वरप्रति अनास्था तथा रूढिवादको विरोध, नारीवादी विचार र महिला शोषणको विरोध, परिवर्तनकारी शक्तिप्रतिको विश्वास आदिको बारेमा विश्लेषण गरी समस्याको समाधान गर्न खोजिएको छ ।

(ग) समस्याकथन (ग) मा उल्लेख गरिएको 'प्रेमदासको डायरी' उपन्यासमा प्रयोग भएको द्वन्द्व पत्ता लगाउनु, भन्ने जिज्ञासासँग सम्बद्ध सामग्री विश्लेषणका निम्ति वर्गीय, राजनैतिक, लैङ्गिक द्वन्द्वले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा समेत परेको प्रभावलाई अध्ययन गरिएको छ । जसलाई मार्क्सको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तअनुरूप विश्लेषण गर्न खोजिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित एवम् सुगठित ढाँचामा बाँधेर यसलाई परस्पर शृङ्खलित र सुव्यवस्थित बनाउनका लागि छ परिच्छेदमा विभाजन गरी आवश्यकतानुसार तिनीहरूलाई पनि विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधकार्यको सामान्य ढाँचा निम्नानुसार रहेको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : साहित्यको प्रगतिवादी अध्ययनको सैद्धान्तिक ढाँचा

परिच्छेद तीन : 'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवाद

परिच्छेद चार : प्रगतिवादी अभिलक्षणका आधारमा 'प्रेमदासको डायरी' उपन्यास

परिच्छेद पाँच : 'प्रेमदासको डायरी' उपन्यासमा द्वन्द्व

परिच्छेद छ : सारांश तथा निष्कर्ष

सन्दर्भ ग्रन्थसूची

# परिच्छेद दुई

# साहित्यको प्रगतिवादी अध्ययनको सैद्धान्तिक ढाँचा

## २.१ प्रगतिवादको सैद्धान्तिक परिचय र परिभाषा

'गम्' धातुमा 'ति' प्रत्यय लागेर बनेको 'गति' शब्दमा 'प्र' उपसर्ग लागेर 'प्रगति' शब्द व्युत्पत्ति भएको हो । 'प्रगति' शब्दको अर्थ राम्रोसँग अघि बढ्नु भन्ने हुन्छ । 'नेपाली बृहत् शब्दकोश' मा 'वाद' शब्दको अर्थ तत्त्वदर्शीहरूले निश्चित गरेको कुनै विशिष्ट कुराको मत वा सिद्धान्त भन्ने हुन्छ । 'प्रगति' र 'वाद' शब्दबाट बनेको 'प्रगतिवाद' लाई 'नेपाली बृहत् शब्दकोश' ले साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई बढी महत्त्व दिने, मार्क्सवादबाट प्रभावित साहित्य सिद्धान्त, यर्थाथवादको प्रकृतवादी शाखादेखि भिन्न अर्को समानान्तर शाखा भनी परिभाषित गरेको छ । प्रगतिवादी साहित्यले समाजमा विद्यमान कुरीति अन्याय, अत्याचार, शोषण र दमनको विरोध गर्दै सामन्तवादी संस्कृति अन्त्य गर्ने कार्यमा जोड दिन्छ । युगानुकूल प्रगतिवादलाई विभिन्न रूपमा देख्न सक्छौँ । आदिम युगका मानिसका निम्ति एकपेट खान पाउनु प्रगतिवाद थियो, राणा शासनमा शिक्षाप्राप्त गर्नु, पञ्चायत हुँदै गणतन्त्रसम्म आइपुग्दा समाजवादी र साम्यवादी सिद्धान्तलाई नै प्रगतिवाद मानिएको पाइन्छ । यसरी राजनैतिक क्षेत्रमा समाजवाद, दर्शनमा मार्क्सवादी वा साम्यवादी दृष्टिकोणअनुसार निर्मित साहित्यको धार नै प्रगतिवाद हो ।

प्रगतिवाद एक दर्शन हो । यसको विकासक्रमलाई हेर्दा यो व्यावहारिकवाद, प्रयोजनवाद, प्रयोगवाद, उपकरणवाद, पुनःसंरचना हुँदै प्रगतिवाद भएको पाइन्छ । यो अङ्ग्रेजी भाषाको प्रोग्रेसिभिज्म शब्दबाट उदय भएको पाइन्छ । यसको दार्शनिक आधार निम्न छन्:

(क) सत्य सधैँ परिवर्तनशील रहने

(ख) सत्य मानव निर्मित हुने

(ग) उपयोगिताको सिद्धान्तको प्रयोग

(घ) सामाजिक तथा प्रजातान्त्रिक दृष्टिकोणमा जोड ।

(जोशी. २०५४ : पृ. १)

प्रगतिवादी साहित्यमा मानव चरित्रका उज्याला पक्षको मात्र नभएर अँध्यारा पक्षको चित्रणमा समेत वास्तविक यथार्थको कलात्मक अनुभूति पाइन्छ । मानव हृदयको अन्तरालभित्र अवस्थित सहज प्रवृत्तिलाई निष्ठापूर्वक अभिव्यक्त गर्ने लेखक तथा कविहरू नै मानवीय चेतनाका उच्चस्तरीय प्रतिनिधि मानिन्छन् । यस्तो यर्थाथतामा आधारित प्रत्यक्ष जीवन र जगत्सँग सम्बन्ध राख्ने कलाकृति नै प्रगतिवादी काव्यकला हो (बराल. २०५२. पृ. ५०१) ।

प्रकृति र सामाजिक जीवनको व्याख्या र विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । यसकारण मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनबाट अनुप्रणित साहित्य सिद्धान्त नै प्रगतिवादी साहित्य सिद्धान्त हो (गौतम. २०४९. पृ. ४९) । साहित्य एवम् कला विचारधारकै एक रूप हो । कला, साहित्य समाजको आर्थिक तथा भौतिक जीवनबाट उत्पन्न हुने र यसैमा आधारित हुने गर्छ (मार्क्स, एङ्गेल्स. सन् १९५६. पृ. ४०) । निरङ्कुशता, शोषण, दमन र उत्पीडन विरुद्ध अर्थात् नौलो जनवादी क्रान्तिको पक्षमा मार्क्सवादी सौन्दर्यशास्त्रमा आधारित, वैचारिक कलात्मक तथा सैद्धान्तिक विचारलाई प्रत्येक लेखक तथा कलाकारका कलमले समुद्घाटित गर्नुपर्छ, त्यही नै प्रगतिशीलता हो भन्ने विचार प्रगतिशील लेखक सङ्घ (प्र.ले.स.) को प्रथम अधिवेशनको उद्घाटनको क्रममा कवि युद्धप्रसाद मिश्रले व्यक्त गरेका छन् ।

प्रगतिवादी साहित्य मार्क्सवादी विश्वदृष्टिकोणमा आधारित शाश्वत सत्य र जनजीवनको यथार्थतासँग जोडिएको हुन्छ (कड्वेल. सन् १९९०. पृ. १७) । प्रगतिवादी साहित्यले एउटा वर्गको पक्ष लिने र अर्को वर्गका विरुद्ध विद्रोह गर्ने मात्र होइन, त्यसले त नवीन समाज सिर्जनाको निम्ति सहयोग पनि गर्दछ । युग निर्माणका असङ्ख्य श्रमजीवी तथा शोषित उत्पीडित जनताको न्यायिक सङ्घर्ष र उनीहरूको सुनौलो भविष्यलाई निर्देशित गर्दछ । सर्वहारावर्गीय दृष्टिकोण अँगाल्नु, सामूहिक उन्नतिमा विश्वास गर्नु, व्यक्तिगत स्वार्थको विरोध गर्नु, शोषकवर्गका विरुद्ध हुने सङ्घर्षको दृढतापूर्वक समर्थन गर्नु नै प्रगतिवाद हो ।

यसप्रकार प्रगतिवादी समालोचक तथा विभिन्न साहित्यकारहरूको भनाइलाई हेर्दा प्रगतिवाद भन्नाले मार्क्सवादी सौन्दर्यशास्त्रको आधारमा समाजलाई व्याख्या गर्दै समाजका श्रमिक, मजदुर, निमुखा तथा सर्वहाराको पक्षमा लेखिएको साहित्य हो भन्न सकिन्छ । यो कुनै अलौकिक कहानी र दिग्भ्रमित पार्ने कथावस्तु नभई समाजको यथार्थता बोल्ने हुनुपर्दछ ।

## २.२ प्रगतिवादी साहित्यको स्वरूप

प्रगतिवाद मार्क्सवादी दर्शनको साहित्यिक स्वरूप भएकाले यसमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादसम्मत वैचारिक मान्यतालाई प्रस्तुत गरिएको हुन्छ । प्रगतिवादी साहित्यमा वर्गसङ्घर्ष, निम्नवर्गीय श्रमिक पक्षधरता, शोषण विरुद्धको चेतना, उपेक्षित, उत्पीडितप्रतिको समभाव, द्वन्द्ववादी वैज्ञानिक दृष्टि, सङ्घर्षशीलता र आमूल परिवर्तनको आशावादी अभिव्यञ्जना देखापर्दछ । साहित्य र समाज तथा श्रम र साहित्यको अभिन्न सम्बन्ध धर्म, जात, लिङ्ग आदिमा हुन्छ । यिनै कुराहरूको अवैज्ञानिक मान्यताको विरोध, मानवतावाद र अन्तर्राष्ट्रियतावादी चेतना आदिलाई प्रगतिवादी साहित्यको रूप मानिन्छ । कला होस् वा साहित्यिक रचना तिनमा सौन्दर्यको शक्ति र वैचारिक सार हुनु आवश्यक छ (सिदोरोव. १९८७. पृ. १०-११) ।

एङ्गेल्सले लेखकको दृष्टिकोण जति बढी लुकेको हुन्छ, कलाकृतिका लागि त्यो त्यत्तिकै लाभदायक हुन्छ, भनेका छन् (मार्क्स-एङ्गेल्स. २०६३. पृ. ९५) । प्रगतिवादी साहित्यको विषय मुख्य गरी मानव जीवनको पद्धति हो । प्रगतिवादी साहित्यलाई समाजरूपी सिपीबाट उत्पन्न मोती भनिन्छ (कड्वेल. सन् १९९०. पृ. ११) । यो कुनै दैवीशक्तिबाट प्राप्त भएको आकाश कुसुम होइन वास्तविक धरतीमा मानिसका श्रम प्रकृयाकै उपलब्धि पनि हो (मिश्र. १९७३. पृ. १२४) । मानव समाज विभिन्न वर्ग, समूह र क्षेत्रमा असमान रूपले विभक्त छ । प्रगतिवादले श्रमलाई साहित्य सिर्जनाको केन्द्रीय विषय मान्दछ । संसारमा निर्माण भएको भौतिक विकासको श्रेय कुनै राजा महाराजालाई नदिई त्यसलाई निर्माण गर्ने श्रमिक वर्गलाई दिइन्छ । हाम्रो समाजमा रहेका निम्नवर्ग, उपेक्षित र अपहेलित जातजाति, दलित, सर्वहाराको जीवनलाई सकरात्मक रूपमा प्रस्तुत गर्ने काम प्रगतिवादी साहित्यले गरेको हुन्छ ।

प्रगतिवादी साहित्यले अलौकिक, पौराणिक विषयवस्तुलाई ग्रहण गरे पनि त्यसलाई साहित्यमा अभिव्यक्त गर्दा युगीन समय र समसामयिकतालाई जोड्न सक्नु पर्ने विचार व्यक्त गर्दछ । एउटै विषयवस्तुलाई पनि प्रगतिवादी र गैरप्रगतिवादी साहित्यकारले एकै किसिमले उठाएका हुँदैनन् । गैरप्रगतिवादी र प्रगतिवादी साहित्यकारहरूले हेर्ने जीवनदृष्टिमा आकाश पातालको भिन्नता हुने गर्दछ (चापागाईं. २०५४. पृ. ४०) ।

साहित्य लेखनमा प्रगतिवादी साहित्यलाई कतिपयले स्वच्छन्दतावादसँग नै तुलना गरेर हेर्ने गरेका छन् । प्रगतिवादमा स्वच्छन्दतावादको जस्तो अतिकल्पना र भावुकता नभई समाजको अन्तरङ्ग विषय तथा सर्वहाराप्रति सहानुभूति हुन्छ । श्रमजीवीवर्गले श्रम गरेर नै विकास निर्माण सम्पन्न भएको मानिन्छ । यसको श्रेय काम गर्न लगाउने कुनै सेठ, राजा, महाराजालाई होइन, दिनरात रगत पसिना बगाउने श्रमिक, मजदुरवर्गलाई दिइन्छ । प्रगतिवादले मानवअधिकार, नारीवादी स्वरको समर्थन, प्रतिगमनको तीव्र विरोध, सामाजिक, संस्कृतिक, धार्मिक क्षेत्रमा देखिएको विसङ्गति, विकृति र कुरीति आदिको विरोध गर्दछ । ती कुराहरूलाई सुधार गरेर अग्रगमनको बाटो देखाउनु पर्ने दृष्टिकोण प्रगतिवादले राख्दछ ।

प्रगतिवादी साहित्य मूल्याङ्कनका आफ्नै सौन्दर्यशास्त्रीय मापदण्डहरू छन् । यसले सुन्दरतालाई निरपेक्ष रूपमा होइन तर जीवनको उपयोगिताको दृष्टिले हेर्दछ । एउटा भरियाले तप्पतप्प पसिना चुहाउँदै गह्रौं मानेर बोकिरहेको भारीबाट मेरा भोकाएको केटाकेटीले अघाउन्जेल खाएर आनन्दित हुनेछन् भन्ने किसिमले सौन्दर्य देखेको हुन्छ । धनीमानी मानिसले विभिन्न परिधानले सजिएका विलासी वस्तु वा भावनामा मात्र सौन्दर्य देखेको हुन्छ । श्रममा सौन्दर्य देख्ने प्रगतिवादले आवेग प्रधान, उन्मादी, अवैज्ञानिक, अन्धमान्यतालाई तिरोहित गर्दै स्वस्थ, श्रममय र सङ्घर्षमय आशावादलाई रचनाको सारवस्तुको रूपमा प्रस्तुत गर्न चाहन्छ । प्रगतिवादी साहित्यमा कार्यको सकरात्मक परिणामको सङ्केत गरिएको हुन्छ । यस्तो सङ्केत सोझै प्रकट भएमा त्यसले सौन्दर्यात्मक मूल्य र महत्त्व प्रदान गर्न सम्भव रहन्न । यसलाई विषयभित्र उनिएको विचार एवम् भावका उपयुक्त, स्वभाविक एवम् प्रभावकारी बुनोटका साथ निष्कर्षमा पुऱ्याइएको हुन्छ । प्रगतिवादी सिर्जनामा निम्नवर्गीय पक्षधरताका निष्कर्ष त रहन्छन् तर मार्क्स र एङ्गेल्स दुवैले कृतिभित्र कुत्सित पक्षधरको भने कडा विरोध गर्दै एकलकाँटे नीति, प्रवचन, कलात्मक विधिका स्थानमा उपदेशवाजीजस्ता कुराको भने विरोध गरेको पाइन्छ (मार्क्स र एङ्गेल्स. २०६३. पृ. २३) ।

ससमसामयिक अवस्थामा प्रगतिवादी नेपाली साहित्य समग्र इतिहासको सापेक्षतामा हाल निकै समृद्ध रहेको छ । प्रगतिवादी क्षेत्रमा नाटक विधा अपेक्षकृत रूपमा विकास हुन सकेको भने देखिँदैन । उपन्यासमा पनि जुन रूपमा हुनुपर्ने थियो त्यो रूपमा भने हुन सकेको छैन । प्रगतिवादमा सबैभन्दा बढी कलम चलेको विधा भने कविता विधा हो । नेपाली साहित्यमा

कैयौँ साहित्यकारहरू यसमा लागेका छन् भने कैयौँ पत्रपत्रिकाहरूमा लेखरचना पनि निस्केका छन् । विभिन्न संघसंस्थाहरू प्रगतिवादको उत्थानमा लागिपरेका छन् तथापि प्रगतिवादले पाउनुपर्ने उचाइ भने पाउन सकेको देखिँदैन । प्रगतिवादसँग सम्बन्धित रहेर लेखिएका स्तरीय कृतिहरू कम मात्र छन् । प्रगतिवादी सिद्धान्तमा गहिरेर अध्ययन नगरी सतही रूपमा लेख्ने बानीले पनि यो समस्य निम्तिएको हो । प्रगतिवादमा कलम चलाउनेहरूले प्रगतिवादी चेतनाको विकास, अभ्यास, छलफल तथा प्राज्ञिक बहस चलाउनु पर्ने देखिन्छ । समयानुकूल लेखकहरू निरन्तर लेखनमा लाग्नै पर्ने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा साहित्य जनपक्षीय हुनुपर्छ, समाजका निम्नवर्गीय निमुखा, श्रमजीवी, सर्वहारा, मजदुर र किसानको पक्षमा हुनुपर्छ । साहित्य समाज सापेक्ष हुनुपर्छ । अन्याय, अत्याचार, शोषण, दमनको विरोध गर्दै साम्यवादी वर्गविहीन समाजको परिकल्पना साहित्यले गनुपर्छ भन्ने मान्यता प्रगतिवादले राखेको हुनुपर्छ । मार्क्सवादी विचारलाई आत्मसात् गर्दै भौतिकवादी मान्यतामा विश्वास राख्दछ । संसारको निर्माण गर्ने ईश्वर, पूँजीपतिवर्ग, राजा, महाराजा होइन यो निर्माण गर्ने मजदुर तथा श्रमजीवीवर्ग हो भन्दै श्रमजीवीहरूको पक्षमा रहेर लेखिने साहित्य नै प्रगतिवादी साहित्य हो ।

## २.३. प्रगतिवादी साहित्यमा विचारधाराको पक्ष

साहित्यिक रचनामा विचारधाराको स्वरूप सम्बन्धमा मतमतान्तर पाइन्छन् । समाज दर्शनको मार्क्सवादी मान्यतालाई साहित्यमा अभिव्यक्त गर्ने प्रगतिवादी साहित्यमा विचारको अभिव्यक्तिलाई ज्यादै महत्त्वका साथ हेरिन्छ । गैरप्रगतिवादी चिन्तकहरूले पनि विचार वा प्रयोजनविहीन साहित्य रचना हुन नसक्ने तथ्यलाई स्वीकार गरेका छन् । यस सन्दर्भमा पूर्वीय साहित्य चिन्तकहरूले धर्म, अर्थ, काम, मोक्षजस्ता चार पुरुषार्थका अतिरिक्त कीर्ति, व्यवहार, कुशलता, लोकप्रियता र रोगादिको नाश आदि विषयलाई साहित्यको प्रयोजन बताएका छन् ( थापा. २०४७. पृ. २०-२१) । पाश्चात्य साहित्यमा पनि लोकमङ्गल, आनन्दप्राप्ति, शिक्षा तथा नीति सापेक्ष आनन्दलाई साहित्यको उद्देश्य मानेको पाइन्छ (शर्मा. २०५५. पृ. ५८१) । साहित्यको उद्देश्य वा प्रयोजनसँग कुनै न कुनै विचारधाराको सन्दर्भ जोडिएको हुन्छ । गैरप्रगतिवादी साहित्यले कुनै गन्तव्यविना विशुद्ध मनोरोञ्जन प्रदान गर्दछ । यस्ता साहित्यमा

मानिसलाई आनन्द र रनभुल्ल पारेर सामाजिक सचेतता, उत्तरदायित्व र गतिशीलताबाट विमुख पार्ने परोक्ष उद्देश्य लुकेको हुन्छ । यस किसिमको साहित्यले यथास्थितिवादी विचार लुकाएर प्रस्तुत गरेको हुन्छ । यथास्थितिवादी विचार व्यक्त गर्ने स्रष्टाको उद्देश्य समाजलाई रमाइलो अनुभूति पस्कने होला तर उसको सृजनाले मानिसलाई अल्मल्याएर राखेको हुन्छ । प्रगतिवादी चिन्तकहरू भने साहित्यिक कृतिहरू यथार्थ जगत्लाई प्रतिबिम्बित गर्ने मात्र नभई मानव समाजलाई राम्ररी अवलोकन गर्ने, बुझ्ने र मानवीय आवश्यकता अनुकूल बदल्ने उपकरण मान्दछन् (भट्ट. २०५५. पृ. ५५) । यसप्रकारका अवधारणाले साहित्य सिर्जना उद्देश्यमूलक र वैचारिक कार्य हो भन्ने कुरा प्रस्तुत गर्दछ । साहित्यमा विचार प्रवेशको कुरो स्वीकृतजस्तै भए पनि त्यसमा साहित्यिक र वैचारिक स्थिति कस्तो हुने भन्ने कुरा ज्यादै महत्त्वपूर्ण र विवादस्पद पनि छ । प्रगतिवादी चिन्तकहरू साहित्यमा अन्तर्वस्तुको प्रमुख भूमिका रहने र अन्तर्वस्तुभित्र केन्द्रीय विचारको शीर्ष भूमिका रहने उल्लेख गर्दछन् (तिमल्सेना. २०६४. पृ. ९७) ।

लेनिनले जनसमुदायलाई आत्मिक रूपबाट सम्पन्न बनाउनु, उनीहरूको सांस्कृतिक स्तर उठाउनु र उनीहरूमा समाजवादी मानसिकता विकसित गर्नुलाई साहित्य भनेका छन् ( चापागाईं. २०५४. पृ. ७) । माओले पनि साहित्यमा विचारलाई मुख्य महत्त्व दिई त्यस अन्तर्गत साहित्य रहनुपर्ने मान्यता अघि सारेको पाइन्छ (माओत्सेतुङ. २०५७. पृ. ६३) । प्रगतिवादी चिन्तकका यी अभिमतले साहित्यमा विचार प्रवेशको अनिवार्यतालाई जोड दिएको पाइन्छ ।

प्रगतिवादी साहित्यमा विचारलाई महत्त्वपूर्ण स्थान दिइएको हुन्छ । प्रगतिवादी साहित्यका विचारमा पुराना एवम् पतनशील संस्कृति, रहनसहन, संस्कार आदि कुराको निषेध गरी जीवनशील बानी, व्यवहारलाई प्रोत्साहित गर्ने कुरालाई मुख्य मानिन्छ । यस क्रममा मार्क्सवादी विचारधारालाई सबैभन्दा बढी वैज्ञानिक मानिएको र धार्मिक विचारधारालाई सबैभन्दा अवैज्ञानिक मानिएको पाइन्छ (शर्मा. २०६५. पृ. ४९) । पुराना धार्मिक मान्यता र पारलौकिक विचारले मानिसलाई अहिलेको वास्तविक जीवनबाट टाढा पुऱ्याउँदछ । विद्यमान जीवनलाई समुन्नत बनाउन हावादारी कुरामा विश्वास गर्नुहुन्न भन्ने कुरालाई प्रगतिवादी साहित्यले महत्त्वका साथ प्रस्तुत गर्दछ । यसले समाजको विकासमा आर्थिक, भौतिक उत्पादनको मुख्य भूमिका रहने मानी त्यसका मूल उत्पादक शक्तिहरू श्रमिक र सर्वहारा भएकाले आफ्ना रचनामा तिनै शक्तिहरूलाई भविष्यका क्रान्तिकारी शक्तिका रूपमा चित्रित

गर्नुपर्ने मान्यता प्रस्तुत गर्दछ । यसले श्रमको शोषण गरिरहेको सामन्त, पूँजीपति वा विदेशी शक्तिहरूको अवसान हुन्छ र त्यसका लागि श्रमजीवीवर्गले सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना छर्ने गर्दछ । यसले मान्छेको महत्त्वलाई बढाउने, मानवलाई अझ मानवीय बनाउने कार्य गर्दछ । यसले व्यक्ति 'म'लाई सामाजिक 'हामी'मा मिलाई उसका व्यक्तिगत आशा र आकाङ्क्षालाई पनि प्रतिनिधि घटना, समस्या, चरित्र, परिस्थिति आदिका माध्यमबाट प्रकट गर्दछ । यसले निष्क्रिय र निराश जीवन व्यतीत गरिरहेका मानिसलाई भन्दा आफ्नो जीवनलाई अझ उन्नत, उज्ज्वल, सुन्दर र वैज्ञानिक बनाउन प्रयासरत मानिसको चित्रण गर्न चाहन्छ । आज मानवले दुनियाँ बदल्नुपरेको छ, पूँजीवादी अराजकतालाई खत्तम गर्नुपरेको छ भने त्यसका निम्ति सङ्घर्षशील चरित्रको मानव चाहिएको छ भन्ने यसको मान्यता रहेको छ (फक्स. सन् १९८०. पृ. ९४) ।

यसप्रकार हरेक किसिमका साहित्यमा आ-आफ्नै विचारधारा रहेको हुन्छ । प्रगतिवादी साहित्यले पनि आफ्नो विचारधारालाई निकै दरिलो रूपमा राखेको पाइन्छ । प्रगतिवादले समाजको यथार्थ चित्रण मात्र होइन यसले समाजलाई अग्रगामी परिवर्तनको दिशातर्फ अग्रसर गराउन मद्दत गर्दछ । गैरप्रगतिवादी लेखकहरूले साहित्यका विद्यमान सिद्धान्तमा अडिएर पाठकीय रुचिलाई पनि सँगसँगै हिँडाउनु पर्ने हुन्छ । यसबाट केही साहित्यिक कला र विचार भएको सिर्जना जन्मिएला नत्र कोरा उपदेश मात्र हुन सक्छ । यस कार्यमा प्रगतिवादीहरू सदा सजग रहन्छन् । प्रगतिवादी साहित्यले समाजको श्रमजीवी, सर्वहारा, किसान, मजदुर, निमुखा, शोषित र दमितको आवाज उठाउँछ । यसले समाजको अग्रगामी परिवर्तनलाई आत्मसात् गरेको हुन्छ । यथास्थितिवादले समाजको उन्नति हुन सक्दैन भन्ने विचार प्रगतिवादमा पाइन्छ (उपाध्याय. २०७२) ।

## २.४ प्रगतिवादी साहित्य र बुर्जुवा साहित्यमा समानता र भिन्नता

विश्वमा अनेक किसिमका वाद तथा विचारहरू जन्मिएका छन् । मानिसहरूले ती वाद वा विचारलाई कुनै न कुनै रूपमा ग्रहण गरिरहेकै हुन्छन् । यिनै वाद वा विचारको प्रभाव मानव समाजमा हुने कारण यसैबाट साहित्यको रचना हुन्छ । साहित्य समाजको लिखित रूप हो त्यसकारण साहित्यमा कुनै न कुनै वादको प्रभाव परेको हुन्छ । विश्वका सहित्यलाई

अध्यात्मवादी र भौतिकवादी चिन्तनले डोऱ्याएको हुन्छ । हरेक दर्शन, वाद, प्रणालीलाई यी दुई चिन्तनले प्रतिनिधित्व गरेका हुन्छन् ।

अध्यात्मवादले मृत्युपछिको जीवनलाई पहिलो प्राथमिकता दिई सम्पूर्ण सहित्यिक मान्यता त्यसैमा केन्द्रित गरेको हुन्छ । राजा, महाराजा, सामन्तहरू आफ्नो प्रशंसामा फूलबुट्टा भर्न लगाएर लेखक, कविहरूलाई आफ्नो पक्षमा प्रशंसा गर्न केन्द्रित गराउँदछन् । विगतका कतिपय लेखहरू यसका उदाहरण हुन् । अध्यात्मवादमा विश्वास राख्नेहरूले राजा, महाराजाको प्रशंसा गरिरहेका हुन्छन् । ईश्वरभक्तिका नाममा अनेक प्रकारका नीति-नियम बनाई अन्धविश्वासमा फसाउँदछन् । अनाथ, अशक्तजस्ता मानिसहरूलाई अमानवीय प्रवृत्ति देखाउँछन् र मानवलाई पशुभन्दा तल्लो तहमा राख्दछन् । यस्तो साहित्यले निम्नवर्गलाई सदा उपेक्षा गरिरहेको हुन्छ । यही उपेक्षित जाति समुदायको संसार सिर्जनामा ठूलो हात छ । श्रम, सीपप्रति घृणाभाव, कामदारप्रति उपेक्षा, अमानवीय र अवस्तुवादी चिन्तनलाई फुलाउने कार्य बुर्जुवा साहित्यले गरेको हुन्छ । बुर्जुवा साहित्यकारहरूले कला, सिर्जनालगायत विभिन्न बहानामा पुरानो वा यथास्थितिवादलाई बढवा दिने काम गरिरहेका हुन्छन् । यौन प्रकृतिको देन हो तथापि बुर्जुवा साहित्य कला यसकै केन्द्रमा घुमिरहेको हुन्छ । यसमा अग्रगामी सोच र सामाजिक परिवर्तनको स्वर पाइँदैन । मानिसमा भ्रम सिर्जना गरी झुठको खेती गरिरहेका हुन्छन् । यसले असामाजिक चिन्तनलाई पनि यथार्थको भ्रम दिएर सत्यलाई ढाकछोप गर्ने कार्य गर्दछ । यो विचार मानव मस्तिष्कको भड्काउ मात्र हो ।

प्रगतिवादी चिन्तन र साहित्य कोलजस्तै एउटा ठाउँमा घुमिरहन्छन् । त्यसको गति फराकिलो हुन्छ । मानव जातिको चिन्तन र विकासमा भौतिकवादले गरेको प्रगतिलाई त्यसले स्वीकार गर्दछ । पक्षपातपूर्ण वितरण प्रणालीको अन्त्यका लागि निरन्तर सङ्घर्ष गर्छ, मानव संसार भेदभावरहित एकै प्रकारको हुनुपर्छ, स्वर्ग र नरकका कथित कल्पनाहरूको अन्त्य हुनुपर्दछ, मानिसलाई थुनछेक गर्ने प्रत्येक पर्खालहरू भत्किनुपर्दछ, राष्ट्रलाई टुक्र्याएर इलाकीय राजा-रजौटा बन्ने धारणाको अन्त्य हुनुपर्छ र साहित्य जीवनमुखी हुनुपर्छ । जीवनमुखी भनेकै सर्वहारावर्गीय साहित्य हो । संसार सिर्जना सर्वहारावर्गबाट भएको हो । यिनै सर्वहारा, श्रमिकहरूको पसिनाबाट मानव जातिको सुख-सुविधा उत्पन्न भएको हो । बुर्जुवाहरू यस्तो यथार्थ स्वीकार्न नसकेर प्रगतिवादीहरूलाई नारावादी लेखक भन्दछन् (आचार्य. २०१९) ।

निष्कर्षमा भन्नु पर्दा राजा, महाराजाको प्रशंसामा केन्द्रित रहेको साहित्यलाई जनमुखी भन्नु, विज्ञानका उपलब्धिहरूलाई निरर्थक ठान्दै खरानी फुकेर क्यान्सर निको पार्‍यौं भन्नु भ्रम मात्र हो । तसर्थ बुर्जुवा साहित्यकारहरू प्रगतिवादी नारामा देखिने चम्किलो तारा देखेर अत्तालिँदै नचाहिँदा भ्रम फैलाउँछन् । प्रगतिवादी साहित्यमा तागत हुन्छ, जसले संशोधनवादी र बुर्जुवाहरूको नक्कली कलाकृतिको पर्दाफास गर्दै वैचारिक जीवनयात्रामा निरन्तररूपमा अघि बढ्दछ । प्रगतिवादी साहित्य सुन्दर सिर्जना हो, मानवप्रतिको उच्च सम्मान हो, प्रकृतिको संरक्षण हो, द्वन्द्वमय संसार हो, वर्गरहित समाजको सिर्जना हो, मानव र जीवनमुखी उच्च प्रकारको जीवन विचार हो । प्रगतिवादीहरूको कला श्रमिकहरूका पसिनाबाट उत्पन्न भएको रस हो ।

## २.५ प्रगतिवादी साहित्यको मूलभूत मान्यता

प्रगतिवादी साहित्य मार्क्सवादी दर्शनबाट प्रभावित रहेको हुन्छ । प्रगतिवादले मार्क्सवादी सौन्दर्यशास्त्रको दृष्टिकोणबाट जीवन र जगत्लाई नियाल्दछ । सामन्तवादी संस्कारको विरोध गरी शोषण, उत्पीडनमा परेका श्रमजीवी, मजदुर, कृषक तथा सर्वहारावर्गको पक्षमा लेख्नु प्रगतिवादी साहित्यको विशेषता हो । प्रगतिवादले मानव र मानवताप्रति आस्था राख्छ तर धर्म र ईश्वरप्रति अनास्था राख्दै सम्पूर्ण सृष्टिको निर्माणकर्ता मानव रहेको विश्वास गर्दछ । शोषणप्रतिको विरोध गर्दै समानता र समताप्रति विश्वास राख्दछ । सौन्दर्यप्रति यसले नवीन दृष्टिकोण प्रस्तुत गर्दछ । आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिकजस्ता क्षेत्रमा हुँदै र गरिँदै आएका शोषण, दमन, उत्पीडन तथा अन्याय र अत्याचार आदिको विरोध गर्दछ ।

प्रगतिवादी साहित्यले मानवता, विश्वबन्धुत्वको भावना राख्दै सबैमा समभाव राख्दछ । यसले समाजमा देखिएको सामन्तवादी प्रवृत्ति, साम्राज्यवादको विरोध तथा अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनलाई आफ्नो विषयवस्तु बनाएर विश्वका भोका-नाङ्गा, सर्वहारा, श्रमिक र मजदुरवर्गको पक्षमा आस्था तथा सहानुभूति प्रकट गर्दछ । यिनै विषयवस्तुलाई आधार मानेर हेर्दा प्रगतिवादका मूलभूत मान्यतालाई निम्नानुसार चर्चा गरिन्छ :

### (क) शोषक, सामन्तको पहिचान र तिनको विरोध

प्रगतिवादी सहित्यले मुख्य गरी शोषण, दमनमा परेकाहरूको आवाजलाई बाहिर ल्याउन सहयोग पुर्‍याउँछ । समाजमा जहिले पनि सामन्तवर्गले सर्वहारावर्गप्रति

बर्बरतापूर्ण दमन गरिरहेको हुन्छ । साहित्य कोराकल्पना, भावुकता र खोक्रो आदर्शमा होइन तर आवाजविहीनहरूको आवाज बन्नुपर्छ भन्ने मान्यता राख्छ । यसले शोषक र सामन्तलाई पहिचान गरेर तिनलाई जनताको सामु उभ्याउँछ । समाजलाई अग्रगमनमा जानबाट रोक्ने मुख्य तत्त्व नै सामन्तवादी सोच हो त्यस्ता सामन्तवादी सोचले सर्वहारावर्गको सपनालाई कुल्चिएको हुन्छ । सामन्तको विरोध गर्दै मजदुर, श्रमिक तथा सर्वहाराले सुखको सास फेर्न पाउनुपर्छ भन्ने विचार प्रगतिवादी साहित्यमा उल्लेख गरिएको हुन्छ ।

### (ख) मानवतावादप्रतिको आस्था

प्रगतिवादले मानव र मानवतावादी दृष्टिकोण राख्दछ । मानवलाई मानवीय दृष्टिले हेर्नुपर्छ भन्दै विभिन्न दलन, उत्पीडनबाट मानवले छुटकारा पाउनुपर्ने विचार राखेको हुन्छ । समाजमा प्रत्यक्ष देखिने छुवाछुत, बोक्सीप्रथा, मानवलाई दास बनाउने, बाँधा, कमैया, हली राख्ने तथा दुःखी-गरिबप्रति गरिने अमानवीय व्यवहारलाई यसले खुलेर विरोध गर्दै मानवताको पक्षमा वकालत गर्ने कार्य गर्दछ । जबसम्म मानवलाई मानवीय मूल्य प्रदान गरिँदैन तबसम्म विश्वमा वर्गीय असमानता कायम रहने विश्वास राख्दै मानवतावादको पक्षमा अभिमत प्रकट गर्दछ । मान्छेले मान्छेलाई गर्ने अन्याय, अत्याचार तथा थिचोमिचोजस्ता अमानवीय कार्य गर्नुहुँदैन भन्ने मानवतावादी विश्वदृष्टिकोण प्रगतिवादी साहित्यले राखेको पाइन्छ ।

### (ग) साम्राज्यवाद र पूँजीवादको तीव्र विरोध

प्रगतिवादले पूँजीवादको उन्नत रूप साम्राज्यवादलाई बहुसङ्ख्यक मानवको निम्ति एउटा त्रासदीय व्यवस्था भनी स्वीकार गरेको छ । आफ्नो निहित स्वार्थ पूर्ति गर्न विश्वलाई आर्थिक रूपमा पराधीन बनाउने कार्य दलाल पूँजीपतिवर्गले गरेको पाइन्छ । जसले गर्दा श्रमिकवर्गले श्रमको उचित मूल्य पाउन सकेको छैन त्यसैले पूँजीवादलाई सर्वहारावर्गको वर्गशत्रुको रूपमा चिनिन्छ । मान्छे मान्छेबीचको सामूहिक उन्नति र प्रगतिको बाधक बनेको पूँजीवादले पूँजीपतिवर्गको मात्र पक्षपोषण गर्दछ । समाजमा मानव सम्बन्धमा समेत बाधा ल्याउने काम गरेको हुन्छ । सामाजिक स्वार्थ नभई

व्यक्तिवादी सोचलाई प्रश्रय दिने हुँदा गरिब, सर्वहारावर्ग उत्पीडनमा पर्दछन् । व्यक्तिवादी हित र स्वार्थलाई पक्षपोषण गर्ने साम्राज्यवादी, विस्तारवादी धारणाको तीव्र विरोध गरी साम्यवादी समाज निर्माणको निम्ति यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

### (घ) शोषणको विरोध गर्दै समानताप्रति जोड

प्रगतिवादले समाजमा विद्यमान सामन्तवादी पूँजीवादी व्यवस्थाले सिर्जना गरेको असमानता, शोषण उत्पीडन, वर्ग व्यवस्था तथा जातीय छुवाछुतको विरोध गर्दै समतामूलक समाजको निर्माणको परिकल्पना गर्दछ । पूँजीपतिवर्गले जहिले पनि सर्वहारा, श्रमजीवीवर्गलाई शोषण गरिरहेकै हुन्छन् । यस्तो सामन्ती व्यवस्था युगौँदेखि चलिआएको छ । सामन्ती व्यवस्थाले निम्त्याएको यो असमान व्यवहारको अन्त्य गरी सबै समान हुनुपर्ने विचार प्रगतिवादले प्रस्तुत गरेको छ । आदिम साम्यवादी समाजमा मानिसहरू भेदभावबिना झुण्ड-झुण्डमा रहन्थे । सबै वस्तु साझा हुन्थ्यो, यो काल अत्यन्त सुखमय र स्वार्थरहित थियो । जब दासयुग सुरु भयो तब मानिसमा लोभ भरिन लाग्यो । आफू शक्तिमा पुग्न मालिकहरूले मजदुर, दास, श्रमिकहरूलाई क्रूर दमन गर्न थाले । वर्तमानसम्म आइपुग्दा यसले चरम रूप लियो । किसान तथा मजदुरहरूलाई शोषकहरूले तीव्र शोषण गर्न थाले । यस्तो अवस्थाले समाजमा द्वन्द्व सिर्जना गर्‍यो । मानिसहरूमा अन्याय, अत्याचार र शोषणको विरोध गर्ने लहर चल्यो । अल्पसङ्ख्यक पूँजीपतिवर्गले बहुसङ्ख्यक दु:खी, गरिब, भोका, नाङ्गा, मजदुर, किसान, ज्यामी, खेताला, गोठाला आदिलाई अत्यन्त पीडा दिने कार्य गरे । यसैको विरोध स्वरूप नवीन चेतना फैलाउने काम प्रगतिवादीहरूले गरे । प्रगतिवाद श्रमजीवीवर्गप्रति सदा समर्पित छ । यसरी प्रगतिवादले समाजमा विद्यमान वर्ग, वर्गसङ्घर्षको चित्रण गर्दै समाजमा समतामूलक सामाजिक सुव्यवस्था कायम गर्ने प्रयत्न गर्न चाहेको देखिन्छ ।

### (ङ) धर्म र ईश्वरप्रति अनास्था तथा रूढिवादको विरोध

प्रगतिवादले सामन्तवादी सामाजिक संरचनाले सिर्जना गरेको धार्मिक अन्धवाद, आडम्बरपूर्ण धार्मिकता तथा रूढिवादमा विश्वास गर्दैन । धर्मका नाममा देखिएको

विकृतिलाई यसले विरोध गर्दछ । धर्मका नाममा गरिने मान्छे-मान्छेबीचको भेदभाव, छुवाछुत, सतीप्रथा, बोक्सीप्रथा, दासप्रथा, बालविवाह, कुमारीप्रथा, विधवाप्रथा, टुनामुना, जादु, तन्त्रमन्त्र आदि कुराहरू सामन्तहरूले आफ्नै वर्गहितको लागि सिर्जना गरेका हुँदा यस्ता अवैज्ञानिक प्रथाहरूलाई प्रगतिवादले पूर्ण विरोध गर्दछ । प्रगतिवादले प्रगतिशील, पूर्णवैज्ञानिक र नवीन जनवादको सभ्यता र संस्कृतिको स्थापना गर्न चाहन्छ । मानवलाई स्वर्ग र नरकको डर देखाएर शोषण गर्ने भाग्यवादलाई प्रश्रय दिने परिपाटीको पूर्णरूपमा अन्त्य गर्न चाहन्छ ।

आज विश्वमा हरेक धर्मले आफ्नो धर्म र आफूमात्र ठूलो भन्ने आडम्बर देखाउँदै विश्वलाई नै दिग्भ्रमित पार्ने कार्य गरिरहेको छ । धार्मिक अन्धवादले मानव-मानवबीचमा विखण्डन ल्याउने कार्य गरेको छ । धर्मका कारण कैयौँ युद्धहरू पनि लडिएका छन् । अझै पनि कतिपय मुलुकहरूमा धर्मकै कारण गृहयुद्ध चलिरहेको छ । पूँजीवादी सामन्तहरू संस्कृतिको रक्षा गर्न कम्मर कसेर लागेका हुन्छन् भने प्रगतिवादीहरू अवैज्ञानिकताको विरोध गर्दै वैज्ञानिक तथा सुसंस्कृत नवीन जनवादी संस्कृति स्थापनार्थ सङ्घर्षशील रहेका देखिन्छन् ।

### (च) नारीवादी विचार र महिला शोषणको विरोध

प्रगतिवादी साहित्यले नारीवादी स्वरलाई प्राथमिकताका साथ उठाएको पाइन्छ । सामन्तवादी समाज र पूँजीपतिवर्गले नारीलाई केवल भोग्याको रूपमा मात्र लिएको पाइन्छ । नारीलाई विभिन्न बहानामा सताउने, देउकी, छाउपडी तथा बोक्सी प्रथाका नाममा चरम शोषण गर्ने परिपाटीले नारीको अपमान गरेको छ । सामाजिक संस्कार, रीति आदिले नारीलाई बन्धनमा पारेको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनाले नारी र पुरुषबीच व्यापक भेदभाव देखिएको छ । पुरुषप्रधान समाजले नारी अस्मिताको खिल्ली नै उडाएको देखिन्छ । नारीलाई घररूपी झ्यालखानामा थुन्ने, दासको व्यवहार गर्ने, समाजको कुनै पनि विकास निर्माणलगायत क्षेत्रमा नारी सहभागी नगराउनेजस्ता नारी विरोधी कार्यलाई प्रगतिवादले विरोध गर्दछ । पूँजीवादी शासनसत्ता भएको अविकसित तथा अल्पविकसित मुलुकहरूमा नारीलाई विभिन्न बहानामा पीडा दिइने कार्य गरेको पाइन्छ ।

नारीवर्गलाई उत्थान गर्नुपर्ने, उनीहरूलाई अधिकार सम्पन्न गराउने, हरेक प्रकारका शोषण उत्पीडनबाट मुक्त गराउने कार्य प्रगतिवादले गर्दछ । कतिपय मुलुकमा नारी घुम्टोभित्र छोपिनुपर्ने, पुरुषको दमन र दलनमा रहनु पर्नेजस्ता कुराको विरोध गर्दै महिलाहरू सङ्गठित भएर यसको विरुद्धमा लाग्नुपर्ने चेतनास्तर जगाउने काम प्रगतिवादले गर्दछ । नारीले स्वतन्त्रता प्राप्त गर्न सकेन भने प्रगतिशील समाजको निर्माण र रूपान्तरणको परिकल्पना हुन नसक्ने प्रगतिवादी साहित्यको विचार हो । त्यसकारण प्रगतिवादी साहित्यले नारी अधिकार र नारी सशक्तिकरणलाई जोड दिन्छ । समाजमा नारीहरूले स्वतन्त्रता पाउनुपर्ने, हरेक उत्पीडनबाट मुक्ति पाउनुपर्ने शङ्खघोष प्रगतिवादी साहित्यले गरेको पाइन्छ । विश्वका हरेक नारीहरू स्वतन्त्र हुनुपर्छ, आफ्नो अधिकारको लागि सङ्घर्ष गर्नुपर्छ र पूँजीवादी दलाल सामन्तवादको अन्त्य गरिनुपर्छ भन्ने मान्दछ ।

### (छ) परिवर्तनकारी शक्तिप्रतिको विश्वास

प्रगतिवादले मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणलाई आत्मसात् गरी सोही दर्शनको आधारमा समाजमा रहेका अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन र वर्गीय विभेद आदिका विरुद्धमा विचार राख्दछ । मानिसले मानिसलाई गर्ने शोषण र अन्यायको अन्त्य गरेर सर्वहारावर्गीय क्रान्तिबाट उत्पन्न शक्तिद्वारा राज्य शासन प्रणाली सञ्चालित भए मात्र सर्वहारावर्गको मुक्ति सम्भव हुन्छ भन्ने धारणा प्रगतिवादले राख्दछ । मार्क्स, लेनिन तथा माओको सैद्धान्तिक अवधारणाबाट समुन्नत हुनपुगेको प्रगतिवादले आमूल परिवर्तनकारी शक्तिप्रति पूर्ण रूपमा विश्वास गर्दछ । विश्व मानव समुदायमा मार्क्सवाद भोका, नाङ्गा, सर्वहारा, श्रमिक, श्रमजीवीवर्गलाई गोलबन्द गरी सामन्तवादी राज्यसत्ताको अन्त्य गरी आमूल परिवर्तन ल्याउनु पर्नेमा जोड दिन्छ । जबसम्म सामन्तवादी राज्यसत्ता ढल्दैन तबसम्म सर्वहारावर्ग शोषित र दमित रहनुपर्ने हुन्छ । विश्वका मजदुर, किसान, श्रमिक गोलबन्द भए मात्र विश्वले रूप फेर्न सक्छ भन्ने प्रगतिवादी चेतना विश्व परिवर्तनको शक्तिमाथि यसले पूर्ण विश्वास गर्दछ । यसप्रकार प्रगतिवादले भौतिकवादको समर्थन र हरेक कुरालाई मार्क्सवादी सौन्दर्य मुताविक हेर्ने गर्दछ । यसले कोरा काल्पनाको विरोध गर्छ । प्रगतिवादले कल्पना त गर्छ

तर यसले परिवर्तनकामी शक्ति, विश्वका हरेक श्रमिक मजदुरवर्गको उत्थानको कल्पना गर्दछ । प्रगतिवादी साहित्यले पुराना मान्यतालाई भत्काउँदै नयाँ जनवादी क्रान्तिको परिकल्पना गर्दछ । सबैको मुक्तिको कामना गर्दै सामन्तवादको समूल अन्त्य गरेर विश्वमा साम्यवादको सुन्दर राज्यको परिकल्पना गर्दछ । गैरप्रगतिवादी साहित्यले मानिसलाई भ्रमको जालोमा अल्भ्काएर समाजलाई प्रतिगमनको बाटोमा लैजान्छ त्यसैले प्रगतिवादी सहित्यले यस्तो कार्यको विरोध गर्दछ ।

## २.६ निष्कर्ष

प्रगतिवादी साहित्य मार्क्सवादी दर्शनबाट अनुप्रणित भएको मानिन्छ । राजनीतिमा प्रचलित भौतिकवाद आफैँमा कला, साहित्य नभए पनि यसको जगमा उभिएर प्रगतिवादको विकास भएको हो । विश्व परिवेशलाई हेर्दा हरेक क्षेत्रमा वर्गसङ्घर्ष चलिरहेकै हुन्छ । साहित्यले समाजको यथार्थलाई प्रकटीकरण गर्दछ त्यसैले साहित्य समाज निरपेक्ष हुँदैन । समाज र राजनीतिले साहित्यलाई कुनै न कुनै रूपमा प्रभाव परिरहेको हुन्छ । सामाजिक रूपान्तरणसँगै साहित्यको रूपान्तरण भएको मानिन्छ । मार्क्सवादी दर्शनले समाजलाई साहित्यको आधारभूमि मान्दछ भने समाजका सर्वहारा, श्रमिकको पक्षमा लेखिएको जनसाहित्यको समर्थन गर्छ । साहित्य शून्यमा सिर्जना हुँदैन । समाज र सामाजिक स्थिति नै साहित्यको उद्भवको स्रोत हो ।

प्रगतिवादी साहित्यले मार्क्सवादी सौन्दर्यशास्त्रको आधारमा रचनाको विश्लेषण गर्दछ । विश्वका गरिब, दुःखीको आँसु, हाँसो र दृश्य जगत्को तत्कालीन सामाजिक धरातलमा उभिएर साहित्य लेख्दछ । प्रगतिवादको अध्ययनबाट प्राप्त निष्कर्षहरूलाई निम्न बुँदामा समेट्न सकिन्छ :

(क) प्रगतिवादी साहित्यको मूल आधार भनेको कार्लमार्क्सद्वारा प्रतिस्थापन गरेको द्वन्द्वात्मक भौतिकवाद हो । यसलाई समाजवादी, जनवादी साहित्य पनि भनिन्छ ।

(ख) मार्क्सपूर्वको यथार्थवादी कलाचिन्तनलाई प्रगतिवादको पूर्वचेष्टकाल मान्दै त्यसको उच्चतम् विकसित रूपलाई प्रगतिवाद भनिएको हो । प्रगतिवादले साहित्यलाई आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनैतिक प्रतिबिम्बको रूपमा स्वीकार गरेको पाइन्छ ।

(ग) प्रगतिवादले कला साहित्यलाई जीवनको उपयोगिताको दृष्टिले हेर्दछ ।

(घ) प्रगतिवादले साहित्यमा पूँजीवादी, प्रतिकृयावादी र यथास्थितिवादी शक्ति र क्रान्तिकारी प्रगतिशील शक्तिहरूका बीच हुने सङ्घर्षलाई द्वन्द्वात्मक तथा यथार्थपक रूपमा प्रस्तुत गर्दछ ।

(ङ) सामन्तवाद, पूँजीवाद, विस्तारवाद, साम्राज्यवादका विरुद्ध सङ्घर्ष गर्न परिवर्तनशील क्रान्तिकारी जनतालाई प्रगतिवादले सहयोग पुऱ्याउँछ ।

(च) प्रगतिवादले कोरा काल्पनिकताको विरोध गर्दै समयसापेक्ष साहित्य हुनुपर्नेमा जोड दिन्छ ।

(छ) प्रगतिवादले अन्धविश्वास, खोक्रो आडम्बरको विरोध गर्दछ ।

(ज) पूँजीपति सामन्ती व्यवस्थाको सट्टा श्रमिक, मजदुर, किसान र सर्वहाराको हितको बारेमा बोल्दछ ।

(झ) स्वर्ग, नरकको भ्रममा पार्ने बुर्जुवा साहित्यको विरोध गर्दै श्रमजीवीवर्गको उत्थानमा अभिमत दिन्छ ।

(ञ) प्रगतिवाद विश्वसाहित्यकै बहुचर्चित सिद्धान्त हो । यसले कला साहित्यलाई सर्वहारावर्गको मुक्तिगामी क्रान्तिको हतियार हो भन्ने ठानेको छ ।

(ट) यसले अँध्यारोको विरुद्ध उज्यालो, पुरानो विरुद्ध नयाँ, मृत्युको विरुद्ध जीवन, कुरूपताको विरुद्ध सुन्दरता, पतनको विरुद्ध उत्थान, अस्तको विरुद्ध उदयको पक्ष लिन्छ ।

यसप्रकार प्रगतिवादले सुन्दर समतामूलक समाज, वर्गविहीन, भेदभावरहित, छुवाछुत मुक्त समाजको परिकल्पना गर्दछ । जनताको शत्रु सामन्तवादी र पूँजीपतिवर्गको अन्त्य तथा सर्वहारा, श्रमिक, मजदुरको राज्यको बारेमा वकालत गर्दछ । अबको समाज अन्धविश्वास र रूढिवादी परम्परामा चल्दैन । अहिलेका सभ्य र शिक्षित मानिसहरू स्वर्ग र नरकको कुरामा विश्वास गर्दैनन् । प्रगतिवादले समाजमा ईश्वरको डर देखाएर भ्रम फैलाउने, ईश्वरको नाममा जनतामाथि गरिने सम्पूर्ण किसिमको भेदभावको समूल अन्त्य चाहन्छ । प्रगतिवादले संसार निर्माणको श्रेय कुनै राजा, महाराजा र पूँजीपतिहरूलाई दिँदैन यसले त दिनरात निर्माण कार्यमा

रगत-पसिना बगाउने श्रमिक, मजदुरलाई संसार निर्माणको श्रेय दिन्छ । कलाको माध्यमबाट सर्वपक्षको हित हुनुपर्ने, सर्वहारा, कृषक तथा मजदुरहरूको मुक्तिको हतियार हुनुपर्ने कुरालाई जोड दिएको पाइन्छ । यसरी जनपक्षीय आवाज बोल्ने प्रगतिवादी साहित्य निमुखाहरूको साहरा बन्नुपर्छ । अन्त्यमा साहित्यबाटै संसारमा रहेको असमानता, भेदभाव, रूढिवादी परम्परा हटाउन तमाम उत्पीडित, शोषित र अपहेलित सर्वहारा वर्गलाई मुक्तिको निम्ति वर्गसङ्घर्ष गर्न आग्रह गर्दछ । प्रगतिवादी साहित्य जनपक्षीय हुनुपर्छ । यसले समाजको उत्पीडिन र वर्गीय मुक्तिको पक्षमा बोल्नु पर्छ ।

# परिच्छेद तीन

# 'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवाद

## ३.१ विषयप्रवेश

सहित्यकार रेशम विरहीद्वारा लिखित 'प्रेमदासको डायरी' उपन्यासको प्रगतिवादसँग सम्बन्धित अध्ययन यस परिच्छेदमा गरिएको छ । यस परिच्छेदमा उपन्यासको कथावस्तु, पात्र, परिवेश आदिमा व्यक्त गर्न खोजिएको प्रगतिवादको अध्ययन गर्न खोजिएको छ । प्रगतिवादी दृष्टिकोणअनुरूप कथावस्तुभित्र प्रगतिचेतना कसरी व्यक्त भएको छ त्यसको अध्ययन विश्लेषण गरिएको छ । पात्रहरूमा देखिएको प्रगतिचेतना र उनीहरूमा आएको परिवर्तन, समाजको शोषण, अन्याय र अत्याचार विरुद्ध पात्रहरूले चालेका कदमको विश्लेषण पनि यस अध्यायमा समेटिएको छ । उपन्यासमा रहेका प्रगतिवादी र यथास्थितिवादी पात्रहरूको पहिचान गरी ती पात्रहरूमार्फत प्रगतिवादको वकालत कसरी गरिएको छ भन्ने विषय पनि यस परिच्छेदमा समेटिएको छ । तत्कालीन परिवेशको वर्गीय समाजको यथार्थ चित्र उतारेर शोषक र सामन्तवर्गले गरिब, सर्वहारावर्गप्रति गरेको निकृष्ट व्यवहार प्रस्तुत गरिएको छ । समाजमा देखिएको यस्तो द्वन्द्वलाई कार्ल मार्क्सको भौतिकवादी द्वन्द्वको आधारमा अध्ययन-विश्लेषण गर्ने जमर्को गरिएको छ । पात्रहरूले बोल्ने भाषा र उत्पीडित जाति, समुदायमा आएको परिवर्तनलाई प्रगतिवादी दृष्टिकोणबाट अध्ययन-विश्लेषण यस परिच्छेदमा गरिएको छ । यस उपन्यासमा व्यक्त प्रगतिवादलाई माथि उल्लेखित कोणहरूबाट अध्ययन विश्लेषण गरी विभिन्न उपशीर्षकहरूमा विभाजन गरेर गरिएको छ ।

## ३.२ कथावस्तु

रेशम विरहीद्वारा लिखित 'प्रेमदासको डायरी' मुख्य पाँच भाग (कुटीमा कथारम्भ, आकार, अवतार, अभिसार, र कुटीमा कथान्त) र पच्चिस खण्डमा विभाजित रहेको उपन्यास हो । प्रस्तुत उपन्यास पूर्वदीप्ति शैलीमा लेखिएको छ । "कुटीबाट कथारम्भ" शीर्षकबाट उपन्यास आरम्भ गरिएको छ । यस उपन्यासमा सुरुवाती परिवेश नेपालगञ्जको वीपीचोक,

त्रिभुवनचोक, सदरलाईन, धम्बोझीचोक, त्रिवेणीमोड, फुल्टेका शिवमन्दिर र त्यस वरिपरिको क्षेत्रलाई बनाइएको छ । जोगीको भेषमा रहेको प्रेमदास अर्थात् कुनै समयका क्रान्तिकारी व्यक्तित्व, विचारको बलियो जग भएको तथा आदर्श राजनीतिज्ञ प्रभाकर शर्माको भेट नेपालगञ्जमा एउटी युवती (चम्पादेवी)सँग हुन्छ । चम्पादेवीसँग भेट हुने बेलामा प्रभाकर शर्मा पीतवस्त्रधारी जोगीको भेषमा हुन्छन् । समाज परिवर्तनको खातिर जीवनको ऊर्जावान् समय खेर फालेका प्रभाकर हाल निस्सार संन्यासी जीवन बिताइरहेका छन् । आफूले योगीको भेष धारण गर्नुको कारण बारे स्वयम् भ्रमित छन् । यस समयमा उनी कुण्ठा, पलायन र हीनताबोधले गाँजेको योगीको रूपमा उपस्थित छन् । "कुटीमा कथारम्भ" भएको यस खण्डमा प्रभाकरले अब आफूलाई 'स्वामी प्रेमदास' भन्न आग्रह गरेबाट कथावस्तु आरम्भ भएको छ । प्रेमदासले चम्पाको श्रीमान् रामु, साथी कवितालगायतको खोजीमा भौंतारिएको कुरा गर्दछन् । चम्पादेवीसँग लामै कुराकानी गरिसकेपश्चात् प्रेमदासले विगतका घटनाहरूलाई डायरीमा लेखेर राखेको कुरा र त्यो राम्रोसँग पढ भनी डायरी हातमा थमाउँछन् ।

दोस्रो अध्यायलाई "आकार" भनी नामकरण गरिएको छ । यस अध्यायबाट मात्र कथानकले गति लिएको पाइन्छ । यस खण्डमा भने भुजेल परिवार र समाख्याताको पनि कथा जोडिएको छ । बिर्खबहादुरले आफ्नो पेन्सन काटिएको कुरासँगै यस अध्याय सुरु भएको छ । रने भुजेलको परिवारमा रने भुजेलकी पत्नी प्याउली, बिर्खबहादुर, उसकी स्वास्नी मनकुमारी र छोरो छन्दबहादुर रहेका छन् । उनीहरू कमारोबाट मुक्त भएपछि गोर्खा ढाक्रेपानीबाट बसाइँ-सराइ गरेर चितवन आएका छन् । चितवनमा जग्गा पाउने लोभले आउँदा जग्गा नपाउनु, चितवनमा पनि एक जना जिम्दारको घरमा हली बस्न बाध्य हुनु, त्यही घरमा बसेर उनीहरूले जीवन गुजार्नु, गाउँमा सामन्तकै कारिन्दा भएर बस्नु, एकदिन जङ्गलमा एउटी युवतीले रापतीमा फाल हालेको देख्नु, ती युवतीलाई छन्दबहादुरले बचाउनु, छन्दबहादुरले उसलाई घरमा लैजानु र बहिनीको दर्जा दिनु, युवतीलाई रापतीमा फाल हाल्नुपर्ने कारण सोध्नु, उसको करबलले युवतीले आफ्नो विगत र यथार्थ सबिस्तार बताउनु, उसले आफ्नो नाम जुठी भएको र सो नाम राख्नुको कारण पनि बताउनु, सङ्गीत खवाससँग प्रेम भएपछि आफ्नो नाम कविता राखेको बताउनु, उनीहरू गोर्खा थालाजुङ्बाट चितवन झरेको र त्यस समयमा आफू सानै भएको बताउनु, चितवनमा जग्गा नपाएपछि बुबा गाउँकै पुरानो जमिन्दार कुस्माखरको घरमा

नै हली बसेको, कुस्माखर शोषक, सामन्त र यौनपिपासु हुनु, कुस्माखरका तीन छोरा हुनु, जेठो गुणाखर, माहिलो प्रभाकर र कान्छो रत्नाकर हुनु, जेठो गुणाखर संस्कृत पढेकाले जजमानी गर्नु तर उनमा बाबु कुस्माखरमा झैँ कलुष प्रवृत्ति हुनु, माहिलो प्रभाकर भने देवताजस्तै अरूलाई ठगेर, अन्याय गरेर खान हुँदैन भन्ने खालको, बुबासँग खासै नमिल्ने र कान्छो रत्नाकर भने लाटो हुनु, उनीहरूकै घरमा कविताका परिवारले जीवन बिताउनु, कवितालाई पढ्नको निम्ति प्रभाकरले सहयोग गर्नु, कविताको आमाको मृत्यु प्रसवअवस्थामा हुनु, कुस्मेको जेठो छोराले कवितामाथि आँखा लगाउने गर्नु, कविता जङ्गलमा बाखा चराउन जाँदा सङ्गीत खवाससँग प्रेममा पर्नु, तत्कालीन अवस्थामा चलेको विद्यार्थी आन्दोलनमा परी सङ्गीत खवासको मृत्यु हुनु, त्यसपछि कविताको बालाई पनि कुस्मेले षड्यन्त्रपूर्वक मार्नु, आफ्नो सबै सहारा गुमेपछि आफूलाई नितान्त एक्लो ठान्नु, आफूलाई माया गर्ने र सहारा दिने कोही पनि नभएकाले बिरक्तिएर रापतीमा फाल हाल्न गएको कुरा कविताले छन्दबहादुरको परिवारलाई बताउनु, छन्दबहादुरको परिवारले कवितालाई छोरीको रूपमा स्वीकार गर्नु, देशमा निर्दलीय पञ्चायती शासनको विरुद्धमा विभिन्न खाले आन्दोलन चर्कनु, निर्दल र बहुदलको जनमत सङ्ग्रह हुनु, बहुदलीय जनवाद स्थापनाको निम्ति आन्दोलन झनै उग्र हुदै जानु, कविता पनि स्कुल पढ्न थाल्नु, स्कुलमा चम्पादेवीलाई साथी बनाउनु, चम्पादेवी उच्चकुलीन घरानाको भए पनि उनमा सामन्तवादी सोच नभएकाले साथी बन्नु, स्कुले शिक्षालाई बुर्जुवा शिक्षा भनेर तिनीहरू स्कुल जानै छाड्नु, छन्दबहादुर पनि सक्रिय रूपमा आन्दोलनमा लाग्नु, त्यसपछि बर्दियामा जग्गा बाँडेको छ भन्ने थाहा पाएपछि उतै जाने निधो गर्नु, सबै खुसी भए पनि कविता खासै खुसी नभएको प्रसङ्गसँगै यो अध्याय समाप्त भएको छ ।

यसपछि भने उपन्यासको तेस्रो अध्यायलाई "अवतार" भनी सुरु गरिएको छ । यस अध्यायमा प्रभाकर अर्थात् प्रेमदासले आफ्नो कथा सुनाएका छन् । यस खण्डबाट भने कथाले पूर्णरूपमा राजनैतिक रूप लिएको छ । पञ्चायत विरुद्धको आनदोलन निकै घनिभूत रूपमा अघि बढेको छ । २०३६ सालको जनमत सङ्ग्रह घोषणा भएपछि प्रभाकरलगायत धेरै आन्दोलनकारीहरू जेलबाट छुट्छन् । एउटै मुद्दामा कामरेड विवेक शेरचनलगायत सत्रजनाले सफाइ पाए तर प्रभाकर र परशुरामले भने सफाइ पाएनन् । विवेक शेरचन कम्युनिस्ट विचारधाराका भए पनि उनमा सामन्तवादी संस्कार हावी हुनु, बिसौं बिघा जमिनको मालिक,

मन्त्री, अञ्चलाधीश र माननीयहरूसँग उठबस हुनु, यिनै कारणले गर्दा प्रभाकरसँग वैचारिक द्वन्द्व सिर्जना हुनु, जेलमा बस्दा पनि पैसामा बिक्नु, रक्सी र रण्डीमा लिप्त हुनु, त्यही कुरा प्रभाकरजस्ता सच्चा आन्दोलकारी परिवर्तनकारी व्यक्तिलाई पाच्य नहुनु, बिस्तारै घरमा पनि प्रभाकरलाई बुझ्दै जानु, घरबाट उसलाई आर्थिक सहयोग प्राप्त हुनु, उनीहरू सक्रिय रूपमा पार्टीमा आबद्ध हुनु, छन्दबहादुरको बर्दिया जाने कुरालाई सहमति प्रदान गरी आफूले सकेको सहयोग गर्नु, जनमत सङ्ग्रह घोषणा गरेपछि मण्डले र बहुदलवादीका बीचमा जनतालाई सचेत गराउने जागरण अभियान सञ्चालन हुनु, मण्डलेहरूले मासुभात खुवाएर जनतालाई किन्न खोज्दा प्रभाकरले रामधुलाई गरी लखेट्नु, पैसाकै भरमा जनमत सङ्ग्रह घोषणा गरिनु, जनमत सङ्ग्रहको नतिजा निर्दलीय पञ्चायतकै पक्षमा आउनु, त्यसपछि प्रभाकरमाथि मान्छे मारेको भनी हत्या आरोप लाग्नु, आरोप लागेपछि प्रभाकर चितवन छाडेर जानु, पार्टीभित्रै वैचारिक मतभिन्नता आएपछि उनी झन् समस्यामा पर्नु, पार्टीबाट निष्कृय भएर काठमाडौँ बस्न थाल्नु, त्यसैबेला चम्पादेवीको विवाह रामु विश्वकर्मासँग हुनु, आन्दोलनका लागि पार्टीमा ध्रुबीकरण र गठबन्धन हुनु, चितवन रत्ननगरको बकुल्लहरचोकमा आमसभाको आयोजना गरिनु, त्यसैबेला प्रभाकर, चम्पा, रामुलगायतलाई लाठीचार्ज गर्दै गाडीमा हाली वीरगञ्ज पुऱ्याइनु, जेलमा चरम यातना दिएर रामु र प्रभाकरलाई जङ्गलमा लगी भाग्न लगाएर दुवैमाथि प्रहरीले गोली चलाउनु, रामुको गोली लागेर मृत्यु हुनु र प्रभाकर भने संयोगले बाँच्नु तर घाइते हुनु, त्यसपछि उपचारको निम्ति ठोरी नाका हुँदै नरकटियागञ्ज गई उपचार गर्नु, त्यहाँ उसले राम्रो उपचार पाउनु, स्वरूपा घोषसँग परिचय हुनु, ऊ उतै उपचारका निम्ति रहनु, यता नेपालमा भने पञ्चायती व्यवस्था ढलेर दलीय स्वतन्त्रता घोषणा हुनु, त्यसपछि प्रभाकर नेपालगञ्ज जानु, देशमा आएको परिवर्तनको फाइदा उनका दाजु गुणाखरजस्ताले पनि लिनु, आलिसान महल, गाडी आदि लिनु, सत्यनिष्ठ, इमान्दार र पार्टीका निम्ति लामो समयसम्म बलिदान गर्ने प्रभाकर पार्टीको महाधिवेशनपछि भीरको चिण्डोजस्तो अवस्थामा पुग्न विवश हुनु, उनले जनयुद्धमा जान नसिकिने धारणा राख्नु, पार्टीले उनलाई महत्त्वपूर्ण जिम्मेवारीबाट हटाइदिएपछि ऊ केही समय भारत घुम्ने योजना बनाएर भारततिर लाग्नु, भारतमा पुगेर भारतका कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूसँग भेटघाट गर्नु, भारतको कम्युनिस्ट आन्दोलन र उनीहरूको कार्यशैली देखेर उनी निकै प्रभावित हुनु, भारतका नेता तथा सामान्य मानिसलाई

पनि नेपालमा के हुँदैछ, के हुन लागेको छ भन्ने कुरा नेपालमा भन्दा पहिले थाहा हुने देखेर उनलाई रिस उठ्नु, भारत भ्रमणमा रहँदा अनुराधा र स्वरूपासँग चिनजान हुनु, प्रभाकरले उनीहरू र सो परिवारबाट धेरै कुराहरू सिक्ने मौका पाउनु, उनी बनारस पुगेपछि स्वामी आनन्द नारायण घोषको आश्रममा पुग्नु, त्यहाँ उनले घोषको असल र खराब सबै कुरा देख्नु, स्वामीको स्त्री मोह थाहा हुनु, स्वामी प्रकाण्ड विद्वान् भएको र देश-विदेशका हरेक राजनीतिसँग उनको राम्रो जानकारी रहेको थाहा हुनु, नेपाल मामलामा उनी झनै विज्ञ हुनु, स्वामीसँग देश-विदेश घुम्ने अवसर प्राप्त गर्नु र उनीबाट धेरै कुराहरू सिक्ने अवसर पाउनु, नेपालमा जनयुद्ध चल्नु, हत्या र हिंसाको शृङ्खला चल्नु, पार्टीभित्रकै सुराकीहरू इमान्दार कार्यकर्ताको हत्यामा संलग्न हुनु, नेपालमा यस्तो अवस्था हुदाहुँदै पनि नेपाल आउन स्वामीसँग अनुमति माग्नु, आफू द्वन्द्वग्रस्त क्षेत्रमा बस्ने कुरा गर्नु, स्वामीले सम्भावित खतराको व्यवस्थापन गर्ने भन्नु, अन्त्यमा एक संन्यासी बन्नुको विकल्प नदेखी स्वामी आनन्दसँग बिदा भएर नेपालगञ्जको फुल्टेक्रामा आएर शिव मन्दिरमा स्वामी भई बस्न थालेको घटनाबाट यो अध्याय समाप्त भएको छ ।

चौँथो अध्यायलाई "अभिसार" भनी नामकरण गरिएको छ । यस अध्यायको सुरुवातमा प्रभाकर सामान्य संन्यासी र फुल्टेक्रा शिव मन्दिरको पूजारीको रूपमा प्रस्तुत भएका छन् । उनले कुटीमा सात महिना बिताउनु, उनको काम बिहान-बेलुका मन्दिरमा पूजा गर्नु, नेपालगञ्ज वरिपरिको घटनाको अध्ययन र अवलोकन गर्नु, कवितासँगको भेट र कविताले कथा सुरु गर्नु, यस खण्डमा कविताको कथा पनि सुरु भएको र कवितासँग सम्बन्धित नारायणघाटबाट हिँडेदेखि बर्दियासम्मको घटनाक्रमलाई समेटिएको छ (पृ. २२३-२२९) । छन्दबहादुरको परिवार बर्दियामा जमिनको लागि त्यहाँ उत्रेपछि बसोबासका लागि व्यवस्था मिलाउन लाग्नु, केही दिनपछि राधेश्याम शर्मा र भरत अधिकारीको जग्गा नजिकै ऐलानी जग्गा मिलाइदिनु, त्यहाँ तिनीहरूको व्यवस्थित बसोबास हुनु, कविता र छन्दबहादुर दुवैजनाले पार्टीको काम सक्रियरूपमा गर्न थाल्नु, यसपछि भने कथानक अलि फरक धारतर्फ मोडिनु, राधेश्याम शर्माले छन्दबहादुरसँग बस्दै आएकी कवितालाई छोरी मान्नु, आफूले बाबुको दायित्व निर्वाह गर्नु, छन्दबहादुरसँग कविताको विवाह गरिदिनु, दाजु-बहिनी नाता अब श्रीमान्-श्रीमतीमा परिवर्तन हुनु, पाँच वर्ष बित्दा पनि ती दुईबाट सन्तान नहुनु (पृ. २४१), एकदिन छन्दले बोलाएर राधेश्याम बाले पार्टी छोडेको कुरा बताउनु, त्यसपछि उनीहरू के गर्ने भन्नेमा

अन्यौलग्रस्त हुनु, भरत अधिकारीले बासस्थानको व्यवस्था मिलाई दिएको र राधेश्याम शर्माले बुबाको जिम्मेवारी लिएको हुँदा राधेश्यामको पक्ष लिने कि भरत अधिकारीको पक्ष लिने भन्ने बारेमा अन्योल सिर्जना हुनु, उनीहरू दोधारमा पर्नु, कसको पक्ष लिने बारेमा धर्मसङ्कट उत्पन्न हुनु र वैचारिक द्वन्द्वमा फस्नु, भरत अधिकारीको दबाब भए पनि अन्त्यमा राधेश्यामले छानेको पार्टीमा प्रवेश गर्नु, छन्द र राधेश्याम दुवैजना जेलमा पर्नु, छन्दको भाइ टुकबहादुर हराउनु, आन्दोलनकै क्रममा बहुदल घोषणा हुनु, छन्द र राधेश्याम बा जेलबाट छुट्नु, चुनावी माहोल देखिनु, राधेश्यामले पनि यही मौकामा चुनावी टिकट पाउनु, उनले पैसाको भरमा चुनाव जित्नु, बिस्तारै राधेश्याम बाले छन्दबहादुरहरूलाई जग्गा-जमिन जिम्मा लाएर काठमाडौँ नै बस्नु, काठमाडौँमा बस्न थालेपछि राधेश्याम बाको आत्मीयता कम हुदै जानु, पुनः भरत अधिकारीसँग सम्बन्ध बाक्लिँदै जानु, राधेश्यामसँग सम्पर्क टुट्नु, युद्धरत पार्टीप्रति आकर्षण बढ्नु, छन्देकी आमाको देहान्त हुनु, छन्द र कविता सशस्त्र युद्धमा होमिने निर्णय गर्नु, नेपाली सेनाले माओवादी भन्दै विभिन्न समयमा दुःख दिनु, बिर्खबहादुरलाई मार्नु, कविता पनि औपचारिक रूपमा नै सशस्त्र युद्धमा होमिनु, दाङको भालुवाङमा दोहोरो भिडन्तमा माओवादीहरू सखाप भएको खबर सुन्नु, यो खबरले कविता अत्तालिनु, कविता छट्पटिएर पनि युद्धमा निरन्तर लागिरहनु, पार्टीभित्र पनि नीति विपरीत काम गर्ने कैयौँ मानिसहरू भेट्दा आफूलाई खिन्नता लागेको बताउनु, पर्टीभित्रकै मानिसहरूले गद्दारी गर्ने कुरा बताउँदै कविताले कथा सक्नु, त्यसबेला गणतन्त्रको नाराले सारा नेपागञ्जको भूमि हल्लाउनु, त्यही ठाउँमा कविता पनि अन्दोलनमा सहभागी हुनु, आन्दोलनमा कविताले प्राणोत्सर्ग गर्नु, कवितालाई पच्चिस वर्ष अगाडि राधेश्यामको सेल्टरमा आफूले पठाएको सम्झनु, 'वीर कविता अमर रहून' भन्ने नारा गुञ्जनु (पृ. २८७), कविताको लासको खरानी र कविताको कम्मरबाट निक्लेको पोको निकाली प्रभाकरले राख्नु, बाँकी खरानी रापतीमा बग्नु, कविताले सहादत प्राप्त गरेको तीन वर्ष हुँदा पनि उनीहरूको सपना पूरा भए कि भएनन् प्रभाकर अलमल्लमा पर्नु, प्रभाकरले आफ्नो भावी गन्तव्य खोज्नु, घर जान नसकेर त्यही साधुको रूपमा रहनु नै उपयुक्त ठान्नु, अन्त्यमा राधेश्यामको घर खोज्दै प्रभाकर जानु, छन्दबहादुरको भाइ टुकबहादुरसँग भेट्नु, एक-आपसमा आ-आफ्नो कथा सुनाउनु, प्रभाकरले मृतक परिवारको चिनो बुझाउनु, श्रद्धाञ्जली कार्यक्रम हुनु, टुकबहादुर परिवार सम्हालेर बस्नु, कविताको उत्सर्गको कथा आफूले लिपिबद्ध गरेको र आफ्नो

अवतारको दृश्य लेखेको कुरा पढेपछि महिला डायरी बन्द गरी घुप्लुक्क घोप्टो परेको सन्दर्भमा यस खण्डको अन्त्य भएको छ ।

यस उपन्यासको अन्तिम तथा पाँचौं अध्याय "कुटीमा कथान्त" हो । यस अध्यायमा कथावाचक प्रभाकर अर्थात् स्वामी प्रेमदास र चम्पाबीचको संवाद रहेको छ । यस खण्डमा प्रभाकरले दिएको डायरी पढेपछि चम्पाले सबै कुरो थाहा पाएको बताउनु, प्रभाकरले आफूलाई मनपराएको कुरा पनि थाहा पाउनु, चम्पाले आत्महत्याको निर्णय गर्नु तर प्रभाकरले उनलाई सम्झाउनु, आत्महत्या गलत भएको कुरा उनलाई राम्रोसँग बताउनु, रातमा दुवैजना एउटै कुटीमा सुत्नु, रातभर दुवैलाई निद्रा नपर्नु, चम्पासँग यौनक्रिडाको प्रस्ताव राखी क्रिडा गर्नु, परिवारिक क्षेत्रमा होमिने निर्णय गर्नु, नक्कली मार्क्सवाद र ढोंगी आचारण विरुद्ध लाग्ने निर्णय लिनु, बिहान हरदेव आएर स्वामी भनी बोलाउँदा कुटी खाली देख्नु आदि घटनाक्रमबाट यस अध्यायको कथानक अन्त्य भएको छ ।

'प्रेमदासको डायरी' उपन्यासलाई यथार्थवादी उपन्यास भनिन्छ । यस उपन्यासको कथावस्तुमा नेपाली समाजको यथार्थ चित्रण पाइन्छ । पञ्चायत कालीन समाज र त्यसपछिको परिवर्तन अनि गणतन्त्र स्थापनासम्मको कथावस्तुलाई यस उपन्यासले समेटेको छ । नेपाली समाजमा देखिएको शोषक र सामन्तवर्गले सर्वहारा र श्रमिकवर्गमाथि गरेको बर्बरतापूर्ण व्यवहारको भण्डाफोर गरिएको छ । ग्रामीण जनजीवनको यथार्थ चित्रण गर्दै गाउँघरको मुखिया, जिम्वाल, तालुकदारहरूले सोझा सर्वहारा गरिबलाई अन्याय र शोषण गरेको हुँदा त्यसको विरोध गरिएको छ । गाउँघरका गरिब र सोझा मानिसहरूलाई हली, गोठाला राखेर तिनीहरूमाथि चरम श्रमशोषण तथा अमानवीय व्यवहार गर्ने गरेको वास्तविकता कथावस्तुमा भेटिन्छ ।

अलिअलि कमाउँला छोराछोरी पालौंला भन्दै मधेशमा जग्गा पाइने लोभले पहाड छाडेर मधेश आएका निम्नवर्गीय गाउँलेहरू चितवन आएर पनि शोषक, सामन्तकै जालमा फस्नु परेको तीतो यर्थाथ उपन्यासमा प्रस्तुत भएको छ । शोषक, सामन्तले गरिबलाई जे पनि गर्न सक्ने तत्कालीन परिपाटी उपन्यासमा भेटिन्छ । मानिसहरूमा आएको चेतना, शोषक, सामन्तप्रतिको विरोध र राजनैतिक परिवर्तन तथा पार्टीभित्रको अन्तरकलह, मनमुटावजस्ता विषयलाई पनि उपन्यासले समेटेको छ । पार्टीभित्र निष्ठावान् मानिसहरू सधैं पछि पर्नुपर्ने, पैसा

र शक्तिको पछि कुद्ने र आफ्नो वास्तविक धरातल बिर्सने मानिसहरूप्रति पनि उपन्यासको कथावस्तु लक्षित रहेको छ । श्रमिक, किसान, गरिब र सर्वहाराको नाममा आन्दोलन गर्न खुलेको पार्टीले तिनीहरूको हितमा कहिल्यै पनि काम नगरेको तीतो यथार्थ उपन्यासमा प्रस्तुत छ । आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै हत्कण्डा अपनाउन पनि पछि नपर्ने मानिसहरूको चरित्रलाई उदाङ्गो परिएको छ । पार्टीभित्र रहेर अन्तर्घात गर्ने मानिसहरूको जमात पद र पैसाको पछि लागेर सच्चा, इमान्दार मानिसहरूलाई घरको न घाटको बनाउने परिपाटी नेपालको राजनीतिमा व्याप्त रहेको छ । पार्टीको लागि दिनरात खट्नेहरू कि त मारिन परेको कि जोगी, संन्यासी बनेर हिँड्नु परेको पीडादायी अवस्था उपन्यासमा उल्लेख छ ।

नेपालको राजनीतिमा भारतीय हस्तक्षेप पनि उपन्यासको कथावस्तु बनेको छ । यस उपन्यासमा नेपालको वाम राजनीति र राजनीतिको नाममा देखिएको विकृतिको भण्डाफोर गरेर सुसंस्कृत राजनीतिको सुरुवात गर्नु पर्ने सन्देश दिएको छ । शोषक, सामन्तको विरोध गर्दै राजनीति निजी स्वार्थको लागि नभई जनताको सर्वोपरि हितको निम्ति हुनु पर्ने प्रगतिवादी विचार उपन्यासमा उल्लेख छ । पार्टीमा त्याग र बलिदान दिनेको उचित सम्मान हुनुपर्ने, श्रमिक, मजदुर, किसान र सर्वहारा जनताप्रति उत्तरदायी बन्नुपर्ने प्रगतिवादी विचार यस उपन्यासको कथावस्तुमा पाइन्छ ।

## ३.३ पात्रहरूमा प्रगतिचेतना

उपन्यासको कथावस्तुलाई बोकी पाठकसमक्ष पुऱ्याउने प्रमुख माध्यम भनेकै पात्र हुन् । पात्रबिना उपन्यास बन्दैन । पात्रहरूले नै उपन्यासलाई जीवन्तता प्रदान गर्दछन् । प्रस्तुत ‘प्रेमदासको डायरी’ उपन्यास बहुल पात्र प्रयोग गरिएको उपन्यास हो । यस उपन्यासमा प्रस्तुत गरिएका पात्रहरू कथावाचक प्रेमदास (प्रभाकर धिताल), छन्दबहादुर भुजेल, कुस्माखर धिताल, बिर्खबहादुर भुजेल, गुणाखर धिताल, रत्नाकर धिताल, टीकाराम जिम्वाल, टुकबहादुर भुजेल, हरिदत्त, विवेक शेरचन, सङ्गीत खवास, सुरबहादुर लामा, कृष्ण तामाङ, धीरबहादुर, चतुरमान तामाङ, रत्न वान्तवा, नेत्र कुइँकेल, आशीराम, डा. दिगम्बर बर्मा, नामुन्द्री बोस, नारायण घोष, रामु विश्वकर्मा, रने भुजेल, रिक्सावाला, ढलाइवाला, रामलाल पासवान, दुर्गाबहादुर, द्वारिका नारायण घोष, रविलाल, रामहरि, पथरु(परशु), पूर्ण घिसिङ, चन्द्रदत्त, दलबहादुर वि.क.,

हर्कबहादुर, राधेश्याम शर्मा, भरत अधिकारी, विनय, स्वामी आनन्द, आर.पी. सरफ, नरेन्द्र अधिकारी, पुलिसहरू आदि पुरुष पात्र साथै स्त्री पात्रमा कविता (जुठी), चम्पादेवी, मनकुमारी, प्याउली, मङ्गली, प्रभाकरकी आमा, जुनु, स्वरूपा घोष, अनुराधा सोठी, स्वरूपाकी आमा नन्दिनी, राधेश्यामकी पत्नी सरला, हरिमान स्वाँरकी पत्नी, टुल्की, द्रौपदी चौधरी, मनरूपा, सीमा पाठक, चन्द्रदत्तकी पत्नी, शान्तिकला लगायत कैयौँ पात्रहरूको प्रयोग गरिएको छ ।

यस उपन्यासमा उपन्यासकारले विभिन्न पात्रहरू उपस्थित गराई तिनका माध्यमबाट प्रगतिवादी दृष्टिकोण प्रस्तुत गर्न खोजेका छन् । यस उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको छ त्यसकारण उल्लेखित केही पात्रहरूमार्फत् उपन्यासमा व्यक्त प्रगतिवादी दृष्टिकोणलाई यसप्रकार देखाउन सकिन्छ :

### ३.३.१ प्रभाकर

प्रस्तुत उपन्यासमा उल्लेखित पात्रहरूमध्ये प्रगतिवादी विचारका मुख्य संवाहक प्रभाकर धिताल हुन् । उनी कुस्माखर धितालका छोरा र यस उपन्यासका प्रमुख पुरुष पात्र हुन् । कथाको आरम्भमा देखापरेका प्रेमदास नै प्रभाकर हुन् । कथाको आरम्भमा जोगीको रूपमा देखिएका प्रभाकरले लेखेको डायरीकै सेरोफेरोमा उपन्यासको कथावस्तु घुमेको हुनाले उनी उपन्यासका कथावाचकका रूपमा देखापरेका छन् । उनको उपस्थिति उपन्यासको सुरुमै भए पनि उनको बारेमा विस्तृत जानकारी भने “अवतार” अध्यायमा पाइन्छ । उनका पिता कुस्माखर सामन्तवादी विचारले ग्रसित शोषक, सामन्त हुन् । अरूलाई शोषण गर्ने, यौन पिपासु, जस्तोसुकै निकृष्ट कार्य गर्न पछि नपर्ने स्वभावका छन् । सानैदेखि प्रगतिवादी सोच भएका प्रभाकर बाबुको विरोध गरी तमसुक च्यातेर घरसमेत त्यागेका छन् । कम्युनिस्ट पार्टीमा क्रियाशील प्रभाकर निष्ठावान् र आस्थाको राजनीति गर्ने व्यक्ति हुन् । पार्टीको जिम्मेवारी पूरा गर्ने कुशल नेतृत्वकर्ता प्रभाकर छलकपट गर्न नजान्ने व्यक्ति हुन् । उनी कतिपय कम्युनिस्ट नेताहरूको आचरण देखेर द्विविधामा पर्ने गरेका कुरा उपन्यासमा यसरी व्यक्त भएको छ :

“राजनीतिक घटनामा उनले कहिल्यै पनि जेल यातना र मुद्दा खेप्न नपर्ने अरू कार्यकर्ताले खेप्नु पर्ने कुराको रहस्यमय व्यवहारमा मात्र मेरो ध्यान केन्द्रित थियो । म यी

कुराको सपट जवाफ आउनुपर्छ र पार्टीभित्र विभेद हट्नुपर्छ भन्ने मान्यताले आफ्नै घरभित्र विद्रोही भएँ । ....तर म आफ्नै नेताको जीवनशैलीले म द्विविधाग्रस्त भएँ" (पृ. ९०) ।

उनी श्रमिक, मजदुर र सर्वहारावर्गको निम्ति दिनरात खट्ने व्यक्ति हुन् । जेलनेल भोगेका उनी आफ्नो पार्टीको निष्ठा र आदर्शबाट कहिल्यै विचलित भएनन् । पञ्चायतकालमा जेलमा परेका र ज्यान मुद्दा लागेका प्रभाकरलाई प्रहरीले मार्नको निम्ति जङ्गलतिर लगेर भाग्न लगाई गोली हाने पनि त्यहाँबाट उम्कन सफल भए । यसपछि उनी भारततिर उपचार गरी केही मानिससँग चिनजानसमेत गर्न पुग्छन् । समय समयमा भूमिगत जीवन बिताएका प्रभाकरजस्ता आदर्श राजनीतिज्ञ देश र जनताको स्वार्थलाई सर्वोपरि ठान्ने व्यक्ति पार्टीमा हावी भएको सामन्तवादी प्रवृत्तिबाट दिक्क भएर नेपाल छाडेर पुनः भारततिर जान्छन् ।

भारतीय भूमिमा पुगेपछि त्यहाँको वाम आन्दोलनलाई नजिकबाट नियाल्ने मौका पाउँछन् । नक्सालवाडीमा भएको मजदुर आन्दोलन र राज्यको दमनबारे जानकारी पाउँछन । नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेपको पूर्ण जानकार पनि हुन्छन् । भारतले नेपाललाई हेर्ने परराष्ट्र नीति देखेर उनलाई रिस उठ्छ । भारतका विभिन्न ठाउँमा घुमेर त्यहाँको वस्तुस्थिति बुझ्न सफल हुन्छन् । भारतमा रहँदा उनी स्वामी आनन्द घोषसँग निकट हुन्छन् । उनले त्यहाँ राजनैतिक र अध्यात्मिक दुवै शिक्षा पाउँछन् । स्वामी आनन्द नारायणको स्त्रीलम्पट व्यवहार पनि थाहा पाउँछन् । नेपालमा आई नेपालगञ्जको फुल्टेक्रा शिव मन्दिरमा आएर साधु बनी बस्छन् । नेपालगञ्जलगायत त्यस वरिपरिका राजनैतिक वस्तुस्थिति पनि बुझ्दै हिँड्छन् । नेपालगञ्जमा चम्पालाई भेटेपछि आफ्नो अतीत लेखिएको डायरी दिएका छन् ।

यसप्रकार यस उपन्यासमा प्रभाकर त्यागी र प्रगतिवादी विचार भएका पात्र हुन् । शोषक, सामन्तको विरोध, पार्टीभित्र व्याप्त कुरीतिको विरोध गर्ने व्यक्ति हुन् । उनी देश र जनताको मुक्तिको सपना बोकी परिवार त्यागेर आन्दोलनमा होमिएका व्यक्ति हुन् । कविता, छन्द, चम्पालगायतका धेरै आदर्श राजनीति गर्नेहरूका अनुकरणीय व्यक्ति हुन् । राजनीतिमा हुने दाउपेच, आफू माथि पुग्न जस्तोसुकै कुकार्य गर्न पछि नपर्ने जमातले गर्दा राजनीति फोहोर भएको ठान्ने प्रभाकरमा प्रगतिवादी चेतना रहेको पाइन्छ । कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादप्रति आस्था राख्ने यिनको विचारमा श्रमिक, मजदुर, किसान तथा सर्वहारा वर्गको मुक्तिले मात्र सुन्दर समाजको निर्माण गर्न सकिन्छ भन्ने रहेको पाइन्छ । निम्नवर्गको उन्नतिले

मात्र देशको विकास गर्न सकिन्छ । वर्गीय असमानता रहेसम्म समाजमा कहिल्यै पनि द्वन्द्वको अन्त्य हुँदैन भन्ने उनको मान्यता देखिन्छ । त्यसकारण प्रभाकर समाजमा वर्गीय मुक्ति चाहने प्रगतिशील विचारका संवाहक र प्रगतिवादी विचार राख्ने व्यक्ति हुन् । त्यसकारण उनलाई प्रगतिचेतना भएको पात्र भन्न सकिन्छ ।

### ३.३.२ छन्दबहादुर

त्यसैगरी यस उपन्यासमा छन्दबहादुर प्रगतिवादी विचार भएका अर्का पुरुष पात्र हुन् । उनी बिर्खबहादुर भुजेलका छोरा हुन् । उनका हजुरबुबा रने भुजेल गोर्खा ढाक्रेपानीका जिम्वाल टीकारामका घरमा कमारो बसेका थिए । उनी डेढ वर्षको उमेरमा बुबासँग चितवन झरेका थिए । छन्दबहादुर कर्मठ र सहयोगी पनि छन् । उनका बुबामा पलाएको राजनैतिक चेतनाले छन्दबहादुरलाई पनि प्रभाव पारेको छ । त्यस क्षेत्रमा कम्युनिस्ट पार्टीको राम्रै प्रभाव रहेकाले उनी पनि सोही पार्टीसँग आवद्ध भएका छन् । छन्दबहादुर गोठालो जाँदा जुठीलाई बचाउँछ र घरमा बहिनीको दर्जा दिएर राख्छ । चितवनमा रहँदा-बस्दा पार्टीको काममा अत्यन्तै निष्ठापूर्वक लाग्दछन् । उनी समाजमा रहेको वर्गीय असमानतालाई जरैबाट उखेल्न तयार युवा हुन् । समाजमा शोषक, सामन्तको कारणले निम्नवर्ग सधैं शोषणमा परेको छ भन्ने उनको विचार रहेको छ । शोषणको अन्त्य नभएसम्म समतामूलक समाजको निर्माण हुन सक्दैन र वर्गीय मुक्तिको लागि शोषक वर्गलाई समाजबाट बहिष्कार गर्नुपर्छ भन्दै उनी कम्युनिस्ट आन्दोलनमा होमिएका हुन् ।

बर्दियामा जग्गा बाँडेको सुनेपछि परिवारसहित उनीहरू त्यता पुग्छन् । बर्दियामा पुगेपछि त्यहाँ राधेश्याम शर्मा, भरत अधिकारीजस्ता व्यक्तिहरूसँग चिनजान हुन्छ । तिनीहरूले नै छन्दहरूको परिवारलाई आश्रय दिन्छन् । राधेश्यामले कवितालाई छोरी मानेर छन्दसँग विवाह गरिदिन्छन् । बहुदलपछि भने राधेश्यामले चुनाव जित्छन् र काठमाडौं पलायन हुन्छन् । छन्दबहादुर र उनको परिवारलाई अब कामदारको जस्तो व्यवहार गरेको महसुस हुन्छ । राधेश्यामको पार्टी छोडेर छन्दबहादुर भरत अधिकारीको पार्टीमा लाग्छन् । देश र जनताको मुक्तिको निम्ति क्रान्तिमा होमिन्छन् । आमाको मृत्यु हुनु, बुबालाई सेनाले गोली हानी हत्या गर्नु र कविता पनि पूर्णरूपमा सशस्त्र विद्रोहमा लाग्नु छन्दको जीवनमा बर्दियमा घटेका घटनाहरू

हुन् । देश र जनतालाई उन्मुक्ति दिनको निम्ति सशस्त्र युद्धमा ज्यान उत्सर्ग गर्ने छन्दबहादुर वास्तवमै प्रगतिवादी पात्र हुन् ।

छन्दबहादुर किसान, मजदुर तथा सर्वहारावर्गप्रति सहानुभूति देखाएकाले युद्धमा होमिएका हुन् । जसले देश र जनताको मुक्तिको चाहनाका निम्ति जीवनका लामो समय वर्गीय मुक्तिका निम्ति अर्पण गरे । छन्दबहादुरमा आएको प्रगतिवादी चेतनाको कारणले गर्दा नै उनी सशस्त्र क्रान्तिमा होमिएका हुन् । उनले भोगेको विभेदयुक्त समाजलाई परिवर्तन गर्न र समाजमा वर्गीय द्वन्द्व हटाउन लागेका छन्द क्रन्तिको दौरानमा नै सहादत प्राप्त गरे त्यसैले छन्दबहादुर प्रगतिवादी विचार भएको पात्र हो ।

### ३.३.३ कविता

कविता पनि यस उपन्यासकी प्रगतिशील स्त्री पात्र हुन् । कविता हर्कबहादुर र मङ्गली घर्तीकी छोरी हुन् । उनको न्वारनको नाम के हो उनलाई थाहा छैन तर सबैले उनलाई जुठी भन्छन् । उपन्यासको “आकार” नामक अध्यायको तेस्रो अङ्कमा मात्र उनको प्रवेश पाइन्छ । सानैदेखि अन्याय र अत्याचार भोगेकी यिनमा असमान सामाजिक व्यवस्थाप्रति तीव्र आक्रोश रहेको छ । उनका बुबा सुख खोज्नको निम्ति ठूलो सपना देखेर चितवन झरेका छन् । चितवनमा जग्गा बाँडेको भन्ने सुनेर जग्गा पाउने आशमा परिवारसहित गोर्खाको थालाजुङ्बाट झरेका हुन् । जिम्वालको घरमा दिनरात काम गर्दा पनि मीठो खाना र राम्रो लाउन नदिएपछि परिवारलाई सुखसँग पाल्ने रहरले चितवन झरेका हुन् । चितवन झरेर पनि जग्गा नपाएपछि उनीहरू कुस्माखर नामक शोषक, सामन्त कहाँ हली बस्छन् । त्यहाँ कविताले आफ्नो परिवारमाथि कुस्मेले गरेको अत्याचारलाई नजिकबाट नियालेकी छन् । कुस्माखरले कवितालाई नपढाउन हर्कबहादुरलाई यसरी भन्दछन् : *“ए हर्के अब जुठी तरुनी हुन लागी । के हो कसो हो छोरीको जात । अब स्कुल नपठा । छोरीले पढेर काम छैन, कुनै गोठालाको लँगौटी धुने न हो । यहाँ बाखा नि धेरै भए । गोठालो पठा”* (पृ. ५३) ।

कविताले सानै उमेरदेखि श्रमशोषण मात्र होइन तर यौन दुर्व्यवहार पनि भोगेकी छ । आमाको मृत्यु अत्यधिक श्रमको कारण भएको र बुबाको पनि हत्या भएकाले आत्महत्या गर्न

जाँदा छन्दबहादुरले बचाउँदछन् । उनी उन्मुक्ति चाहने पात्र हुन्, उनी मुक्तिको बारेमा यसरी सोच्छिन् :

> *"कहिलेकहीँ गाउँघरतिर बग्ने उन्मुक्तिको हावाले छोएन हाम्रो दुःखलाई । कता पो बग्ने रहेछ त्यो उन्मुक्तिको बतास ? उत्पीडनका गहिरो घाऊ स्पर्श नगर्ने कस्तो होला त्यो उन्मुक्तिको हुरी ? मुक्ति नामको काल्पनिक आराधना हो कि कुनै विचारको जडवत् व्याख्यान हो ?"* (पृ. ५५) ।

छन्दबहादुरको परिवारको एक सदस्यका रूपमा बसेकी कविता भूमिगत कम्युनिस्ट आन्दोलनकी अग्रणी नारी हुन् । कम्युनिस्ट विचारधारामा अडिग कविता बर्दियामा पुगेपछि पनि पार्टीमा प्रत्यक्ष संलग्न रहन्छिन् । कामरेड राधेश्यामले छोरी बनाएपछि दाजु मानेको छन्दबहादुरसँग विवाह पनि हुन्छ । दुवैजना देशको मुहार फेर्न र देशलाई शोषक, सामन्तको हातबाट बचाउन सशस्त्र क्रान्तिमा लाग्छन् । उनी पटकपटक प्रहरीको फन्दामा परेकी छन् । जेलको यातना सहेर पनि परिवर्तनको निम्ति निरन्तर खटिएकी पात्र हुन् । प्रभाकरको स्कुलिङ, चम्पा, छन्द जस्ता साथीहरूका कारण उनमा क्रान्तिको अग्नि दन्किएको पाइन्छ । छन्दको मृत्युपछि उनलाई आफ्नो सतित्व जोगाउनसमेत धौ भएको छ ।

यिनै प्रगतिवादी कविता जो गणतन्त्रको आन्दोलनमा सहभागी हुँदा शहीद बनिन् । गोरखामा जन्मिएकी कविताले बाल्यकालदेखि शोषक, सामन्तको अन्याय र अत्याचार खपिन् । उमेर पुगेपश्चात् कम्युनिस्ट आन्दोलनमा सम्पूर्ण समय खर्च गरिन् र अन्त्यमा देशमा गणतन्त्र स्थापना गर्न र गरिब, किसान, मजदुर तथा श्रमिकवर्गका मुक्तिका खातिर आफ्नो प्राण अर्पण गरिन् । यसरी यी सबै घटनालाई नियाल्दा कविता प्रगतिवादी पात्र हुन् भन्ने स्पष्ट हुन्छ ।

### ३.३.४ चम्पा

यस उपन्यासमा अर्की प्रगतिवादी चरित्र चम्पा हुन् । मध्यमवर्गीय चम्पालाई घरमा खान-लाउन कुनै दुःख नभए पनि शोषक, सामन्तवादको अन्त्य हुनुपर्छ भन्ने प्रगतिवादी विचार उत्पन्न भएको छ । प्रभाकरको शिक्षामा हुर्केकी चम्पा नेपाली कम्युनिस्ट आन्दोलनकी एक खम्बा हुन् । कवितासँगको बढ्दो सन्निकटताले पनि उनमा मार्क्सवादी विचारले ठाउँ पाएको छ । कक्षा दशमा पढ्दा-पढ्दै बुर्जुवा शिक्षाको विरोध गर्दै मार्क्सवादी शिक्षातिर होमिएकी हुन् ।

उनी सुरुवाती चरणबाट नै अखिल महिला विभागकी प्रमुख भएकी थिइन् । उनी आफ्नो वैयक्तिक चिनारी प्रकट गराउने क्रममा निम्नानुसार प्रस्तुति गर्दछिन् : *"अखिल महिला विभागको प्रमुख थिएँ । गए वैशाखको डि.सी. को बैठकबाट पार्टीमा पनि कमिटेड गराइएको छ । इलाका कमिटीमा आबद्ध छु"* (पृ. ८२) ।

पार्टीमा उनलाई 'कुमारी' उपनामले पुकारिन्छ । जनमत सङ्ग्रहको विरोध, जेल जीवन, सशस्त्र माओवादी आन्दोलनसम्म उनको भूमिका महत्त्वपूर्ण रहेको देख्न सकिन्छ । पार्टीभित्रको अन्तर्विरोध नजिकबाट नियालेकी चम्पा पार्टीमा भएका कतिपय अन्तर्घातीहरूलाई चिनेर पनि केही गर्न सकेकी छैनन् । उनी उच्च जातकी बाहुनकी छोरी भएर पनि रामु विश्वकर्मासँग भूमिगत समयमा विवाह गर्छिन् । रामुको सहादत, कविता तथा छन्दहरूसँग भेटघाट नभएपछि उनी भौँतारिएकी छन् । अन्त्यमा नेपालगञ्जमा प्रभाकरलाई देखेपछि प्रभाकरको पछि लाग्छिन् । यतिबेला उनी बेसहारा बनेर हिँडेकी छन् । उनको अवस्थालाई निम्न साक्ष्यले प्रष्ट पार्दछ : *"अनुहारबाट हराउँदै गएको बैँसको चमक, कान्तिहीन अनुहार, फुङ्ग उडेर छरपस्ट केशराशि । पुरानो र मैलो देखिने कुर्ता सलवार । लावण्य हराएको छाती र थुम्किलाहरूको बिरसिलो मौनधारण"* (पृ. १०) ।

यस भनाइबाट थाहा हुन आउँछ, लामो समयसम्म जनताको उन्मुक्तिका निम्ति सारा व्यक्तिगत सपनाहरू त्यगेर युद्धमा होमिएका चम्पाजस्ता साधारण मिलिसियालाई पार्टीले वास्ता नगरेको कुरा चम्पाले प्रभाकरलाई बताएकी छन् :

> *"....यता पार्टीतिर मजस्ता नाथे मिलिसियाको उपादेयता नै सकियो । कार्यकर्ता भएर हिँड्नका लागि न लोग्ने, न घर, कहाँ बस्ने के खाने ? पार्टीले हेर्ने सबैकुरा सकिए । युद्ध समाप्त भएपछि पार्टीलाई मजस्ता मानिस घाँडो हुँदै गएको थाहा भयो...."* (पृ. १४) ।

यसरी जीवनका हजारौँ सपना त्यागेर केबल जनताको मुक्ति र देशमा सामन्तवादको अन्त्यको निम्ति घरपरिवार सब त्यागेर लागेकी चम्पा वास्तवमा नै प्रगातिवादी पात्र हुन् । जीवनको उत्तरार्द्धमा प्रेमदास अर्थात् प्रभाकरको सहारा बन्न तयार भएकी छन् । प्रभाकरको

साथमा रहेर देशबाट नक्कली मार्क्सवाद र ढोँगी कम्युनिस्ट आचारण विरुद्ध नयाँ अभियान चलाउन तयार हुन्छिन् । यसरी चम्पामा प्रगतिवादी विचार भएको कुरा स्पष्ट हुन्छ ।

### ३.३.४ कुस्माखर धिताल

कुस्माखर धिताल यस उपन्यासका सामन्तवादी चरित्र भएका सामन्तका प्रतिनिधि पात्र हुन् । उनी गोर्खा खरिबोटका हजारीया साहु कर्णप्रसाद धितालका छोरा हुन् । आफ्नै भाइबुहारीको बात लागेपछि उनी चितवन पठाइएका थिए । उनी गुणखर, प्रभाकर र रत्नाकरका बुबा हुन् । गरिब, निमुखा र सर्वहारावर्गको श्रमशोषण गर्ने, निम्न ज्यालामा काम लगाउने कुस्मे यौनशोषक पनि हुन् । उसका विरुद्धमा लाग्नेलाई खत्तम गर्न पछि नपर्ने प्रतिकूल स्वभाव उनमा रहेको छ । घरमा काम गर्नेप्रति कहिल्यै पनि टिठाउँदैनन् । छोरीको जातलाई पढाउन नहुने दाउरा, घाँसमा लगाउनु पर्ने विचारले ग्रसित शोषक हुन् । छोरा प्रभाकरमाथि पनि दुराशय राख्दछन् ।

कुस्माखर घरमा काम गर्ने मानिसहरूलाई कुट्ने, पिट्ने र अनेक षड्यन्त्रमा पार्ने स्वभावका व्यक्तिका रूपमा उपन्यासमा चिनाइएको छ । उनको हैकमलाई चुपचाप सहनुपरेको निम्नवर्गीय पात्रको बाध्यात्मक परिस्थिति उपन्यासमा देखाइएको छ । पछिल्लो समयमा सुध्रिएर कम्युनिस्ट बनेको जानकारी दिइएको छ ।

यसप्रकार कुस्माखरजस्ता शोषक, सामन्त र समाजका वर्गशत्रु रहेसम्म समाजमा वर्गीय द्वन्द्व रहिरहन्छ, यस्ता श्रमिक र समाजका शत्रुलाई मिल्काउनु पर्ने प्रगतिवादी विचार लेखकले दिन खोजेका छन् ।

यस उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको छ । नेपाली मात्र नभएर भारतीय पात्रको समेत उल्लेख्य उपस्थिति पाइन्छ । कुस्माखर धिताल, गुणाखर, टीकाराम जिम्वाल, हरिदत्त, कामरेड विवेकजस्ता शोषक, सामन्त पात्रले यो उपन्यासलाई जीवन्तता दिएको छ । पञ्चायत कालदेखि गरिब र निमुखा जनतालाई दुःख दिने, सताउने, श्रमशोषण गर्ने, बाहिरी रूपमा ढोँग रच्ने खलपात्रमार्फत् देशमा यिनीहरूको अन्त्य नभएसम्म गरिब, श्रमजीवीवर्गले मुक्ति नपाउने प्रगतिवादी विचार लेखकले दिन खोजेका छन् । नेपालमा मात्र नभएर भारतमा पनि गरिब र निमुखामाथि भएको दमन, अन्याय र अत्याचारलाई उपन्यासले देखाउन सफल भएको छ ।

समाजमा यसप्रकारका मानिसहरूको कारण प्रगति हुन नसकेको लेखकको विचार रहेको छ । पञ्चायत ढल्यो, प्रजातन्त्र आयो र गणतन्त्र पनि स्थापना भयो तर सबै युगमा यिनै शोषक, सामन्त र छेपारोले झैँ रङ फेर्ने मानिसहरूको नै हालिमुहाली रह्यो । कुनै सोझै देखिने वर्गशत्रु, कुनै नाममा कम्युनिस्ट तर व्यवहारमा सामन्तवादी सोच भएका जसले गर्दा श्रमिक, मजदुर र सर्वहारावर्गको कहिल्यै दिन नआएको लेखकको विचार रहेको छ ।

छन्दबहादुर, चम्पा, कविता, रामुलगायत कैयौँ परिवर्तनकामीहरूले देशमा वर्गीय समानताको सपना देखे । जीवनका सम्पूर्ण समय शोषक, सामन्तको विरुद्ध युद्धमा होमिए तर उनीहरूका सपना कहिल्यै पूरा हुन पाएन । नेतृत्वमा भएको सामन्तवादी सोच, पदलोलुपताको निम्ति हदैसम्म गिर्ने प्रवृत्ति भएका कैयौँ व्यक्तिका कारण देशमा परिवर्तन नआएको हो । युद्धमा होमिने र मारिने गरिबका छोराछोरी तर सत्ताको मज्जा लिने उनै शोषकवर्ग भएको कारण गरिब, दुःखीको सपना कहिल्यै पूरा नभएको लेखकको विचार रहेको छ । पात्रहरूमा देखिएको परिवर्तनको चाहना, प्रगतिवादी विचार व्यापक रूपमा फैलिएको देखिन्छ ।

यसप्रकार उपन्यासकारले यस उपन्यासमा पात्रहरूका माध्यमबाट देशमा परिवर्तन आए पनि परिवर्तनलाई संस्थागत गर्ने व्यक्तिहरू इमान्दार हुनुपर्ने विचार व्यक्त गरेका छन् । पात्रहरूमा देखिएको प्रगतिवादी चेतनाका साथै शोषक, सामन्तको विरोध गर्ने प्रभाकर, चम्पाजस्ता पात्र उपस्थित गराएर प्रगतिवादी विचार प्रस्तुत गर्न सफल भएका छन् । उपन्यासमा शोषक, सामन्तवर्ग र शोषित, दमित दुवै किसिमका पात्रहरूको सामाञ्जस्य मिलाइएको छ । समाजका शत्रु सामन्तहरूले गरेको दमन तथा शक्तिको दुरुपयोगलाई उपन्यासले विरोध गर्दै तिनीहरूको अन्त्य नभएसम्म समाजमा रहेको गरिबीको अन्त्य नहुने प्रगतिवादी विचार व्यक्त गर्न खोजिएको छ । समाजलाई शोषक, सामन्तको जालोबाट मुक्त गरेर समुन्नत र वर्गीय द्वन्द्वरहित समाज निर्माणमा लागेका कैयौँ पात्र साथै तिनीहरूमा देखिएको प्रगतिवादी चेतना यस उपन्यासमा पाइन्छ । ग्रामीण जनतालाई मुखिया, जिम्वालजस्ता सामन्तहरूले गरेको शोषण साथै निमुखा जनताहरू तिनैको शरणमा जानुपर्ने बाध्यता विभिन्न पात्रहरूको माध्यमबाट लेखकले उद्घाटन गर्न खोजेका छन् । विस्तारै मानिसहरूमा आएको प्रगतिवादी चेतनाको लहर यस उपन्यासका पात्रहरूमार्फत् व्यक्त गर्न खोजिएको छ ।

## ३.४ परिवेशमा प्रगतिचेतना

परिवेश भनेको पात्रले टेकेको तत्कालीन यथार्थ धरातल हो । जसलाई देशकाल, वातावरण पनि भनिन्छ । परिवेशभित्र भूगोल, समय, स्थान, समाज, जाति, वर्ग, संस्कृति, राजनीति, भाषा, धार्मिक, आर्थिक पक्षहरू पर्दछन् । पात्रहरूद्वारा घटित हुने घटनास्थल वा पात्रहरू खेल्ने क्रीडाभूमि परिवेश हो । प्रस्तुत उपन्यासमा नेपालका विभिन्न स्थान र भारतका विभिन्न स्थानहरू स्थानगत परिवेश हुन् । भौगोलिक परिवेशको रूपमा नेपालको ग्रामीण भेग गोर्खा जिल्ला, चितवन, बर्दिया, नेपालगञ्जलगायत भारतका विभिन्न स्थानहरू छन् । समयगत परिवेशको रूपमा पञ्चायतकालदेखि लिएर गणतन्त्र स्थापनासम्मको लामो अवधिलाई लिइएको छ । सामाजिक परिवेशलाई हेर्ने हो भने वर्गीय समाजको यथार्थ चित्रण पाइन्छ । शोषक, सामन्तको हालीमुहाली रहेको हरेक स्थानमा उनीहरूकै बिगबिगी रहेको गरिब र सर्वहारामाथि गरिने अत्याचारयुक्त सामाजिक परिवेश उपन्यासमा पाइन्छ । जातिगत परिवेश हेर्दा नेपालको बहुजातीय परिवेश पाइन्छ । बाहुन, घर्ती, तामाङ, थकालीलगायत भारतमा बस्ने विभिन्न जात-जाति तथा मधेशीमूलका जातिहरूको उल्लेख्य उपस्थिति पाइन्छ । वर्गीय परिवेशमा शोषक, सामन्त र शोषित सर्वहाराबीचको वर्गीयद्वन्द्वले ग्रसित परिवेश पाइन्छ । सांस्कृतिक परिवेश हेर्दा नेपाली संस्कृति र भारतीय संस्कृतिका साथै आस्तिक र नास्तिक दुवै प्रकारको संस्कृति पाइन्छ । राजनैतिक परिवेशलाई यस उपन्यासले मुख्य रूपमा उठाएको देखिन्छ । विशेष गरी नेपाली राजनीतिमा देखिएको विकृतिको चिरफार गर्दै राजनीतिमा भएको गलत नजिरको विरोध गर्दै आदर्श राजनीति गर्नुपर्ने सुझाव प्रदान गर्दै प्रगतिवादी विचार व्यक्त गर्न खोजिएको छ । भाषिक रूपमा बहुभाषिक परिवेशको चित्रण गरिएको छ । कुलीनवर्गले बोल्ने भाषा र निम्नवर्ग मानिसले बोल्ने भाषाको अन्तर प्रस्तुत गरिएको छ । पुलिसले बोल्ने असभ्य भाषा, नेताहरूले बोल्ने कपटपूर्ण भाषा, भारतीय क्षेत्रमा बोलिने भाषिक परिवेशको रूपमा आएका छन् । धार्मिक परिवेशको रूपमा फुल्टेक्रा शिव मन्दिर, भारतको स्वामी आनन्द घोषको आश्रम र धर्मभित्र पसेको राजनीति आदि उपन्यासमा आएका धार्मिक परिवेश हुन् ।

प्रस्तुत 'प्रेमदासको डायरी' उपन्यासमा माथि उल्लेखित परिवेशहरूको चर्चा गरी ती परिवेशभित्र प्रगतिवादी विचार खोजिएको छ ।

### ३.४.१ भौगोलिक परिवेश

भूगोलको आधारमा हेर्दा 'प्रेमदासको डायरी' उपन्यासले बृहत् भूगोललाई समेटेको छ । यसले नेपालभित्र र नेपाल बाहिरका भूगोललाई पात्रहरूको क्रीडास्थल बनाएको छ । नेपालको पहाडी भूगोल, मधेश, तराई सम्पूर्ण भूगोलको चर्चा गर्दै भारतको विभिन्न स्थानको भूगोलको सचित्र व्याख्या गरिएको पाइन्छ । उपन्यासको आरम्भ भाग (कुटीमा कथारम्भ)मा नेपालगञ्जको भूगोलको चर्चा गरिएको छ । नेपालगञ्जको गर्मीलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"....त्रिभुवन चोकतर्फबाट आइरहेको एउटा पीतवस्त्रधारी मानिस वीपी चोकमा पुग्नासाथ टक्क अडियो र उसले पहेँलो गम्छाले अनुहारभरिको पसिना पुछ्यो । सडक किनाराको घरको छायामा उभियो...."* (पृ. ९) ।

दोस्रो "आकार" नामक अध्यायमा भने पहाड र तराईका विविध क्षेत्रहरूको चर्चा गरिएको छ । पहाडमा साहुको घरमा कमारो बस्नु परेको घटनाको स्मरण, कमरा-कमारी अन्त्य भए पनि घर्तीहरू पेट पाल्न बाहुनहरूको आश्रयमा गएको पहाडी क्षेत्रको परिवेश पाइन्छ । पहाडमा काम गरेर जहान परिवार पाल्न नसकेपछि जहान बच्चा पाल्ने हेतुले उब्जनी हुने जग्गा खोज्दै तराई क्षेत्रमा आउने पहाडीया मूलका मानिसहरू चितवन झरेको घटनालाई उपन्यासमा जीवन्त रूपमा समेटेको पाइन्छ । चितवनको गीतानगर लगायतका पश्चिम चितवनका विभिन्न क्षेत्रमा आएर बसेका पहाडी मूलका मानिस र ती मानिसहरूमा आएका राजनैतिक जागरण उपन्यासमा अत्यन्त रोचक वर्णन गरिएको छ । भूगोलले पनि मानिसको चेतनामा प्रभाव पर्छ भन्ने कुरा उपन्यासको निम्न साक्ष्यबाट स्पष्ट हुन्छ :

> *"....अनौठो प्रकारले राजनीतिक चेतनाको विस्तारले पनि यो भेगलाई दुई भागमा टुक्रायो । नहरमुनि पर्याप्त धान उत्पादन हुने सम्पन्न किसानहरूमा कम्युनिस्ट विचारले जरा गाड्यो । नहरमाथिका विपन्न र नहरमुनिका किसानसँग धान किनेर भात खानेहरू अधिकांश काङ्ग्रेस भएर निस्के"* (३१) ।

पहाडी भूगोलमा भन्दा तराई भूगोलमा राजनीति चेतना बढेको कुरा यस खण्डमा स्पष्ट देख्न सकिन्छ । पञ्चायतको विरुद्धमा लागेका भूमिगत जीवन बिताउने मानिसहरूको आश्रयस्थल भने पहाडी भूगोल नै हुन्थे । देशको राजनैतिक परिवर्तनमा भूगोलले पनि निकै

महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सशस्त्र युद्धको समयमा पनि प्रायः पहाडी क्षेत्र र तराई क्षेत्रका ग्रामीण भूभागहरूमा भूमिगत जीवन बिताउनेहरू र सशस्त्र योद्धाहरू रहन्थे । पहाडका गाउँले जीवन र तराई तथा मधेश र भारतीय भूमिका गरिब निमुखाहरूका जीवन जिउने तरिका भूगोलले ल्याएको फरकपना हो । शोषण पनि भूगोलअनुसार केही फरक देखिन्छ । भारतीय भूगोलमा प्रायः यौन शोषण हुने र पहाडी भूगोलमा श्रमशोषण बढी हुने देखिन्छ । चेतनास्तरको प्रभाव पहाडी क्षेत्रमा भन्दा तराई क्षेत्रमा छिटो पर्ने देखिन्छ । प्रभाकरले घुमेको भारतका विभिन्न भूगोल र त्यहाँ सिकेका र देखेका कुराहरूलाई हेर्ने हो भने प्रगतिचेतनाको निम्ति भूगोल पनि अपरिहार्य मानिन्छ ।

प्रभाकरले घुमेका भारतका लखनौ, गुजरात, कानपुर, काश्मिर, पञ्जाव जस्ता भौगोलिक स्थानहरू पनि निकै महत्त्वपूर्ण रहेका छन् । ती ठाउँमा कैयौँ राजनीतिज्ञहरूसँगको भेटघाटले नेपालको राजनीतिमा भारतीय चासो बुझ्ने मौका प्रभाकरले पाए । नेपालको सबै प्रकारको राजनैतिक घटना भारतमा थाहा हुने र नेपालबारे उनीहरूले राख्ने अनावश्यक चासो र हस्तक्षेपलाई पनि प्रभाकारले नजिकैबाट बुझ्न पाए ।

यसप्रकार यस उपन्यासमा नेपालको भूगोलको रूपमा पहाडी क्षेत्रको गोर्खा जिल्लाको ढाक्रेपानी, थालाजुङजस्ता स्थानहरू आएका छन् । यी स्थानका गरिब, सर्वहारा श्रमजीवी मानिसहरू जीवन जिउनको निम्ति निरन्तर गरेको सङ्घर्ष र शोषक, सामन्तको दास बन्नुपर्दा पनि चुपचाप सहनु परेको यथार्थ उपन्यासमा उल्लेख छ । तराई क्षेत्रको चितवन जिल्लाका विभिन्न गाउँ बस्तीमा गाउँगाउँबाट आएका मानिसहरू र ती मानिसहरू पुनः उनै शोषक, सामन्तकै अधीनमा रहनु परेको दुःखदायी घटनाहरू उपन्यासमा आएका छन् । बर्दिया, नेपालगञ्ज, दाङ, काठमाडौँ, विरगञ्जलगायतका कैयौँ पहाड तथा तराईका स्थानहरू उपन्यासमा आएका छन् । उपन्यासमा उल्लेखित भौगोलिक क्षेत्रमा घटेका विभिन्न घटनाहरूले नेपालको राजनैतिक परिवर्तनमा ठूलो सहयोग पुगेको देखिन्छ ।

घटना घट्ने स्थान हुन्छ र ती स्थानले कुनै न कुनै भूगोलको प्रतिनिधित्व गरेको हुन्छ । यस उपन्यासमा पनि नेपाल र भारतीय भूगोलमा घटित घटनाहरूको विवरण प्रशस्त पाइन्छ । नेपालमा घाइते भएका कैयौँ घाइते सशस्त्र विद्रोहीहरू भारतीय भूगोलमा गएर उपचार गर्नु पर्ने, आन्दोलनका लागि पहाडी क्षेत्रभन्दा उपत्यका र तराई क्षेत्र बढी प्रभावकारी मानिने,

मानिस लुक्न, सेल्टर लिन पहाडी भेग सुरक्षित हुने कुरालाई हेर्दा भौगोलिक परिवेश महत्त्वपूर्ण मानिन्छ ।

यसप्रकार प्रस्तुत उपन्यासमा विविध भौगोलिक परिवेशको प्रयोग गरिएको छ । यस उपन्यासमा नेपाली भूगोल राष्ट्रिय भौगोलिक परिवेश हो भने भारतलगायतका भूगोल अन्तर्राष्ट्रिय भौगोलिक परिवेश हो । यथार्थ भूगोलको रूपमा नेपाल, भारत छन् भने पर्दा (नेपथ्य) परिवेशको रूपमा रुस, चीनलगायत विभिन्न मुलुकहरूको नाम उल्लेख भएको छ । भारतीय भूमिमा पनि कम्युनिस्ट आन्दोलनको जानकारी दिइएको छ । यसरी प्रस्तुत उपन्यासमा भैगोलिक क्षेत्रले पनि समाज परिवर्तनमा केही न केही भूमिका खेलेको हुन्छ भन्ने प्रगतिवादी विचार पाइन्छ ।

### ३.४.२ स्थानगत परिवेश

स्थान भन्नाले भूगोलभित्रको स्थूल विभाजन हो भन्ने बुझिन्छ । यस उपन्यासमा स्थानगत परिवेशभित्र गोर्खा जिल्लादेखि लिएर भारतका विभिन्न स्थानहरूसमेत उल्लेख गरिएका छन् । उपन्यासको आरम्भमा नेपालगञ्जका विभिन्न स्थानहरू उललेख छन् जहाँ वीपीचोक, त्रिभुवनचोक, त्रिवेणीमोडजस्ता स्थान देखिएका छन् । दोस्रो अध्यायमा भने भारत, पाकिस्तान, बङ्गलादेशजस्ता स्थानहरूको पनि नाम आएको छ । गोर्खा जिल्लाको ढाक्रेपानी, थालाजुङ, छेपेटारलगायतका क्षेत्रका साथै ढाक्रेपानीको कुखुरेवनमा रने भुजेलको खोप्रो रहेको स्थानगत परिवेशले नेपालमा व्याप्त रहेको सर्वहारावर्गको वासस्थानको प्रतिनिधित्व गरेको छ । बिर्खबहादुर भर्ती भएपछिको गोरखपुर तालिम केन्द्रका साथै इलाहावाद भारतीय भूगोलका स्थानहरू हुन् । परिवार पाल्नको निम्ति नेपालीहरू भारत पलायन हुनुपर्ने र त्यहाँ श्रम गर्नुपर्ने परिस्थितिलाई यी स्थानमार्फत् प्रस्तुत गरिएको छ । चितवन जिल्लाका स्याउलीबजार, गीतानगर, चम्पानगर, नारायणगढ, भरतपुर, वरण्डाभार जङ्गल, टिकौली, डुम्रियाजस्ता तराईका विभिन्न स्थानहरू उल्लेख गरिएको छ । विशेष गरी सर्वहारा बस्ने स्थान जङ्गलको छेउछाऊ तथा भित्रीबजार क्षेत्र रहेका छन् । गाईवस्तु चराउने स्थान, रापती नदीलगायतका धेरै स्थानको नाम यस अध्यायमा पाइन्छ ।

उपन्यासको तेस्रो अध्यायमा पनि बृहत् भूगोलका कैयौँ स्थानहरूको नाम उल्लेख रहेको छ । ती स्थानहरूमा रहेका मानिसहरूमा पलाएको चेतना साथै ती स्थानले राजनैतिक परिवर्तनमा खेलेको भूमिका उल्लेखनीय रहेको छ । यस अध्यायमा जुगेडी क्षेत्रको लामागाउँ, वीरगञ्ज कारागारको बन्दीगृहजस्ता स्थानगत परिवेशको चित्रण गरिएको छ । माडीको वसन्तपुर क्षेत्रमा पार्टीको बैठक बसेको, जनमत सङ्ग्रहको बारेमा गरिएको छलफल र कार्यविभाजन आदि घटनालाई हेर्दा स्थानगत परिवेश पनि राजनैतिक परिवर्तनको क्षेत्रमा सहयोग पुऱ्याएको थाहा हुन्छ । बर्दिया जिल्ला र त्यसका विभिन्न स्थान, नरकटीयागञ्ज, कलकत्ता, कानपुर, पश्चिम बङ्गालको नक्सालवाडी, भागलपुर, हजरतगञ्ज, स्वरूपनगर, मुम्बई, झाँसी, लखनौ, बेरिबोली स्टेसन, जम्मु कश्मीरजस्ता स्थानगत परिवेशले भूमिका निर्वाह गरेको छ । यी स्थानहरूमा घटेका प्रत्येक घटनाक्रमले राजनैतिक प्रगतिचेतना प्रदान गरेको छ । नेपाल र भारतमा रहेको कम्युनिस्ट पार्टीको अवस्था, नक्सालवाडी, भागलपुर क्षेत्रका स्थानीय गरिब, निमुखा र सर्वहारावर्गको स्थितिलाई हेर्दा वास्तवमा प्रगतिवादी विचार प्रकट भएको पाइन्छ । नेपालको राजनीतिमा भारतीय चासोका साथै सामान्यभन्दा सामान्य कुरा पनि भारतबाटै सञ्चालित हुने नेपालको राजनैतिक हस्तक्षेप भारतले गरेको खुलासा प्रभाकर घुमेको प्रायः स्थानबाट थाहा हुन आउँछ ।

"अभिसार" अध्यायमा उल्लेखित स्थानहरूमा फुल्टेक्रा शिवमन्दिर, खजुरा, बाँसगढी, मगरागढी, दमौली, ठाकुरद्वारा, माछागढलगायत नेपालगञ्ज र बर्दिया वरपरको क्षेत्रलाई स्थानगत परिवेशको रूपमा प्रस्तुत गरिएको छ । यी क्षेत्रहरूमा स्वामी प्रेमदास घुमेको र माओवादी प्रभावित क्षेत्रलाई नजिकबाट नियालेको र सबै घटनालाई डायरीमा टिपेको कुरा उल्लेख गरिएको छ । जोगीको भेषमा यी स्थानहरूमा प्रभाकर घुमेको माओवादी र सेनाको गतिविधि नजिकैबाट नियालेका छन् : *"मैले माओवादी र सेना दुवैका गतिविधि नजिकैबाट नियालिरहेको थिएँ । माओवादी पार्टी र अन्य राजनीतिक दलबीच बाह्र बुँदे सहमति सम्पन्न भएको कुरा स्वामी आनन्दले मेरो मोबाइलमा फोन गरेर बताए"* (पृ. २२५) ।

यस खण्डमा दाङ, नेपालगञ्जलगायतका स्थानगत परिवेश पनि उल्लेख गरिएको छ भने नेपालगञ्जमा भएको आन्दोलनमा कविता शहीद हुनु तथा अन्तिम अध्याय पनि नेपालगञ्जमा नै समाप्त हुनुजस्ता स्थानगत परिवेश यस उपन्यासका परिवेश हुन् ।

यसप्रकार प्रस्तुत उपन्यासमा नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, रुसलगायतका विभिन्न मुलुकका भूगोल र सो भूगोलका विभिन्न स्थानहरू उल्लेख गरिएका छन् । प्रत्येक स्थानमा केही न केही घटनाक्रम देखाइएको छ । यी स्थानहरूले नेपाली कम्युनिस्ट आन्दोलनको वास्तविकतालाई देखाउन खोजिएको छ । विभिन्न स्थानमा भएको लडाईंदेखि लिएर राजनैतिक गतिविधि, सर्वहारा सुकुम्बासीहरू जग्गाको खोजमा विभिन्न ठाउँमा भौंतारिनु, गाउँगाउँमा राजनैतिक घटनाहरू देखिनु, पार्टीको विषयलाई लिएर झगडा गर्नुजस्ता घटनाहरू स्थानगत परिवेशले समेटेको हुन्छ त्यसैले यस उपन्यासको स्थानगत परिवेशमा पनि प्रगतिवाद देखिन्छ ।

### ३.४.३ समयगत परिवेश

समयगत परिवेशअन्तर्गत यस उपन्यासमा पञ्चायतकालदेखि प्रजातन्त्र स्थापना र दशवर्षे माओवादी जनयुद्ध र गणतन्त्र स्थापनासम्मको समयावधि समेटिएको छ । निकै लामो कालखण्ड समेटिएको यस उपन्यासमा पञ्चायतकालमा रहेको कमारोप्रथाको उदाहरण पनि प्रस्तुत गरिएको छ । पञ्चायतकालमा गाउँका ठूलाबडाले गरेको हालीमुहाली, शोषण, अन्याय र अत्याचारको यथार्थ रूप उपन्यासमा प्रस्तुत भएको छ । गाउँका मुखिया तथा जिम्वालहरूले गाउँका सोझा-साझालाई अनेक बहानामा दास तुल्याएको सामन्तवादी समयको परिवेश उल्लेख गरिएको छ । कम्युनिस्ट विचारधाराले मानिसमा ल्याएको पञ्चायतप्रतिको विद्रोह चितवनमा प्रशस्त देख्न सकिन्छ । विभिन्न आमसभा हुने र पञ्चायत विरोधी गतिविधि हुने हुँदा पञ्चायत कालीन समयको राजनैतिक अवस्था उपन्यासमा उल्लेख छ । कतिपय आन्दोलनमा लागेका मानिस पनि पञ्चहरूसँग साँठगाँठ गरेर आफ्नो स्वार्थ परिपूर्ति गर्ने परिपाटी रहेको देखिन्छ । कतिपय कार्यकर्ता भने विनाकारण राजद्रोहको मुद्दामा थुनिनुपर्ने अवस्थालाई यसरी व्यक्त गरिएको छ :

> *“एउटै मुद्धामा कामरेड विवेक शेरचनलगायत सत्रजनाले राजकाज अपराधसम्बन्धि मुद्दामा सफाइ पाए । म र कामरेड परशुराम मात्र पञ्चायती सत्ताका लागि अपराधी साबित भयौं । जिल्ला सेक्रेटरी कमरेड विवेकको घरबाट बन्दुक र गोलीहरू बरामद भएको थियो । तत्कालीन अञ्चलाधीश नन्दबहादुर मल्ल, उनका पहाड गाउँका छिमेकी र नातेदारसमेत भएकाले उनले सफाइ पाए । उनका सिफारिशमा आफ्ना समर्थक, सहयोगीलाई पनि सफाइ दिलाए”* (पृ. ८९) ।

पञ्चायतको विरोध गर्नेहरूले भूमिगत जीवन बिताउनु परेको घटना, पार्टीभित्र पनि अन्तर्घातीहरूको बिगबिगी, पैसा र पदको अहमता, आदर्श राजनीति गर्नेहरूले मानसिक पीडा खप्नुपर्ने राजनैतिक विकृतिको पर्दाफास गरिएको छ । पञ्चायत विरुद्धको आन्दोलनमा गिरफ्तार भएकाहरूले खप्न परेको चरम यातना तथा प्रहरी प्रशासनको दबाब सहेका पार्टीका सदस्यहरूको दयनीय अवस्था उपन्यासमा देखाइएको छ । आदर्शवादी र निष्ठाको राजनीति गर्नेभन्दा पनि पैसा र चिनजानको राजनीतिले स्थान लिएको यथार्थ उल्लेख गरिएको छ । जेलभित्र प्रहरीले बोल्ने अपाच्य शब्दहरू, जङ्गलमा भाग्न लगाएर गोली हानेर हत्या गर्ने शैली पञ्चायतकालीन समयका घटना हुन् । जनमत सङ्ग्रहको समयमा निर्दलीय पञ्चायतका पक्षधरहरूले गाउँगाउँमा भोज खुवाएका छन् । प्रभाकरले तिनीहरूलाई लखेट्न सफल भएका छन् । निष्ठाको राजनीति गर्ने प्रभाकर जेलबाट भारततिर भूमिगत भएका छन् । नेपालमा बहुदल आएपछि पैसावालाहरू मन्त्री र सांसद भए भने पार्टीको निम्ति लामो समयसम्म त्याग र बलिदान गर्नेहरूलाई अपहेलना गरियो । इमान्दर कार्यकर्ता छन्द, कविता, चम्पहरूलाई राधेश्यामजस्ताले आफ्नो सत्तामा पुग्ने भऱ्याङ बनाए । प्रभाकरजस्ता इमान्दार, कर्तव्यनिष्ठ र आदर्श व्यक्तिहरू स्वामी बनेर योगीको भेषमा बाँच्नुपरेको अवस्था देखिन्छ ।

पञ्चायत सकिएर बहुदल आएपछि भने नेपालको राजनीति अस्थिर हुन गयो । जुन सपना देखेर आन्दोलन गरिएको थियो त्यसको कुनै उपलब्धि भएन । टाठाबाठा, पदका लागि जस्तोसुकै निकृष्ट कार्य पनि गर्न सक्ने मानिसहरूले सत्तामा हक जमाएर बसे । आफूलाई त्यो स्थानसम्म पुऱ्याउने कार्यकर्ताको त्याग र बलिदानको सम्मान भएन, शहीदको बलिदान खेर गयो । कम्युनिस्टहरू विभिन्न धारमा विभाजित भए । सत्ता र शक्तिको आडमा कम्युनिस्ट सिद्धान्तलाई बिर्सिए । मजदुर, किसान, श्रमिकवर्गको हकहितका लागि लडेका योद्धाहरूको सपनामा तुषारापात भयो । छन्द, कविता, चम्पालगायत कैयौँ कार्यकर्ता अलपत्र भए । बहुदलीय व्यवस्थाले झन् सर्वसत्तावाद र नवसामन्तवाद जन्मायो । राधेश्यामजस्ता मानिसहरूले धरातल बिर्सिएर काठमाडौँ रोजे । भरत अधिकारीहरू नयाँ जनवादी क्रान्तिको पक्षमा लागे । पूँजीवादीहरूसँगको साँठगाँठले पार्टीको परिचय पनि हराउन पुग्यो । संसदवादमा लागेको कुरा पनि भरत अधिकारीले यसरी गरेका छन् :

*"...टाउको कटुवा उग्रवामपन्थीहरू अन्ततः दक्षिणपन्थी संसदवादमा भासिन खोज्दैछन् । उनीहरू कार्यगत एकताका लागि काङ्ग्रेसको दैलामा लम्पसार छन् । तिमीले पनि राधेश्यामलाई साथ दियौ भने मैले गरेको सहयोग बालुवामा पानी हालेजस्तै हुने भो ? ती उग्रवादीहरूको दस्तावेजमा के छ र अध्ययन गर्ने ? संसदवादमा जाने दक्षिणपन्थी वकवास न हो"* (पृ. २४३) ।

सर्वहाराको सपना बोकेर युद्ध मैदानमा उत्रिएको पाटी अन्त्यमा विभाजन भयो । कतिले पार्टी परित्याग गरे । अवसरवादी पहुँचवालाहरूले पार्टीमा राम्रै स्थान पएको कुरा छन्दुले यसरी बताएका छन् :

*"खै विचारको धरातल पनि कता भासियो थाहा छैन । इतिहासको ब्याज असुल्ने होड चलेजस्तो छ । त्यो पनि धन भएका, पहुँच भएका र वाक्पटुता भएकाहरूले मात्र उठाउने अवसर पाएजस्तो लाग्छ । हामीले चाहेर पनि सक्दैनौँ"* (पृ. २५८) ।

बहुदल स्थापना भए पनि पार्टीले राम्रो काम नगरेकाले सशस्त्र जनयुद्धमा एक खेमा होमिएको देखिन्छ भने यस खेमामा कविता, छन्दु, चम्पा आदि छन् । सशस्त्र जनयुद्धको समयगत परिवेशलाई पनि यस उपन्यासले निकै समय खर्चेको देखिन्छ । दसवर्षे जनयुद्धभित्र देखिएका सम्पूर्ण अवशेषलाई पनि यस उपन्यासले समेटेको देखिन्छ । माओवादी जनयुद्धमा कैयौँ सर्वसाधारणले दुःख पाए । कतिले सुराकीको आरोपमा युद्धरत पक्षबाट यातना र मृत्युवरण गर्न पऱ्यो भने कतिले राज्य पक्षका सेना तथा प्रहरीबाट यातना र मृत्युवरण गर्नु पऱ्यो । समाजका वर्गशत्रुको पक्षमा युद्ध चलाए पनि सर्वसाधारणले दुःख पाउनुपरेको थियो । जनमुक्ति सेनाभित्र पनि अमेलको वातावरण सिर्जना भएको घटना यसरी वर्णित भएको छ :

*"जनमुक्ति सेनाभित्रै पनि कमाण्डरहरूको स्वेच्छाचारिताको टिप्पणी गर्ने थुप्रैको ज्यान गइसक्यो । महिला सेनाहरू पनि कतिपय गर्भवती भएर अलपत्र छन् । राजनीतिक कमिसारहरूसँग पनि सेनाको मनोमालिन्य बढिरहेको छ । म युद्धको गतिबाट निराश बन्दै छु ...."* (पृ. २७२-२७३) ।

देशमा चलेको यस युद्धमा छन्दबहादुरका बुबाले विनाकसुर गोली खानु पऱ्यो भने कतिपय सोझा गाउँले सुरबहादुर तामाङजस्ताले पनि मृत्युवरण गर्नु पऱ्यो । धेरैजसो युद्धमा होमिनेहरू रहरभन्दा पनि बाध्यतले गएको कुरा सीमा पाठक (वन्दना) को निम्न भनाइबाट स्पष्ट हुन्छ : *"जबरजस्ती पनि होइन । खुसीराजीले पनि होइन । मलाई पनि हिँड्नै पर्ने बाध्यता थियो । बाँच्ने आधार थिएन । बाबुआमा दुवै गुमाएकी टुहुरी । एउटा दश वर्षको भाइलाई छिमेकीको घरमा गोठालो राखेर म यता हिँडेकी हुँ"* (पृ. २७८) ।

जनयुद्धभित्र पनि विभिन्न गतिविधिहरू भए जसमा कतिपयलाई पार्टीभित्र गायब गरिन्थ्यो । यसमा पनि भित्रभित्र पर्टीको हित विपरीत काम गर्ने स्वार्थी समूहको बाहुल्यता बढेको देखिन्छ । सोझा जनमिलिसियाहरू र जनसेनाहरू नेताहरूको सुरक्षमा खटिनु पर्ने र ज्यान हत्केलामा राखेर हिँड्नु पर्ने बाध्यता यस समयमा थियो । भित्री रूपमा समाजका वर्गशत्रुसँग साँठगाँठ गर्नेहरूको जमात पनि प्रशस्तै देखिए भने बिस्तारै आन्दोलनलाई तुहाउन लाग्नेहरू पनि प्रशस्त देखिए । कैयौँ निर्दोष व्यक्तिहरूको प्राण उत्सर्जन भएको यस युद्धको अन्त्य दिल्लीमा नेपालका राजनीतिक दल र युद्धरत माओवादी पक्षबीच बाह्र बुँदे सम्झौतापछि भयो । देशमा गणतन्त्र स्थापनाका लागि आन्दोलन भए भने कविताजस्ता कैयौँले जीवन उत्सर्जन गरे ।

यसप्रकार प्रस्तुत उपन्यासमा २०४६ सालको जनआन्दोलन अघि र २०६२/०६३ सालको जनआन्दोलनसम्मको समयलाई समयगत परिवेशको रूपमा समेटेको छ । पञ्चायतकालदेखि गणतन्त्र स्थापनासम्म जनताको मुक्तिको निम्ति विभिन्न आन्दोलनहरू भए पनि त्यसले श्रमिक, मजदुर, सर्वहारावर्ग र किसानको जीवनमा खासै परिवर्तन ल्याउन सकेको देखिँदैन । नेपालको प्रत्येक राजनैतिक परिवर्तनमा भारतीय हस्तक्षेप रहने, नेपालमा हुने प्रत्येक घटना नेपालमा भन्दा भारतमा पहिले थाहा हुने, देशको सानातिना कुराहरू पनि भारतीयले मिलाइदिनु पर्ने, सत्ताको निम्ति भारतीयलाई हारगुहार गर्नेजस्ता परिपाटीलाई उपन्यासले समेटेको छ । पञ्चायत, बहुदल, दशवर्षे जनयुद्ध, गणतन्त्र आन्दोलनको मुख्य समयगत परिवेश समेटेको यस उपन्यासमा समाजमा परिवर्तनको खातिर कम्युनिस्ट आन्दोलन भए पनि स्वार्थी, लोभी तथा वाक्पटु र समाजका वर्गशत्रुहरूको हातमा सत्ता पुगेको यथार्थलाई देखाइएको छ । जतिसुकै ठूलो परिवर्तन आए पनि जनताले उक्त परिवर्तनको आभास गर्न सकेको छैन । सच्चा,

इमान्दार, आदर्शवादी र कर्तव्यनिष्ठ व्यक्तिहरूको दयनीय अवस्था उपन्यासमा देखाइएको छ । जतिसुकै राम्रो काम गरे पनि अवसरवादीहरूले सत्यनिष्ठ व्यक्तिहरूद्वारा माथि उठ्न दिइएको छैन । यस उपन्यासले लामो समयगत परिवेश समेट्दै जनताको पक्षमा र जनताको मुक्तिको निम्ति राजनीति गर्नु पर्ने प्रगतिवादी सन्देश दिएको छ ।

### ३.४.४ सामाजिक परिवेश

'प्रेमदासको डायरी' उपन्यासमा सामन्तवादी सामाजिक व्यवस्था र सर्वहारावर्गले गरेको वर्गसङ्घर्ष प्रस्तुत गरिएको छ । मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादले समाजमा धनी र गरिबबीचको खाडल रहेसम्म द्वन्द्व चलिरहने कुरा स्वीकार गरेको छ । साम्राज्यवाद र पूँजीवादको विरोध गरेर साम्यावादी समाजको सुन्दर परिकल्पना गर्दछ । वर्गविहीन सुखी समाजको कल्पना गर्दछ । श्रमप्रति सम्मान गर्ने समाज निर्माणमा प्राथमिकता दिन्छ । असमान सामाजिक वितरणको कारण नेपालमा जतिसुकै आन्दोलन र परिवर्तन भए पनि गरिब, सर्वहाराको परिवर्तन भएको छैन । राज्य सञ्चालनको निकायमा सामन्तवादी विचारले ग्रसित र कथित उच्चवर्गको पहुँच भएकाले निम्नवर्ग शोषित र दमित रहनु परेको छ । निम्नवर्गले जहिल्यै पनि उच्चवर्गको शोषण खप्नुपरेको छ ।

यस उपन्यासमा सामन्तवादी समाज र सामन्तवादी समाज परिवर्तनका निम्ति भएको विभिन्न आन्दोलनहरूलाई समेटिएको छ । नेपालको वामपन्थी आन्दोलनको सम्पूर्ण दस्तावेजको रूपमा चिनिएको प्रस्तुत उपन्यासमा कमारा-कमारी प्रथाको अंश पनि समावेश भएको छ । गाउँ-गाउँमा मुखिया तथा जिम्मवालहरू रहने र ती साहुहरूले गरिब र सर्वहारालाई घरमा दास बनाएर राख्ने परिपाटीलाई प्रस्तुत गरेको छ । समाजमा धनी र गरिबबीचको व्यापक खाडललाई उपन्यासमा देखाइएको छ जसले गर्दा समाजमा वर्गीय द्वन्द्व देखिन्छ । हुनेखाने र हुँदाखाने वर्गबीचको सामाजिक द्वन्द्व देखाएर वर्गविभेदरहित सुन्दर समाजको परिकल्पना गरिएको छ ।

तत्कालीन समयमा नेपालका युवाहरू भारततिर जागिर खान जाने सामाजिक परिवेशलाई रने भुजेलका छोरा बिर्खबहादुर भुजेल र उनका छोरा टुकबहादुरलाई प्रतिनिधि पात्रको रूपमा प्रस्तुत गरिएको छ । लाहुर गएर धन कमाउने सपना लिएर विदेशी भूमिमा

आफ्नो रगत-पसिना सिँचित गर्ने त्यस समयको सामाजिक परिवेश हो । गाउँघरमा साहुहरूले लिएको चर्को व्याजको सन्दर्भ पनि यसरी आएको छ :

> *"भोलिपल्ट बिहानै उठेर बाबुछोरा टीकाराम जिम्वालको घरमा गए । दशैँमा लिएको एकबिस पाँच साँवा र पाँच रूपिया ब्याज गरी ३० रूपिया ऋण तिरे । त्यसपछि हर्मी गएर तारा साहुको कपडा पसलको पनि ऋण तिरे" (पृ. २५) ।*

यसरी यस उपन्यासमा तत्कालीन समाजको वास्तविकता देखाउन खोजिएको छ । गाउँ-घरमा दिनरात मिहिनेत गर्दा पनि खान नपुग्नाले गाउँलेहरू तराईमा जग्गा पाउने लोभले चितवन झर्ने सन्दर्भ पनि आएको छ । पश्चिम चितवनमा झरेका मानिसहरूमा भएको सामाजिक तथा राजनैतिक परिवर्तन पनि उपन्यासमा आएको छ । गाउँ-घरमा पनि दुःख गरेका यी गाउँलेहरूलाई चितवनमा पनि उही दुःखले घेरेको छ । गाउँ, समाज फेरिए पनि सामन्तवादी सोच र गरिब जनताको गरिबी कहिल्यै हटेन । गोर्खाकै थालाजुङबाट झरेका हर्कबहादुर घर्तीलाई कहिल्यै पनि गरिबीले छोडेन । गोर्खा छँदा दिनरात साहुको काम गर्दा पनि कहिल्यै मिठो खाना र राम्रो लगाउन पाएनन् । उनीहरूले जाडो, गर्मी, रोग, बिरामी नभनी जिम्वालको सेवा गरेको कुरा कविता (जुठी)ले बताएकी छन् :

> *"मीठो खाने भनेको त बाहुनको बिहेमा मात्र हो । गाम्मा बिहे हुँदा दुलाहादुलहीको डोली बोक्ने काम घर्तीहरूले गर्नुपर्थ्यो । मेरा बाले पनि धेरै बाहुनीका डोली बोके । म सानी बच्चीले खाएको पनि हिसाब राख्थे रे तिनले । मेरा लागि चाडवाडमा कपडा किन्न लिएको पैसा र खोप्रोमा आफैँले पकाएर खान लिएको अन्नको मूल्य जोडेर राख्थे । दुइटा शरीर वर्ष दिनभरि दलिए पनि कहिल्यै ऋण तिर्न नसकिने । असाध्यै अन्याय सहे बाआमाले । राणाजीले कमाराकमारी प्रथा हटाए भन्थे । गाउँका जिम्वाल, मुखिया, टाठाबाठा र धनीमानीले कायमै राखेका थिए । मलाई त अहिले पनि हाम्रो देशमा यस्ता जिम्यौली, मुख्यौली हुकुम हटेजस्तो लाग्दैन"* (पृ. ४६) ।

यसरी हेर्दा गाउँघरमा भएको चरम शोषण र दमन देखिन्छ । समाजमा धनीमानी र शोषक, सामन्तले गर्ने व्यवहार यस खण्डमा हेर्दा थाहा हुन आउँछ । जबसम्म हर्कबहादुर घर्तीजस्ता मानिसहरूले दासत्वबाट उन्मुक्ति पाउँदैन तबसम्म समाजमा यी वर्ग सधैँ अँध्यारामा बाँच्नुपर्ने हुन्छ ।

गाउँ छाडेर चितवन झरे पनि कुस्माखरको घरमा पुनः हलीकै रूपमा बसेका हर्कबहादुरले त्यहाँ पनि चरम शारीरिक श्रम शोषण र मानसिक तनाव भोग्नु पर्‍यो । कुस्माखरको अधिक कामको बोझले जुठीकी आमाले प्राण त्याग्नु पर्‍यो र बुबालाई पनि षड्यन्त्र गरी मारियो । कुनै सहारा नपाए पछि जुठी आत्महत्या गर्न रापतीमा हाम फाल्छिन् । उनलाई छन्दबहादुरले बचाएर बहिनी बनाउँछन् । छन्दबहादुरको घरमा बस्दाबस्दै जुठी मार्क्सवादी दर्शनबाट प्रभावित भएर समाज परिवर्तनको निम्ति लड्ने योजनासहित कम्युनिस्ट पार्टीमा लाग्छिन ।

समाजमा देखिएको परिवर्तनका लहर, विभिन्न पार्टीहरू, विभिन्न कार्यक्रमहरूबाट समाजलाई जनचेतना जगाइएको छ । समाज परिवर्तनशील छ र मानिस सामाजिक प्राणी भएकाले आफ्नो वासस्थानलाई सजाउन चाहान्छ । समाजमा परिवर्तन र अग्रगमन चाहने एक समूह हुन्छन् भने अर्को परिवर्तन नचाहने यथास्थितिवादी र प्रतिगामी हुन्छन् । समाजमा मोज गरेर बसेकाहरू, अरूलाई दास बनाएर मालिक भएकाहरू परिवर्तन विरोधी हुन् । यस उपन्यासमा समाज आएको व्यापक परिवर्तनको लहर देख्न सकिन्छ । परिवर्तनका निम्ति घर-परिवार, सुख-सयल, श्रीसम्पत्ति त्याग्ने प्रभाकरजस्ता सच्चा मानिसहरू पनि समाजमा छन् । शक्ति र सत्ताको उन्मादमा तल्लो स्तरसम्म गिर्ने र सिद्धान्तलाई सम्झौता गर्ने कमरेड विवेक, राधेश्यामजस्ता कैयौँ व्यक्तिहरू पनि समाजमा रहेका छन् । परिवर्तनका लागि अहोरात्र खटेका पार्टीका कार्यकर्ताहरूमा आएको नैराश्यता पनि यस उपन्यासमा देखिएका छन् । नेपाली समाजका हुने विभिन्न खाले अत्याचारलाई अन्त्य गर्न भएको कम्युनिस्ट आन्दोलनको साक्षी यो उपन्यास बनेको छ ।

प्रस्तुत उपन्यासमा नेपालको मात्र होइन भारतीय समाजको सामाजिक यथार्थलाई पनि देखाउन खोजिएको छ । नक्सलवाडीमा भएको आन्दोलन, त्यहाँका गरिब, सर्वहारा, श्रमिकवर्गको

लागि भएको सङ्घर्ष, साहुहरूको अत्याचार, गरिबवर्गमाथि हुने अत्याचार पनि उपन्यासमा समेटिएको छ । जसलाई तलको साक्ष्यले प्रष्ट पार्दछ :

> *"नक्सलवाडीमा जमिनको हकदावीसम्बन्धी किसानहरूको आन्दोलनमाथि मार्क्सवादी कम्युनिस्ट पार्टीको नेतृत्वको पश्चिम बङ्गाल सरकार नै दमनमा उत्रियो । केन्द्र सरकारसमेत किसानमाथि जाइलाग्यो । नक्सलवाडीबाट उठेको किसानहरूको आन्दोलनको नेतृत्व भा.क.पा. (माले) को हातमा पुगिसकेको थियो...."* (पृ. १५९) ।

भारतमा पनि श्रमजीवीवर्गमाथि भएको शोषण र अत्याचारको विरोध गरिएको छ । प्रहरीले पनि यस्ता गरिब, सर्वहाराको छोरीचेलीलाई बलात्कार गर्ने गरेको पीडादायक अवस्था उल्लेख गरिएको छ । भारतीय समाजमा पनि कम्युनिस्ट आन्दोलनले खासै प्रभाव जमाउन नसकेको कतिपय पुराना नेताहरू पनि हराइसकेको कतिको हत्या भएको सन्दर्भ उल्लेख छ ।

पञ्चायतकालमा भएको वर्गीय व्यवस्था समाजबाट हटाउनको निम्ति आन्दोलन भयो । आन्दोलन सफल पार्न गरिब र सर्वहाराका छोराछोरीहरू लागे तर राज्य भने पहुँचवालाहरूले चलाए त्यसकारण वर्गीय विभेदको सम्बोधन हुन सकेन । दशवर्षे माओवादी जनयुद्धको उद्देश्य पनि समाजबाट वर्गीय विभेद अन्त्य गरेर सर्वहारावर्गलाई उठाउनु थियो । समाजमा न्याय स्थापना गर्नु थियो तर गणतन्त्र आएपछि पनि सोचेअनुरूप परिवर्तन भएन झन् धनी र गरिबबीचको खाडल चरम रूपमा देखा पर्न थाल्यो । देशमा परिवर्तन हुन्छ भनेर लागेका शहीद, घाइते र प्रत्यक्ष सम्बन्ध राख्नेहरूको सपना पूरा हुन सकेन । अवसरवादीहरूले नै मौका पाए र जुन समाजवादी विचार छ त्यो विचारले स्थान पाएन भने अन्त्यमा परिवर्तनका लागि लडेकाहरू पनि निराशावादी जीवन बिताउन बाध्य भए ।

समाज मानवको आश्रयस्थल हो । मानिसले स्वतन्त्रता चाहेको हुन्छ । ऊ कहिल्यै पनि अरूको दबाब र अधीनमा बाँच्न चाहँदैन । समाजमा शक्तिको सङ्घर्ष चलिरहेको हुन्छ जसले गर्दा वर्गीय द्वन्द्व चलिरहन्छ । समाजमा वर्गीय असमानता छ भने त्यो विभेदयुक्त समाज बन्छ । विभेदयुक्त समाजमा गरिब, निमुखा, श्रमिक, मजदुर, किसानलगायतका सर्वहारावर्गमाथि चरम दमन हुन्छ । दिनरात काम गर्ने भोकै बस्नुपर्छ भने काम नगरी बसीबसी खानेहरू उनीहरूमाथि

हैकम चलाउँछन् । समाजमा सामाजिक न्याय कायम गर्नको निम्ति वर्गीय विभेद हट्नुपर्छ । उच्चवर्गले न्यायसम्म किन्न सक्छ भने निम्नवर्गले आफ्नो पेट भर्ने अन्नसम्म किन्न सक्दैन । द्वन्द्वात्मक भौतिकवादले सबैप्रकारका विभेदमुक्त सुन्दर वर्गविहीन समाजको परिकल्पना गर्दछ । सबैले काम गर्नुपर्ने, सबैको अस्तित्व स्वीकार गर्ने र सामन्तवादको समूल अन्त्य गर्दछ ।

प्रस्तुत उपन्यासमा नेपाल र भारतको असमान सामाजिक अवस्था र समाजमा रहेको वर्गीय द्वन्द्व देखाउन खोजिएको छ । समाजमा रहेको वर्गीय असमानता हटाएर सर्वहारावर्गलाई माथि उठाउन विभिन्न आन्दोलन चलाइएको छ । जतिसुकै आन्दोलन भए पनि समाजबाट वर्गीय असमानता हटाएर समानता कायम गर्न व्यक्ति इमान्दार हुनुपर्ने विचार व्यक्त गरिएको छ ।

कुस्माखर, टीकाराम, जिम्वालजस्ता कैयौँ शोषक, सामन्तको उपस्थित उपन्यासमा गराइएको छ । उनीहरूको सामन्तवादी व्यवहारको अन्त्य भए मात्र समाजमा द्वन्द्वको अन्त्य हुने लेखकको विचार रहेको पाइन्छ । प्रभाकर, कविता, चम्पा, छन्द, वन्दना, रामुजस्ता परिवर्तनका लागि जीवनपर्यन्त लड्ने कैयौँ व्यक्तिहरू परिवर्तनका पक्षधर छन् । राधेश्याम, विवेकलगायत पात्रहरूको उपस्थितिले समाज परिवर्तन हुन नदिने मुख्य तत्त्व भनेकै अवसरवादीहरू हुन् भन्ने विचार व्यक्त गर्न खोजिएको छ । देखिने शत्रुभन्दा नदेखिने शत्रु कैयौँ गुणा डरलाग्दो हुन्छ । पैसा, पद, प्रतिष्ठामा आफ्नो सिद्धान्तलाई समेत बेच्न सक्ने यस्ता शत्रुहरूको कारणले गरिबको सपना कहिल्यै पूरा हुँदैन ।

यसप्रकार प्रस्तुत उपन्यासमा समाजभित्र रहेका परिवर्तनकामी शक्ति र प्रतिगमन चाहने शक्तिबीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । यहाँको सामाजिक परिवेशलाई हेर्ने हो भने शोषक, सामन्तको बोलवाला पाइन्छ । शोषण, अन्याय र अत्याचारको विरुद्धमा आवाज उठाउने मानिसहरूको आवाज दबाउन सरकार लगिपरेकै हुन्छ । पञ्चायत होस् या बहुदल सबै समयमा परिवर्तनको विरोध गर्नेहरू प्रशस्त देखिए । माओवादी युद्धमा होमिएका कैयौँ योद्धाहरूले आफूले चाहेको समाज सायद कहिल्यै देख्न पाएनन् । कम्युनिस्ट सिद्धान्तलाई कमाइखाने भाँडा बनाएका कैयौँ कम्युनिस्ट खोल ओढेकाहरूले सिद्धान्त लत्याए । आदर्श र वैचारिक राजनीतिभन्दा नातावाद, कृपावाद तथा टाठा-बाठाहरूको पक्षमा उभिने राजनीति बन्यो । समाजमा रहेको

शोषक, सामन्तको अन्त्य र वर्गीय द्वन्द्वरहित समाज निर्माणको पक्षमा उपन्यासले वकालत गरेको छ त्यसकारण यस उपन्यासको सामाजिक परिवेशमा पनि प्रगतिवादी विचार पाइन्छ ।

### ३.४.५ राजनैतिक परिवेश

कुनै पनि मुलुकको परिवर्तनका निम्ति राजनैतिक अवस्था सुदृढ हुनु जरुरी छ । 'प्रेमदासको डायरी' उपन्यास नेपालको कम्युनिस्ट इतिहासको राजनैतिक वृत्तान्तको यथार्थ सङ्गालो हो । नेपालमा वाम विचारधारा सुरुवात भएको समयदेखि लिएर गणतन्त्र स्थापनासम्म देखिएको वाम आन्दोलनको सम्पूर्ण राजनैतिक घटनाक्रम उपन्यासमा प्रस्तुत गरिएको छ । नेपाली राजनीतिमा भएको उतार-चढाव र विभिन्न आन्दोलनमा कम्युनिस्टहरूको उपस्थिति र राजनीतिको भित्री पाटोलाई केलाइएको छ । नेपालको वाम राजनीति मात्र नभएर भारतको राजनीतिलाई पनि नजिकबाट नियालिएको छ ।

वाम राजनीतिको भित्री पाटो र राजनीतिभित्रको विकृतिलाई पहिल्याउँदै राजनीतिमा सुधार हुन व्यक्तिमा सुधार हुन जरुरी रहेको विचार अभिव्यक्त भएको छ । आदर्श राजनीतिले मात्र देश र जनताको भविष्य निर्माण गर्ने हुँदा व्यक्तिगत स्वर्थमा नलागेर निष्ठाको राजनीति गर्नुपर्ने प्रगतिवादी विचार व्यक्त गरिएको छ । वाम राजनीतिले सर्वहारावर्गको पक्षमा काम गर्नुपर्ने हो तर नेपाली वाम राजनीति व्यक्तिवादी स्वार्थमा केन्द्रित भएको वास्तविकता उपन्यासमा उल्लेख गरिएको छ ।

नेपालमा पञ्चायतको विरुद्धमा बिस्तारै जनताहरू जुर्मुराउन थालेको राजनैतिक घटनाक्रम उपन्यासमा देखिन्छ । विशेष गरेर पश्चिम चितवनका चम्पानगर, पृथ्वीनगर क्षेत्रका मानिसहरूमा कम्युनिस्ट विचारधाराले स्थान पाएको छ र त्यहाँ बेलाबेलामा विरोध सभा तथा राँके जुलुसहरू भएको देखिन्छ । गीतानगर क्षेत्रमा चाडबाडको बेलामा हुने पञ्चायत विरोधी कार्यक्रमबाट पनि मानिसहरूमा राजनैतिक चेतना पलाएको स्पष्ट हुन्छ । चम्पा, कविताजस्ता विद्यार्थीहरू पनि वाम राजननीतिमा लागेर देश परिवर्तनको सपना देख्छन् र समाजबाट शोषक, सामन्तवादको अन्त्य गर्न चाहन्छन् । सङ्गीत खवासमा देखिएको राजनैतिक प्रगतिचेतनालाई विचार गर्ने हो भने उनले देशमा नौलो जनवादी गणतन्त्रको स्थापना देख्नु राजनैतिक प्रगतिचेतना हो जसलाई यसरी प्रस्तुत गरिएको छ :

*"एकदिन न एकदिन देश यी सामन्ती र धनीमानीबाट स्वतन्त्र हुन्छ । नौलो जनवादी गणतन्त्र स्थापना हुन्छ । हजारौँ मानिस मरेर शहीद होलान् तर यो सामन्ती सत्ता फ्याँकिन्छ, फ्याँकिन्छ । सारा जनता उर्लिएपछि जनताको अघि घुँडा टेक्नै पर्छ"* (पृ. ७५) ।

देशमा चलिरहेको पञ्चायतको विरोध यस क्षेत्रका जुझारु युवावर्गले गरिरहेका छन् । जनमत सङ्ग्रह घोषणा गरेपछि जनमत सङ्ग्रहको विरुद्ध अग्रगामी मोर्चा तयार परिएको छ । यस कार्यमा कविता, छन्द, सङ्गीत, प्रभाकरलगायत कैयौँ व्यक्तिहरू उपस्थित छन् । देशमा भएको राजनैतिक चेतना र वाम एकताको आन्दोलनले हड्बडाएर सरकार दमन नीतिमा उत्रिएको देखिन्छ । धेरै युवाहरू जेलमा पर्छन् । पार्टीभित्र कतिपय मानिसहरू पहुँचको भरमा पदको दुरूपयोग गरेको पनि पाइन्छ । भूमिगत जीवन र प्रशासनबाट जोगिँदै गाउँगाउँमा परिवर्तनको सन्देश लिएर जानको निम्ति प्रभाकरजस्ता युवावर्ग लागिपरेका छन् । कति विद्यार्थीहरू विद्यालयबाट पक्रिए, कतिलाई पार्टीभित्रकै अवसरवादीहरूले पक्राइदिए, जसको कारण व्यापक धरपकड र जेलनेल भयो । कतिजनालाई दबाइयो, कति छुटे, कति भूमिगत भए तर अवसरवादीहरू सदैव सुरक्षित रहे । लामागाउँका सुरबहादुर, धीरबहादुर लामाजस्ता मानिसहरूमा आएको वामपन्थी विचारधारा प्रगतिवादी चेतनाको लहरका कारणले भएको हो । समाजको सर्वसत्तावाद र शोषक, सामन्तको अन्त्यका निम्ति मानिसहरूमा बिस्तारै चेतनास्तर बढ्न थालेको देखिन्छ ।

जनमत सङ्ग्रह हुने भएपछि मण्डलेहरूले गाउँगाउँमा मानिसहरूलाई रक्सी र मासुमा किन्न थालेको राजनैतिक विकृति उपन्यासमा देखिन्छ । जनमत सङ्ग्रहलाई काङ्ग्रेसले स्वीकार गरेको देखिन्छ । कम्युनिस्टले भने धाँधलीको संज्ञा दिएकोबाट राजनीतिमा हुने आरोप-प्रत्यारोपको रूप देखिन्छ । प्रभाकरजस्ता पार्टीप्रति आस्था राख्नेहरूमाथि सरकारले मुद्दा लगाएको थियो । प्रभाकरले कुटिल राजनीतिको अन्तर्यथार्थ थाहा पाउन अध्ययन गर्न थाले । उनले वर्तमान नेपाली समाजको विश्लेषण यसरी गर्न खोजेका छन् :

*"मैले मार्क्सवादको भाष्य र आदिम साम्यवाद बीचको दार्शनिक पाटोलाई केलाएर वर्तमान नेपाली समाजको पनि विश्लेषण गर्ने कोशिस गरेँ । साँच्चै साम्यवाद धरातलीय यथार्थको स्वाभाविक सत्य हो कि स्वैरकल्पनाको वायुपङ्खी*

*उडान ? नेपाली समाजको वर्गचरित्र र कम्युनिस्ट आन्दोलनको गतिमा कसरी र कस्तो तालमेल छ ?"* (पृ. ११९)

कैयौ युवाहरूलाई राजद्रोहको मुद्दामा जेलमा राखिएको थियो । प्रभाकर पनि वीरगञ्ज जेलमा परे । जेलमा रहँदा पार्टीका ठूला मान्छेहरू प्रहरी, अञ्चलाधीश र नेताहरूसँग मिलेका पनि थाहा पाए । पार्टीको बिधि-सिद्धान्त विपरीत समाजका वर्गशत्रुहरूसँग नेतृत्वमा रहेका साथीहरूलाई देखेपछि प्रभाकर विरक्तिए र पटक-पटक कुरा राख्दा उनको कुरा सुनुवाइ भएन उल्टो उनलाई पार्टीको जिम्मेवारीबाट हटाइयो । पुलिसले मार्ने उद्देश्यले जङ्गलमा लगेर भाग्न लगाएर गोली हानेपछि साथी रामुको सहादत भएको र आफू घाइते अवस्थामा नरकटियागञ्जमा पुगी उपचार गरेको कुरा उल्लेख छ । त्यसपछि भने प्रभाकर भारततिर पलायन हुन्छन् । नेपालगञ्जमा आएर सङ्गठन विस्तार प्रशिक्षणमा बिताउँछन् । नेपालमा बहुदलको स्थापनापछि भने उनी पार्टी परित्याग गरेर भारत प्रवेश गरेका छन् । नेपालको प्रत्येक राजनैतिक घटनाक्रम नेपालको मन्त्रीलाई भन्दा पहिले भारतका मानिसलाई थाहा हुने कुरासमेत उपन्यासमा उल्लेख गरिएको छ ।

नेपालमा राजनैतिक परिवर्तन भयो । बहुदल आयो तर त्यसमा पर्टीमा लामो समय खटेका मानिसहरूको अवमूल्यन गरियो । पैसा, पहुँच भएकाहरू सांसद, मन्त्री भए भने सोझा-साझा र निष्ठावान् मानिसहरूचाहिँ बिनाकामका भए । देशमा राजनैतिक घटनाक्रमसँगै सशस्त्र जनयुद्ध भयो तर जनयुद्धभित्र जनताका छोराछोरीलाई मार्ने र मारिने कार्य मात्र भयो । पार्टीभित्र धेरै अवसरवादी तथा अन्तर्घातीहरूको प्रवेश भयो । जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"भिनाजु ! युद्धभित्र नराम्रो ढङ्गले व्यक्तिस्वार्थ, इवी र दुरासयहरू प्रवेश गरेको छ । मैले युद्धका वर्वर र दर्दनाक घटनाहरू देखेँ र भोगेँ.... "* (पृ. २१६) ।

यस समयमा मार्ने र मारिने खेलहरू चले । बिर्खबहादुरजस्ता कैयौँ निर्दोष व्यक्तिहरूले राज्यपक्ष र विद्रोही पक्षबाट ज्यान गुमाउनु पऱ्यो । पर्टीभित्रको खिँचातानी र कमाण्डरहरूको मनोमानीले गर्दा निष्ठावान् छन्दबहादुरजस्ता लामो समयदेखि पार्टीलाई समय दिने व्यक्तिहरूमा नैराश्यता उत्पन्न भएको छ । जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

*"युद्ध र युद्धरत पार्टीका कार्यकर्ताप्रति पनि शङ्का लाग्न थाल्यो । गरिबलाई सपना देखाएर गरिबकै दोहन गर्नु नै मार्क्सवाद हो ? गरिबलाई बन्दुक बोकाएर गरिबकै हुर्मत काढ्नु नै कम्युनिज्म हो त ? जनताको नाममा जनताको घोडा चढेर साम्यवादमा पुग्ने यो कस्तो यात्रा हामीले सुरु गर्‍यौँ ?"* (पृ २७३)

जनताको मुक्तिको लागि बन्दुक बोकाएर जनतालाई नै दमन गर्ने राजनैतिक परिपाटीका साथै बेइमान नेतृत्वप्रति असन्तुष्टि देखिन्छ । मार्क्सवाद गरिबको पक्षमा उभिन्छ तर मार्क्सवादी खोल ओढेकाहरू ढाँग रच्ने गर्दछन् । गरिबमाथि नै अत्याचार गर्ने र जनतालाई ढाँट्ने कम्युनिस्ट भनाउँदाप्रति व्यङ्ग्य पनि प्रकट गरिएको छ । जनताले गर्ने माया र नेताको नाटकलाई उपन्यासमा स्पष्ट देखाइएको छ । जनयुद्धकालमा भएको राजनैतिक घटनाक्रममा बाँदरमुढे घटनालाई पनि उपन्यासमा यसरी समेटेको पाइन्छ :

*"सबभन्दा ज्यादा वीभत्स काम माडीको बाँदरमुढेमा भयो । त्यो घटनामा म पनि संलग्न थिएँ । एक दर्जन जति सुराकीको आरोप लागेकालाई समाप्त गरिदिनू भन्ने निर्देशनका आधारमा निर्दोष मानिसको हत्या पनि गरेँ...."* (पृ.२१६) ।

यस समयमा कतिबेला को, कहाँ मर्ने थाहा नै थिएन । माओवादीभित्र व्यक्तिवादी चरित्र र सामन्तवादी प्रवृत्ति हाबी हुँदै गएको देखिन्छ । जनताको मुक्तिको लागि आन्दोलन गर्ने र आफ्नो स्वार्थपूर्तिका निम्ति सर्वसाधारण युवाको बली चढाउनेबीच अन्तरसङ्घर्ष चलेको पाइन्छ । बाह्रबुँदे दिल्ली सम्झौता र नेपालमा चलेको उन्नाइस दिने जनआन्दोलनको राजनैतिक परिवेश पनि उपन्यासमा उल्लेख गरेको पाइन्छ । नौलो जनवादी क्रान्ति र गणतन्त्र स्थापनाका निम्ति कविताजस्ता निर्दोषहरूको सहादत भएको पाइन्छ ।

यस उपन्यासमा नेपालको मात्र नभएर भारतीय मार्क्सवादी राजनीतिको पनि चर्चा गरिएको छ । पश्चिम बङ्गाल क्षेत्रको राजनैतिक परिवेशको यथार्थ रूप उपन्यासमा प्रस्तुत गरिएको छ । भारतमा पनि कम्युनिस्ट विचारधाराको भा.क.पा. (माले) माथि भएको हत्याका घटना र पथरुकी छोरीलगायत नेता-कार्यकर्ताको हत्या भएको कुरा रामलालले प्रभाकरलाई सुनाएका छन् । पार्टीभित्र पनि भएको विकृतिलाई रामलाल यसरी बताएका छन् :

*“रामलालले बिँडीको लामो सर्को तान्यो र भन्यो, त्यसपछि पथरुले पनि पार्टी छोड्यो । मैले पनि छोडेँ । त्यसैले ऊ छोरीहरूलाई बाहिर काममा पठाउँदैन, पथरु र मैले पार्टी छोड्नुको अर्थ उसकी छोरीको हत्या मात्र थिएन । त्यसदिन मनरूपा जुन बैठकमा भाग लिएकी थिई, त्यसै बैठकमा घुसेको रहेछ हत्याको आन्तरिक योजना । गुट उपगुट र आफ्नो निजी वर्चस्वका लागि प्रतिक्रियावादीहरूसँग समेत साँठगाँठ गरी आफ्नै साथीलाई समेत समाप्त गर्न सक्ने कुरूपता पार्टीभित्र हुँदो रहेछ”* (पृ. १६६) ।

यसरी भारतमा पनि सोझा, इमान्दार र पार्टीप्रति बफादार रहेका निष्ठावान् कार्यकर्तालाई माथि उठ्न नदिने पार्टीभित्रकै मानिसहरूको चलखेल उपन्यासमा अत्यन्त गम्भीर रूपमा उठाइएको छ । आफू माथि जानको निम्ति साथीको हत्या गर्न पनि पछि नपर्ने व्यक्तिवादी स्वार्थी प्रवृत्तिसमेत देखाइएको छ ।

यसप्रकार प्रस्तुत उपन्यासमा नेपाल र भारतमा सञ्चालित वाम राजनीतिको चिरफार गरिएको छ । नेपालमा भएको राजनैतिक परिवर्तनले जनतालाई कहिल्यै पनि सुख दिन सकेन । जनतामा राजनैतिक प्रगतिचेतना पलाए पनि नेताहरूको स्वार्थ र लोभको कारण कार्यान्वयन हुन नसकेको कुरा उपन्यासमा उल्लेख गर्न खोजिएको छ । पैसा भएका र आफ्नो मान्छे भएका पहुँचवालाहरू माथिल्लो तहमा पुग्दा गरिब, सर्वहाराको कुरा कहिल्यै माथि पुग्न सकेको छैन । पैसा र पदमा बिक्ने स्वार्थलिप्त नेताहरूको कारण जतिसुकै राजनैतिक परिवर्तन आए पनि जनताले परिवर्तन महसुस गर्न पाएका छैनन् ।

नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेप र भारतीयहरूले नै नेपालको राजनैतिक कार्यदिशा तयार पार्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । नेपालमा घट्ने घटना नेपालका नेतालाई भन्दा भारतका सर्वसाधारणले पहिले थाहा पाउने परिपाटी देखिएको छ । नेपालमा कस्तो व्यवस्था ल्याउने, कसलाई नेतृत्व दिनेजस्ता कुराहरू पनि भारतकै हातमा रहेको कुरा थाहा हुन आउँछ । नेपाली राजनीतिज्ञहरू सिद्धान्तलाई भन्दा पनि व्यक्ति र शक्तिको पछि लाग्ने राजनैतिक परिवेश उपन्यासमा उल्लेख छ । निष्ठाको राजनीति गर्ने प्रभाकर (स्वामी प्रेमदास) जस्ता आदर्श व्यक्तिहरू कि त युद्धमा षड्यन्त्रमूलक रूपमा मारिने, कि त संन्यासी बनेर हिँड्नु पर्ने परिस्थितिलाई उपन्यासमा प्रस्तुत गरिएको छ । नेपालमा पञ्चायती व्यवस्थाको

अन्त्य, बहुदलको आगमन, दशवर्षे सशस्त्र जनयुद्ध, गणतन्त्र स्थापनाजस्ता राजनैतिक परिवर्तनहरू भए । ती परिवर्तन ल्याउन सामान्य कार्यकर्ताको ठूलो भूमिका रह्यो र यस्ता धेरै व्यक्तिहरूको सङ्घर्षपूर्ण बलिदानीले मात्र परिवर्तन सम्भव भएको हो । परिवर्तन ल्याउने क्रममा ज्यान गुमाउने कैयौँ शहीदहरूले देशको राजनैतिक परिवर्तन र जनताको नौलौ जनवादी गणतान्त्रिक राज्यप्रणलीको सपना देखे । उनीहरूले देशमा व्याप्त रहेको शोषण, अन्याय, अत्याचार, नीतिगत भ्रष्टचार र वर्गीय समाज तथा समाजका शत्रु सामन्त र शोषकको अन्त्य गरी समतामूलक समाज निर्माणको लक्ष्य लिए । यिनै लक्ष्यपूर्ति गर्न आन्दोलन भएको थियो । समयअनुसार रङ फेर्न सिपालु अवसरवादी, प्रतिक्रियावादी र प्रतिगमनका अनुयायीहरूले त्यो सपना पूरा हुनै दिएनन् । शासनसत्ताको परिवर्तनभन्दा पनि व्यक्ति र विचारमा परिवर्तन आउनुपर्ने देखिन्छ । सबै प्रकारका वर्गीय द्वन्द्वलाई अन्त्य गरेर सुखी समाजको निर्माण गर्न जरुरी देखिन्छ । जबसम्म समाजमा वर्गीय द्वन्द्व रहन्छ र सामन्तवादको समूल अन्त्य हुँदैन तबसम्म देशको विकास हुँदैन त्यसैले वर्गीय विषमता अन्त्य गर्न असल नेतृत्व चहिन्छ भन्ने कुरा उपन्यासमा उल्लेख गरिएको छ ।

नेपाल र भारतीय भूमिको राजनैतिक अवस्था एउटै रहेको उपन्यासबाट थाहा हुन्छ । उपन्यासमा दुवै मुलुकका साधारण जनताले परिवर्तनलाई चाहेको तर परिवर्तन देख्न र अनुभव गर्न नसकेको तीतो यथार्थ प्रस्तुत गरिएको छ । दुवै मुलुकमा गरिब, श्रमिक, मजदुर र सर्वहारावर्गको एउटै अवस्था रहेका तर नेतृत्वले गरिब, उत्पीडितको भऱ्याङ चढेर राज्य गरेको यथार्थ प्रस्तुत गर्दै राजनैतिक परिवेशमा देखिएको प्रगतिचेतना प्रस्तुत गरिएको छ ।

### ३.४.६ वर्गीय परिवेश

'प्रेमदासको डायरी' उपन्यास नेपाली समाजको वास्तविकतामा आधारित रहेको सामाजिक यथार्थवादी उपन्यास हो । समाजमा रहेको वर्गीय द्वन्द्वलाई उपन्यासमा नजिकबाट नियालिएको छ । निम्नवर्ग सधैँ उच्चवर्गको दमन र दबाबमा पर्नुपरेको देखिन्छ । वर्गीयताका दृष्टिले उपन्यासमा हजारिया साहु कर्णप्रसाद धिताल, कुस्माखर धिताल, गुणाखर धिताल, टीकाराम जिम्वाल, हरिदत्त, कामरेड विवेकलगायतका पात्रहरू उच्चवर्गका रूपमा देखिएका छन् । यिनै उच्चवर्गीय पात्रको शोषण, दमनमा पिल्सिएका निम्नवर्गीय पात्रहरू रने भुजेल, बिर्खबहादुर भुजेल, छन्दबहादुर भुजेल, रामु विश्वकर्मा, हर्कबहादुर घर्ती, कविता (जुठी),

मनकुमारी, प्याउली, मङ्गली, टुल्की, द्रोपदी चौधरी, दलबहादुर वि.क., रामलाल पासवान, पथरु, ढलाइवाला, रिक्सावालालगायत देखिन्छन् । निम्नवर्ग र उच्चवर्गबीचमा जहिले पनि द्वन्द्व चलिरहेकै देखिन्छ । सामन्तको जालोबाट उम्कनको निम्ति निम्नवर्ग सधैँ प्रयासरत रहन्छ भने उच्चवर्गले तिनलाई शोषण, दमन गरेर आफ्नो प्रभुत्व जमाउन खोज्दछ । रोग, भोक र शोकले ग्रसित समाजका निम्नवर्ग उन्मुक्ति चाहन्छ र त्यो चाहनालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

उपन्यासको कथावस्तु हेर्दा गोर्खा, चितवन, बर्दिया, नेपालगञ्ज, भारतको पश्चिम बङ्गाल राज्यका निम्नवर्गीय शोषितवर्गको अभावमा राज्यपक्ष मौन देखिएको छ । गरिब र निमुखावर्ग शोषण र अत्याचारका शिकार भएका छन् । जुनै ठाउँमा पुगे पनि उच्चकुलीन, सम्भ्रान्तवर्गले निम्नवर्गमाथि दमन गरेको र उत्पीडनमा राखेको देखिन्छ । गोर्खामा रने भुजेल र त्यहाँका घर्तीहरूलाई बाहुन परिवारले गरेको थिचोमिचो यसरी प्रस्तुत गरिएको छ :

> *"कमराकमारीप्रथा अन्त्य भए पनि घर्तीहरूको पेट पाल्ने बाटो बाहुनहरूकै घर थियो । लोग्नेमानिसले बाहुनका खेतमा काम गर्ने र स्वास्नीमानिसहरूले ढिकीजाँतो गर्नुको विकल्प थिएन । चाडवाड आउँदा बाहुनसँग लिएको त्यही ऋणले डुबेर 'कमारा' का बदला 'हली' मा परिणत भएका थिए घर्तीहरू"* (पृ. २४) ।

यसबाट के स्पष्ट हुन्छ भने समाजमा जहिल्यै पनि उच्च कुलीनवर्गले निम्नवर्गमाथि शासन चलाएका हुन्छन् र उनीहरूलाई दमन गरिरहेकै हुन्छ । बिर्खबहादुर भारतीय आर्मीमा जागिर खाए पनि साहुको ऋण तिर्दातिर्दा आफूले घडेरी किन्ने सपना पूरा गर्न पाएनन् । उच्चवर्गले निम्नवर्गलाई कहिल्यै माथि उठ्न नदिने र सधैँ दबाएर राख्ने प्रवृत्तिलाई यहाँ प्रस्तुत गरिएको छ । मानिस उन्मुक्ति चाहन्छ ऊ यायावर भएर पनि आवश्यकता परिपूर्ति गर्न खोजिरहन्छ । चितवनमा जग्गा खुलेको सुनेर बिर्खबहादुर, बुबा रने भुजेलसहित परिवारका साथ गोर्खा छोडेर चितवनमा आए । चितवनमा आए पनि सामन्तको दमनमा रहनु परेको यथार्थ यसरी प्रस्तुत गरिएको छ : *"उज्ज्वलनगर स्याउली बजारमा एउटा छाप्रो ठड्याएर बिर्खेले परिवार हुल्यो । र, हरिदत्त बाजेको जमीनदारीमा गोरुजस्तै गरी हलो जोत्न थाल्यो । अर्थात् उसकी आमा प्याउलीले भनेजस्तै भयो । यहाँ पनि ऊ कमारोबाट माथि उठेन"* (पृ. २८) ।

सुकुम्बासीलाई जग्गा बाँडेको सुनेर सपरिवार चितवन आएका बिर्खबहादुर यहाँ आएर पनि शोषक, सामन्तकै जालमा परेको छ । उनीहरूकै हली बन्न आइपुगेको छ । उनीहरूलाई माथि उठ्न नदिन र दास बनाउन अनेक षड्यन्त्र गर्न पछि नपर्ने हरिदत्तजस्ता सामन्तले भूमिका खेलिरहेको उपन्यासमा देखिन्छ । उच्चवर्गका मानिसहरूले निम्नवर्गलाई रातदिन दलाउने तिनीहरूलाई पशुसमान व्यवहार गर्ने सामन्तवादी सोचले गर्दा गरिबको ज्यान गएको छ । *"गरिबको मृत्यु कीरासरि"* (३४), आफ्नो स्वार्थ पूरा गर्न जस्तोसुकै जोखिम काम गराउने कुस्माखरको सामन्तवादी प्रवृत्तिलाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

> *"छन्दबहादुरको मन विरक्त भयो, कुस्माखर धितालका उहिलेका चर्तिकला सम्झ्यो । धाने ब्याज, तोरीब्याज, र गाउँलेको जग्गाजमिन बन्धकी लिँदै हडप्ने गरेको थुप्रै घटना उसको सम्झनामा आउन थाले । उसको मनले उसले हर्कबहादुरलाई पनि यस्तो साउनको वर्षायाममा, रातको समयमा रुख काट्न जबरजस्ती पठाएको हो भन्ने ठोकुवा गऱ्यो"* (पृ. ३४) ।

धनीवर्गलाई गरिब, निमुखाको ज्यानको कुनै परवाह छैन भन्ने कुरा यस घटनाबाट प्रमाणित हुन्छ । कुस्माखरले गाउँलेको बन्धकी जग्गा हडप्ने उनीहरूलाई चर्को ब्याज लिने सामन्तवादी प्रवृत्ति झल्कन्छ । घरमा काम गर्नेलाई दिनरात दलाउने मानव भएर मानवीय गुण नभएको गरिबलाई नटिठाउने कुस्माखर शोषक र सामन्तको प्रतिनिधि पात्र हो । समाजमा हैकम उच्चवर्गको हुन्छ । उच्चवर्गले निम्नवर्गलाई जहिले पनि शोषण, अन्याय, अत्याचार र थिचोमिचोमा पारेको हुन्छ । यसक्रममा द्वन्द्वको सिर्जना हुन्छ । निम्नवर्गले आफ्नो गरिबीलाई भाग्यको खेल ठानेका हुन्छन् । उच्चवर्गले उनीहरूलाई भाग्यमा विश्वास दिलाएर लुटिरहेका हुन्छन् । जसका कारण गरिब सर्वहारावर्ग सधैँ गरिबी र दरिद्रताको आगोमा जलिरहन्छन् । राज्यव्यवस्था नै सामन्ती भएकाले गरिब, दुःखीलाई कसैले पनि हेर्दैनन् भन्ने कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ : *"चौताराको बीचमा एउटी बूढीआमा बसिरहेकी थिइन् । ती बूढीआमाको मुखबाट अचानक एउटा आवाज आयो, राजा आए नि, काजी आए नि हामी दुनियाँदारी गरिबको दुःख कसले हेर्छ ? पाखुरा नबजारी खाना पाइन्न क्यारे !"* (पृ. ४९)

बूढीआमाको भनाइले देशमा जसको शासन आए पनि गरिब र निमुखाले दुःख गरेर जीवन गुजारा गर्नुपर्ने विचार व्यक्त गर्न खोजिएको छ भने परिवर्तनको चाहना पनि रहेको

देखिन्छ । गरिबले दुःख नगरी खान नपाइने कुरा गर्दै शोषक, सामन्तप्रति असन्तुष्टि व्यक्त गरिएको छ । देशमा भएको सामन्तवादी राज्यव्यवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"सवारी निकै पर पुगेपछि कसैले भुइँमा घोडाको टापको डाममा टाउको दले, कसैले त्यही माटो उठाएर निधारमा टाँसे । कसैले त घोडाको टापको डाम भएको माटो दुई हत्केलाले सोहोरेर पोको पारे* (पृ. ४८) ।

राजा, महाराजाहरूलाई ईश्वरकै दर्जा दिने तत्कालीन समाजमा मानिसहरू राजाले टेकेको पैतालाको धुलो लगाउन पाउनु पनि सौभाग्यशाली ठान्दथे । सामन्तवादी संस्कारले जरा गाडेको तत्कालीन परिवेशमा ठूलाबडा देवताझैँ पूजिने र गरिब निमुखाचाहिँ भुइँको धुलो जति पनि नगनिने परिपाटी देखिएको छ ।

गोर्खा जिल्लाबाट चितवन झरेका हर्कबहादुर घर्तीले दिनरात नभनी कुस्माखरको सेवा गर्दा पनि सुखको सास फेर्न पाएनन् । कुस्माखरको अत्यधिक श्रमशोषणको कारण उनकी श्रीमती मङ्गली घर्तीनीले जीवन त्याग्नुपर्‍यो । कुस्माखरको घरमा दिनरात, जाडो, गर्मी नभनी खटिएकी मङ्गली दुई जिउकी हुँदा पनि सुख पाइनन् र अन्त्यमा उनको प्राणान्त भएको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ : *"तत्काल गाढा गोरु जुटाएर आमालाई बोकेर चढाउनुभयो । म पनि बेहोस आमाको आडमा बसेँ । गीतानगरको कृष्णे डाक्टर भन्नेको औषधी पसलमा पुर्‍याउँदा उसले गाडामा नै गएर यसो छामेर भन्यो, छैन, अब फर्काए हुन्छ"* (पृ. ५५) ।

गरिबले रातदिन साहुको घरमा काम गर्दासमेत तिनमा मानवता नदेखाउनु दुःखदायी कुरा हो । दिनरात आँसु पिएर बाँच्न विवश गरिब, दुःखी आँसु लुकाएर बाँच्न विवश छन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

> *"आँसु पनि कति आउने रहेछ कुन्नि ? शरीरको रगत पनि आँसु भएर बग्दाबग्दै सकिएझैँ लाग्न थाल्यो । बा दिनभरि खेत जोत्ने खन्ने, जङ्गल गएर काठ दाउरा ल्याउने, अनेक प्रकारका काममा व्यस्त हुन्थे । कुस्मेका घरमा खाएर सुतिसकेपछि आएर मलाई काखैमा राखेर सुत्नुहुन्थ्यो । कतिपटक मैले मेरो गालामा बाको तातो आँसुले पोलेको थाहा पाएको छु । म रुन्छे भनेर अनुहार र मुख कपडाले छोपी आवाज ननिकाली भक्कानिएर रोएको देखेको छु । त्यतिबेला*

*मलाई यस्तो औडाहा हुन्थ्यो कि म पागल झैँ रुँदै आफ्नो कपाल लुछ्न थाल्थेँ"* (पृ. ५५) ।

वास्तवमा गरिबले भोग्नुपरेको पीडादायी अवस्था यस अनुच्छेदमा व्यक्त भएको छ । दिनरात दुःख गरेर पनि कहिल्यै सुखको स्वास फेर्न नपाउने हर्कबहादुरजस्ता निम्नवर्गीय पात्रको वास्तविकता यस उपन्यासले देखाउन खोजिएको छ । कुस्मेको चाकरी नगरे सजायँ भोग्नु पर्ने, कुटिनु-पिटिनु पर्ने र अनेक षड्यन्त्रको सिकार बन्नु पर्ने चरम दमनको रूप देखिन्छ । आफू शोषण र दमनमा परे पनि त्यसको विरुद्ध आवाज उठाउन नसक्ने निमुखाहरू जो भाग्यलाई सरापेर बाँचेका छन् । हर्कबहादुर घर्तीजस्ता कैयौँ निम्नवर्गीय मानिसहरूले मालिकको कामको निम्ति आफ्नो जीवन गुमाएका छन् । रोग बिमारमा पनि उपचार नगर्ने, गरिबको ज्यानलाई कीरासम्म पनि नगन्ने सामन्तवादी प्रवृत्तिलाई उपन्यासमा विरोध गरिएको छ ।

बिर्खबहादुर भुजेल, छन्दबहादुर, रामु विश्वकर्मा, रने भुजेल, रिक्सावाला रामलाल, ढलाइवाला, पथरु, कविता, मनकुमारी, मङ्गली, प्याउली, टुल्की हर्कबहादुरहरूजस्ता कैयौँ सर्वहारा, मजदुर, श्रमिक, किसानवर्ग गाँस, बास र कपासजस्ता न्यूनतम आधारभूत आवश्यकताबाट समेत वञ्चित छन् । न राज्यले यिनीहरूको दुःख बुझेको छ न कुनै साहु महाजनहरूले बुझेका छन् । सामन्तवर्गले निम्नवर्गमाथि जहिल्यै बर्बरतापूर्वक दमन र शोषण गरिरहेकै छन् । गरिबलाई कमरा-कमारीभन्दा माथि उठ्न नदिने सामन्तवादी समाजको चित्रण उपन्यासमा गरिएको छ ।

जग्गा पाउने लोभमा बर्दिया पुगेका बिर्खबहादुर र छन्दबहादुरहरू त्यहाँ पनि सामन्तकै चङ्गुलमा फसेको देखिन्छ । सर्वहाराकै पार्टीको खोल ओढेका शोषक, सामन्त राधेश्यामजस्ता मानिसहरू समाजका वर्गशत्रु हुन् । पार्टी र घरको काममा लगाउने र आफू माथि पुगेपछि बेवास्ता गर्ने सामन्तवादी प्रवृत्तिको विरोध गरिएको छ ।

देशमा विभिन्न परिवर्तनहरू आए गरिब र सर्वहाराको निम्ति लामो सङ्घर्षमा उत्रिएका पार्टीहरू पनि उही सामन्तवादी सोचमा नै विलय हुनपुगे । जसको कारण सर्वहारावर्गले कहिल्यै पनि सुख पाउन सकेनन् । गरिब र सर्वहारावर्ग केबल तिनीहरूको सत्तामा पुग्ने भऱ्याङमात्र बने । परिवर्तनको सपना बोकेर बन्दुक उठाएर हिँडेका छन्दबहादुरजस्ता कैयौँ सर्वहाराका

छोराहरूको रगतले ल्याएको परिवर्तनमा तिनैको रगतको होली खेलेर सत्तामा पुग्ने सामन्तहरूको पर्दाफास गरिएको छ । गरिबलाई सबैले प्रयोगमात्र गर्ने गरेको कुटिल राजनीति देशमा व्याप्त रहेको देखिन्छ :

> *"राधेश्याम बालाई मलाई बचाउने मात्र एउटा ध्येय थियो । सरला आमालाई भने आफ्नो खेतबारीमा कामको स्वार्थ मात्र रहेछ । विस्तारै मैले उहाँहरू भित्रको मानवताको अनुहार चिन्दै गएँ । आवश्यक पर्दा उपयोग गर्ने र आवश्यकता पूरा भएपछि आँपको कोयाभैँ चुसेर फाल्ने राजनीतिभित्रका कुटील रहस्य राम्रैसँग बुझैँ"* (पृ. २७४) ।

मानवभित्रको स्वार्थलाई यस खण्डमा उजागर गरिएको छ । आफ्नो सहारा ठानेका व्यक्तिले पनि केबल उनीहरूको व्यक्तिगत स्वार्थको निम्तिमात्र प्रयोग गरेको कुरा उल्लेख गरिएको छ । राधेश्यामको निम्ति आफूहरूले जति सहयोग गरेपनि तिनीहरूले केबल घरमा काम गर्नेभन्दा माथि कहिल्यै पनि नहेरेको गुनासो कविताको छ ।

यसरी प्रस्तुत उपन्यासमा समाजमा रहेको द्वन्द्वात्मक वर्गीय परिवेशको चित्रण गर्न खोजिएको छ । सर्वहारावर्ग र सामन्तवर्गबीचको वर्गसङ्घर्ष उपन्यासमा पाइन्छ । कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तअनुसार प्रस्तुत उपन्यासमा पनि वर्गीय समाजले ल्याएको विभाजन देखाइएको छ । मार्क्सवादी सौन्दर्यको आधारमा हेर्ने हो गरिब, श्रमिक र सर्वहारावर्ग दुई छाक खान र सुखसाथ बाँच्न सङ्घर्ष गरिरहन्छन् भने शोषकवर्ग तिनलाई काममा दलाएर दास बनाएर आफू सुख-सयलमा रहन चाहन्छन् ।

विभेदयुक्त वर्गीय समाजको परिवर्तनका खातिर विभिन्न आन्दोलनहरू भए तथापि ती आन्दोलनमा तिनै शोषक, सामन्त नै हाबी हुन पुगे । सर्वहारा र निमुखावर्ग कहिल्यै पनि माथि उठ्न पाएनन् । फलतः तिनीहरू सधैँ शोषक, सामन्त र समाजका वर्गशत्रुकै अधीनमा रहनुपर्ने बाध्यता देखियो । यस उपन्यासमा कैयौँ सर्वहाराका पक्षमा लडेकाहरूले पनि परिवर्तन देख्न नपाई मरेर गए । अझै पनि समाजमा वर्गीय द्वन्द्व चरम अवस्थामा छ । जबसम्म समाजमा वर्गीय असमानता रहन्छ तबसम्म वर्गीय द्वन्द्व रहिरहन्छ । पञ्चायतकालको सामन्तवादी युगको अन्त्य, बहुदल, दशवर्षे जनयुद्धको मुख्य लक्ष्य देशबाट सामन्तवादलाई उखेलेर फाल्नु थियो ।

नौलो जनवादी गणतन्त्र स्थापना गर्नु थियो तर यी कार्य पूरा भएनन् र शोषक, सामन्तले देशमा हालीमुहाली गरे ।

यसप्रकार प्रस्तुत उपन्यासको वर्गीय परिवेशमा प्रगतिवादी विचार पाइन्छ । समाजबाट वर्गीय असमानता हट्नु पर्ने भन्दै जनताको निम्ति लडेको पार्टीले जनभावना बुझ्नु पर्ने प्रगतिवादी स्वर उपन्यासमा पाइन्छ ।

### ३.४.७ जातीय परिवेश

'प्रेमदासको डायरी' उपन्यासमा बहुजातीय परिवेश देखाउन खोजिएको छ । नेपाली समाज मिश्रित जातिको बसोबास भएको समाज हो । यस उपन्यासमा पनि विशेष गरेर बाहुन, घर्ती, तामाङ, गुरुङ, चौधरी, दलित, तराई समुदायका जातिको उपस्थिति देखाइएको छ । विशेष गरी भुजेल र घर्ती जातिको जीवन भोगाइलाई उपन्यासमा प्रस्तुत गर्न खोजिएको छ । यस उपन्यासमा बाहुन जातिलाई कथित उपल्लो जातको दर्जा दिइएको छ । समाजमा यिनीहरूले अन्य जातलाई मान्छे पनि नगन्ने परिपाटी उपन्यासमा देखाइएको छ । गरिब, निमुखा घर्तीहरूको मुख्य काम भनेकै यी कथित उपल्लो जातको सेवा गर्नु थियो । गोर्खाका भुजेलहरू विभिन्न बहानामा बाहुनहरूको हली-गोठाला बनेका देखिन्छन् । समाजका ठूला जात भन्नेहरूले यिनीहरूको चरम श्रमशोषण गरेको देखिन्छ भने मीठो खान पनि बाहुनको बिहे नै कुर्नुपर्ने अवस्था रहेको देखिन्छ । यो अवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"....मीठो खाने भनेको त बाहुनको बिहेमा मात्र हो । गाम्मा बिहे हुँदा दुलाहादुलहीको डोली बोक्ने काम घर्तीहरूले गर्नुपर्थ्यो । मेरा बाले पनि धेरै बाहुनीका डोली बोके* (४६)।"

कथित उपल्लो जात भन्नेहरूले विवाहमा डोली बोक्नसमेत घर्तीहरूलाई लगाउँथे । पञ्चायतकालमा समाजमा व्यापक रूपमा जातीय विभेद रहेको कुरा प्रस्ट हुन्छ । तल्लो जात भएकै कारण दिनभर काम लगाएर पनि श्रमको उचित मूल्य नदिने सामन्तवादी संस्कार देखिन्छ । उच्च जातले तल्लो जातलाई नियन्त्रणमा राख्नुपर्छ र उच्च जातले बनाएको व्यवस्थामा चल्नुपर्छ भन्ने सामन्तहरूले गरिब सर्वहाराको बाँच्न पाउने अधिकार र स्वतन्त्रतालाई तहसनहस पारिदिएको छ । उच्च जातकै विश्वासमा परेर जीवनभरि दमन र

दलन खपेका हर्कबहादुर, बिर्खबहादुर, छन्दबहादुरहरू लगायतका जीवन दासत्वमा नै समाप्त भएको कुरा उपन्यासमा यत्रतत्र देख्न सकिन्छ । जसको एउटा उदाहरण यसप्रकार छ :

> *"स्याउली बजार भनेर चिनिने यस सुकुम्बासी बस्तीमा प्रायः दलित जातिको बाहुल्य छ । यसका साथै ऐनमौकामा यहाँ आएर जग्गा जमिन जोड्न नसकेका पहाडतिरका विपन्न वर्गका घर्ती, मगर, गुरुङ आदि जातजातिका मानिसहरू बस्छन्"* (पृ. ७७) ।

यसरी हेर्दा गरिब र पिछडिएका जातिहरू सुकुम्बासी बस्तीतिर बस्ने गरेको कुरा उपन्यासमा स्पष्ट छ । जीवनभर कुस्माखर, हरिदत्तजस्ता मानिसहरूको घरमा काम गरेर बिताएका घर्तीहरूको दयनीय अवस्था उपन्यासमा चित्रण गरिएको छ । यसका साथै नेपाल तथा भारत सबैतिर गरिब र तल्लो जातले हेला र दलन सहनु परेको वास्तविकता उपन्यासमा उल्लेख गरिएको छ । यी जातिहरूमा विस्तारै चेतना आएको पनि उपन्यासमा देखिन्छ । छन्दबहादुर, कविता, रामु विश्वकर्मा आदिमा आएको चेतनालाई हेर्ने हो भने आफू हेपिएको हुँदा त्यसबाट मुक्ति पाउन राजनैतिक चेतना जागृत् भएको देखिन्छ ।

जातीय व्यवस्थामा आधारित हाम्रो समाजमा विस्तारै युवावर्गमा चेतना पलाएको देखिन्छ । रामु विश्वकर्मा र चम्पाको विवाहमा प्रभाकरले, *"अनि तिम्रो घरपरिवारले यस्तो सम्बन्ध स्वीकार गर्ला ?"* (पृ. १२८) भनी सोध्छन् । जातकै आधारमा मानिसमा भेदभाव गर्न नहुने र त्यो घर आफूले छोडिसकेको कुरा कविताले बताएपछि उच्च जातको मानिने कविता र तल्लो जातको दलित मानिने रामुबीच विवाह सम्पन्न हुन्छ । दुवैको विवाह प्रगतिशील रूपमा हुन्छ । यसबाट युवापुस्ता जातीय सङ्कीर्णताबाट माथि उठेको हो कि भन्ने अनुमान लगाउन सकिन्छ । उच्च जात र तल्लो जातबीच पनि खाने पिउने कुरामा समेत भिन्नता रहेको पाइन्छ जसलाई यसरी प्रस्तुत गरिएको छ :

> *"मासु भात पक्यो । चम्पाले पस्कने तयारी गर्दै थिई । चतुरमानले भन्यो आफू तामाङको बच्चा अलिकति कोदाको झोल नपिई हुन्न घरबाट ल्याएको थिएँ । पिउने होला नि कामरेड ? म त झन् कामीको बच्चा ! किन बाँकी राख्ने ? रामुले हाँस्दै भन्यो"* (पृ. १३०) ।

समाजमा विद्यमान जातीयतालाई यस अंशले पनि स्पष्ट पारेको छ । समाजका तल्लो जातले जाँड-रक्सी खाने परम्पराको सानो अंश प्रस्तुत भएको छ । यस उपन्यासमा सशस्त्र जनयुद्धताका जनमुक्ति सेनाका कमाण्डर पूर्ण घिसिङले रक्सी खाएर आफ्नै कमाण्डका जनमुक्ति सेना धीरबहादुरकी पत्नीलाई बलात्कार प्रयास गर्दा सुरबहादुरले छुट्याउन जाँदा मारिदिएको छ (पृ. २१७) । रक्सीले मानिसलाई बिगार्ने कुरालाई पनि यसमा देखाउन खोजिएको छ ।

यसप्रकार प्रस्तुत उपन्यासमा नेपाली समाजको बहुजातीय र मिश्रित समाजको नमूना दिइको छ । माथिल्लो जातका मानिसले तल्लो जातलाई शोषण गर्ने तथ्य पनि प्रस्तुत गरिएको छ । समाजमा रहेको जातीय व्यवस्थाको कारण पनि धनी गरिबको खाडल देखिएको उपन्यासकारको विचार रहेको छ । पुराना पुस्ताले शोषक, सामन्तबाट पीडा र शोषण खप्नु परे पनि नयाँ पुस्तामा भने बिस्तारै चेतना जाग्दै गएको र सबै प्रकारका जातीय विभेद विरुद्ध लागेको देखिन्छ । उपल्लो जातको रूपमा चिनिएकी चम्पाले दलित मानिने रामु विश्वकर्मासँग विवाह गर्नु यसको उदाहरण हो । जातीय मुक्तिको निम्ति कम्युनिस्ट राजनीतिमा लागेका युवा पुस्तामा भने जातीय प्रगतिचेतना जागृत भएको पाइन्छ ।

भाषिक परिवेशको कुरा गर्दा निम्नवर्गले प्रयोग गर्ने र उच्चवर्गले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । प्रहरी तथा सामन्त र उच्चवर्गले बोल्ने भाषामा काम गर्नेलाई तुच्छ शब्दहरू प्रयोग गरिएको देखिन्छ भने निम्नवर्गले उच्चवर्गसँग बोल्नुपर्ने भाषा फरक रहेको देखिन्छ । साथै यस उपन्यासमा हिन्दी, अङ्ग्रेजी भाषाको पनि प्रयोग गरिएको छ । भाषा मानिसको सञ्चारको माध्यम भएकाले समाजमा एकअर्कामा सम्बन्ध स्थापित गर्न भाषा चाहिन्छ । भाषाकै माध्यमबाट नै मानवमा चेतना जागृत हुने हुनाले उपन्यासमा बहुभाषी सामाजिक परिवेश देखाउन खोजिएको छ ।

धार्मिक परिवेशको रूपमा अन्धविश्वासयुक्त धार्मिक परिवेश देखिन्छ । मान्छे बिरामी हुँदा धामी-झाँक्री लगाउने, पानी फुकेर पिलाउनेजस्ता कार्यहरू देखिन्छन् भने भाग्यवादी मान्छेहरूको जमात पनि देखिन्छ । धर्मको माध्यमबाट गरेको राजनीति स्वामी आनन्दको कुटीमा बसेर प्रेमदासले सिकेका छन् । स्वामीको भेषमा रहेर पनि धेरै मुलुकका मानिसहरूसँग सम्पर्कमा रहेको र हरेक राजनैतिक परिवर्तनमा स्वामी लगेको धार्मिक परिवेश पनि उपन्यासमा

आएको छ । प्रभाकर स्वामी प्रेमदास बनेर नेपालगञ्ज फुल्टेक्रा शिवमन्दिरमा बसेर नेपालको राजनीति नियालिरहेका छन् । यसरी उपन्यासमा धार्मिक परिवेश पनि उल्लेख गरिएको छ ।

यसप्रकार प्रस्तुत उपन्यासमा सामाजिक, भौगोलिक, स्थानगत, समयगत, वर्गीय, धार्मिक, जातीय लगायत परिवेशभित्र प्रगतिचेतना खोतल्ने प्रयास गरिएको छ ।

## ३.५ निष्कर्ष

'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवादी विचार व्यक्त गरिएको छ । कथावस्तु, पात्र, परिवेश, वर्ग हरेक क्षेत्रमा रहेको प्रगतिवादी विचारलाई खोजिएको छ । प्रगतिवादले कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई साहित्यको रूप दिन्छ । प्रस्तुत उपन्यासले पञ्चायतकालदेखि बहुदल स्थापना, दशवर्षे जनयुद्ध र गणतन्त्र स्थापनासम्मको कम्युनिस्ट आन्दोलनको कथावस्तुलाई उनेको छ । कम्युनिस्ट आन्दोलनमा देखिएको विचलन र आन्दोलनको औचित्यको पनि समीक्षा गरिएको छ । भौगोलिक रूपमा नेपालको गोर्खा, चितवन, बर्दिया, नेपालगञ्ज लगायतका क्षेत्र र भारतीय भूमिलाई समेत उपन्यासमा समेटेको छ । कम्युनिस्ट इतिहासको महत्त्वपूर्ण दस्तावेजको रूपमा उपन्यासलाई लिन सकिन्छ । प्रस्तुत उपन्यासमा नेपाली वाम राजनीति मात्र नभएर भारतीय वाम राजनीतिको पनि चिरफार गरिएको छ । सर्वहारावर्ग र उच्चवर्गबीच भएको द्वन्द्वलाई उपन्यासले समेटेको पाइन्छ । पात्रहरूमा समयसँगै आएको प्रगतिवादी चेतना, उच्चवर्गसँग गरिएको वर्गसङ्घर्ष पनि उल्लेख गरिएको छ । उच्चवर्गको शोषणको विरोध गर्दै समतामूलक समाज निर्माणमा उपन्यासले जोड दिएको छ । यसप्रकार यस उपन्यासमा कथावस्तु, पात्र, परिवेश आदिमा प्रगतिवादी चेतना पाइन्छ ।

# परिच्छेद चार

# प्रगतिवादी अभिलक्षणका आधारमा 'प्रेमदासको डायरी' उपन्यास

## ४.१ विषयप्रवेश

'प्रेमदासको डायरी' उपन्यास प्रगतिवादी उपन्यास हो । यस उपन्यासले प्रगतिवादी विचार व्यक्त गरेको छ । उपन्यासमा निकै लामो कालखण्ड भएकाले पनि एउटा सिङ्गो इतिहासको साक्षी बनेको छ । नेपालको वाम राजनीतिलाई विश्लेषण गर्दै त्यसको आन्तरिक तथा बाह्य पाटोलाई उपन्यासले प्रस्तुत गर्न खोजेको छ । नेपाली कम्युनिस्ट आन्दोलनको उपलब्धि तथा प्रगतिवादी विचारअनुरूप आन्दोलन थियो-थिएन भन्ने विषयमा लेखकले उपन्यासमा यथार्थ रूपमा प्रस्तुत गरिदिएका छन् । प्रगतिवादी साहित्य मार्क्सवादी दर्शनबाट प्रभावित साहित्य हो । यसले जीवन र जगत्लाई मार्क्सवादी सौन्दर्यशास्त्रको दृष्टिकोणबाट नियाल्दछ । सामन्तवादी संस्कारको विरोध गर्दै सबैप्रकारका शोषण, उत्पीडन र दमनमा परेका श्रमजीवीवर्ग श्रमिक, किसान र मजदुरको पक्षमा लेख्नु नै प्रगतिवादी साहित्यको विशेषता हो । प्रगतिवादी साहित्यले समाजमा देखिएको सान्तवादी प्रवृत्ति, सम्राज्यवादको विरोध तथा अन्तर्राष्ट्रिय मुक्ति आन्दोलनलाई समर्थन गर्दछ । शोषक, सामन्तको विरोध, मानवतावादप्रति आस्था, साम्राज्यवाद र पूँजीवादको विरोध, शोषणको विरोध गर्दै समानताप्रति जोड, धर्म र ईश्वरप्रति अनास्था तथा रूढिवादको विरोध, नारीवादी विचार र महिला शोषणको विरोध, परिवर्तनकारी शक्तिप्रतिको विश्वास आदि प्रगतिवादका अभिलक्षण हुन् । नेपालमा कम्युनिस्ट आन्दोलन र त्यसको प्रगतिलाई समीक्षा गर्दै उल्लेखित प्रगतिवादी अभिलक्षणका आधारमा 'प्रेमदासको डायरी' उपन्यासलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

## ४.२ शोषक, सामन्तको पहिचान र विरोध

प्रगतिवादी साहित्यले शोषण दमनमा परेकाहरूको आवाजलाई बाहिर ल्याउने काम गर्दछ । कोरा कल्पना, भावुकता र खोक्रो आदर्शलाई नभै समाजका यथार्थलाई बाहिर प्रकट गर्न

जोड दिन्छ । शोषक, सामन्तलाई पहिचान गरेर तिनीहरूको विरोध गर्दछ । उपन्यासमा प्रयुक्त कुस्माखर धिताल, टीकाराम जिम्वाल, हरिदत्त, गुणखर, विवेक शेरचन आदि शोषक, सामन्तको पहिचान गरिएको छ । यिनीहरूले निम्नवर्गलाई दास बनाएर चरम शोषण गर्ने गरेका छन् । यिनीहरू समाजका वर्गशत्रु हुन्, जसले सहाराविहीन तथा आवाजविहीनहरूलाई दबाएर खाएका छन् । टीकाराम जिम्वालको घरमा कमारो बसेका रने भुजेलका परिवार चितवनमा आएर पनि हरिदत्तको घरमा काम गर्नु परेको छ । उनीहरू हरिदत्त बाजेको जमिनदारीमा गोरुजस्तै गरी हलो जोत्नु परेको छ (पृ. २८) । जीवनमा सुख पाउने सपना देखेका बिर्खबहादुरको परिवार चितवनमा पुगेर पनि हली-गोठाला नै बन्न पुगेका छन् ।

गरिब, दीन-दुःखीको श्रमशोषण गरेर खान पल्केका जमिन्दार सामन्तहरू पहाडबाट झरेका सोझासाझलाई आफ्नो जालमा पारेर उनीहरूको श्रमशोषण गरेर कहिल्यै पनि प्रगति हुन दिँदैनथे । उनीहरू सोझा गाउँलेलाई चिल्ला कुरा गरेर फसाएर चरम शोषण गर्थे । कुस्माखरले हर्कबहादुरलाई यसरी फकाएका छन् :

> *"त्यसो भा बस त नि मेरो गोठाँ । अलिकति बारेर खाने बस्ने ठाउँ बनाएदिन्छु, नआउनु आइहाल्यौ । पितापुर्खादेखिका कमराकमारी, माया पनि लाइराछ । बस्छौ भने बस त नि । मलाई बलिया पाखुरा चाहिया, तिमेरूलाई काम चहिया । पन्ध्र सोह्र बिघा जग्गा छ, स्याहार्न सक्या छैन । बस्छौ भने पर बारीको कुनामा दशैँपछि एउटा कटेरो बनाइदिउँला । उसले माया दया देखाएको ढङ्गले भन्यो"* (पृ. ५२) ।

यसरी सोझासाझा मानिसहरू माया गरेको भानमा परेर शोषकको फन्दामा पर्दछन् । सोझा किसानले आफूले कमाएर खाने ठाउँ पाएको र साहुले आफूमाथि दया देखाएको महसुस गर्छन् तर तिनीहरूको मायाभित्र कुटील चाल हुन्छ । कुस्माखरले हर्कबहादुरलाई बस्ने ठाउँ दिए पनि हर्कबहादुरको श्रमको उचित सम्मान कहिल्यै दिन सकेन । घरका सबै परिवारले कुस्मेको काम गर्दिनु पर्थ्यो तैपनि कुस्मेका सन्तानले कहिल्यै टिठाउँदैनथ्यो (पृ. ५४) । अधिक श्रमशोषणका कारण दुई जिउकी मङ्गली घर्तीनीको ज्यान गयो । कुस्मेको जेठो छोरा गुणाखरले कवितालाई कुदृष्टि राख्न खोजेको देखिन्छ । काममा केही तलमाथि परेमा कविताले कुटाई खानु पर्थ्यो । त्यो घरमा हर्कबहादुरको श्रमको मूल्य नबुझेको कुरा यसरी प्रस्तुत भएको छ :

*"बाले एघार वर्ष कुस्मेको हलो जोत्नु भो । आमाले पनि त्यति नै समय त्यसका गाई बाख्रा घाँस, दाउरा, जूठोचुलो र खेतको काम समेत गरिन् । आमा मरेपछि मैले पनि वर्षदिन भो, आमाले गर्ने काम समालिदिएँ । तर बाले त्योसँग पैसा लिएको मैले थाहा पाइन"* (पृ. ५६) ।

सामन्तको काम सित्तैमा गर्दा पनि उनीहरूले राम्रो लाउन र मीठो खान कहिल्यै पनि पाएनन् । जीवनभरि उनीहरूको दास भएर काम गर्दा श्रमको सम्मान गर्नुको सट्टा उल्टै अनेक काम लगाएर दुःख दिने गर्थे । दिनमा गर्ने काम त भयो तर रातको समयमा पनि सालका गोलिया काट्न लगाउने गरिन्थ्यो । सालको गोलिया काट्न जाने क्रममा सर्पले डसेर हर्कबहादुरको मृत्यु भएको छ । हर्कबहादुरलाई अस्पताल लैजानुभन्दा स्थानीय रूपमा झारफुक गर्ने र चुपचाप लगेर गाडिदिने अति अमानवीय कार्य गरेका छन् ।

कुस्माखर, हरिदत्त, टीकाराम जिम्वाललगायतका शोषक, सामन्तहरूको पहिचान गरी तिनीहरूको कार्यको विरोध प्रस्तुत उपन्यासमा गरिएको छ । हर्कबहादुर, बिर्खबहादुर, रने भुजेल, छन्द, कविताजस्ता निम्नवर्गीय श्रमजीवीमाथिको चरम श्रमशोषण गर्ने शोषक, सामन्तको पहिचान र विरोध गरिएको छ । छन्दबहादुर, बिर्खबहादुरले बर्दियामा पुगेर पनि कहिल्यै सुखसँग बस्न पाएनन् । त्यहाँ पनि उनीहरू राधेश्यामको काममा दिनरात खट्नु परेको थियो । केही मात्रमा दया देखाएजस्तो गरी भरपूर श्रमशोषण गर्ने सामन्तवादी प्रवृत्ति त्यहाँ पनि देखियो ।

उपन्यासमा नवसामन्तवादको खुलेर विरोध गरेको पाइन्छ । विवेक शेरचनजस्ता मानिसहरूले पैसा र पहुँचको भरमा पार्टीमा अधिनायकवाद लादेर सर्वहारालाई नै सताएका छन् । राधेश्यामले छन्दबहादुर, बिर्खबहादुर, कवितालगायतलाई भऱ्याङ बनाएर आफू माथि चढेपछि उनीहरूलाई बिर्सेको छ । जनमुक्ति सेनाका कमाण्डर पूर्ण घिसिङले गरेको कार्यलाई उपन्यासमा भर्त्सना गरिएको छ ।

यसरी उपन्यासमा सामन्तवादका विविध रूपको पहिचान गरेर तिनको विरोध गरिएको छ । सदियौँदेखि दमन गर्दै आएका शोषक, सामन्त र परिवर्तनका नाममा दमन गर्ने नवसामन्तवादीहरूको पहिचान गरी तिनीहरूको विरोध उपन्यासमा गरिएको छ ।

## ४.३ मानवतावादप्रतिको आस्था

मानवलाई मानवको रूपमा व्यवहार गर्नु मानवतावाद हो । प्रगतिवादले सदा मानवतावादको पक्षमा वकालत गर्दछ । उत्पीडित मानवले सबैप्रकारका सामाजिक बन्धनबाट छुट्कारा पाउनु पर्दछ भन्ने विचार राख्दछ । मानिस स्वतन्त्र जन्मिए पनि सामाजिक बन्धनले ऊ बाँधिन्छ । समाजमा प्रत्यक्ष रूपमा देखिने छुवाछुत, बोक्सी प्रथा, मानवलाई दास बनाउने, बाँधा कमैया, हली राख्ने कार्यको विरोध गर्दछ । मानवलाई काममा लगाएपछि उसलाई आधारभूत मानवीय संवेदना देखाउनु पर्दछ । मानवलाई मानवीय मूल्य प्रदान गर्नुपर्ने कुरालाई मानवतावादले स्वीकार गर्दछ ।

प्रस्तुत उपन्यासमा मानवतावादप्रतिको आस्था र मानवतावादलाई समर्थन गरिएको छ । शोषक, सामन्तले शोषण गर्दा कुनै मानवीयता नदेखाएको कुरालाई उपन्यासमा समेटिएको छ । घर्तीहरूले दिनरात काम गर्दा पनि कहिल्यै श्रमको मूल्य पाएनन् । उनीहरूलाई मालिकहरूले मानवको रूपमा होइन तर पशुलाई झैँ काममा दलाएर मानवता विरोधी कार्य गरेको उपन्यासमा प्रस्तुत गरिएको छ । आफूले नसके पनि काममा दलिनु पर्ने कुरा यसरी प्रस्तुत भएको छः

> *"आमा गरुङ्गो जिउकी थिइन् । त्यस्तो अवस्थामा पनि काम नगरी हुँदैनथ्यो । कतिपटक त बाले नै दिनभरि खेतमा कोदालो खनेर हलो जोतेर साँझ घरमा आएपछि आमाको काम गरिदिनु हुन्थ्यो । यस्तो अवस्थामा पनि कुस्मेको परिवारमा दया जाग्दैनथ्यो"* (पृ. ५४) ।

यसप्रकारको मानवता विरोधी कार्यको कारण मङ्गली घर्तीनीले अकालमा नै ज्यान गुमाउनु परेको दयनीय अवस्थालाई उपन्यासमा प्रस्तुत गरिएको छ । कुस्मेको परिवारमा सामान्य मानवीय संवेदना पनि देखिँदैन । दुई जिउकी मङ्गली घर्तीनीलाई दिनरात काममा दलाएर मृत्युको मुखमा पुऱ्याएको कुस्मे मानवता विरोधी व्यक्ति हो । घरमा काम गर्न राखेको मानिसलाई मान्छेको व्यवहार गरेको छैन त्यसकारण उपन्यासकारले यस्तो मानवता विरोधी कार्यको विरोध गर्दै मानवतावादप्रति आस्था राख्न आग्रह गरेको देखिन्छ । निम्नवर्गीय हर्कबहादुरजस्तालाई अमानवीय व्यवहार गर्ने सामाजिक व्यवस्थालाई विरोध गरिएको छ ।

उपन्यासमा मानवता विरोधी कार्य प्रहरी प्रशासनबाट पनि भएको पाइन्छ । जेलमा रहेका कैदी बन्दीलाई मुख छाड्ने तथा तिनीहरूलाई पशुलाई झैँ कुटपिट गर्ने खानसम्म नदिने अमानवीय घटना पनि उपन्यासमा उल्लेख गरिएको छ :

> *"तँ माचि...अझ जान्ने हुन्छस् ? तँ चि...ले नियम कानून मान्याछस्, साला कम्युनिष्ट गुण्डा !...." "ए रण्डीका पोइ, तेरो नाम, ठेगाना, तेरा पार्टीका नाम ठेगाना र हिजो टाँडीमा के भाषण गरिस् सब भन् । नत्र तँलाई झुण्ड्याउँछु । ए केटा हो डोरी ठिक पार है"* (पृ. १३५) ।

प्रहरीको दादागिरी र मानिसलाई पिउने पानी र खाना पनि नदिनेजस्ता मानवताहीन कार्य जेलमा देखिन्छ । सोधपुछको समयमा पिट्ने, धम्क्याउनेजस्ता कार्यहरू गरेका छन् । उँधोमुन्टो लगाएर झुण्ड्याउने र पैतालामा बेस्सरी पिटेर बेहोस् पार्ने कार्य जेलमा गरेको पाइन्छ । जेलमा भएको मानवता विरोधी कार्यलाई यसरी प्रस्तुत गएिको छ :

> *"रातको करिब नौ बजे । म होसमा आएँ । चारैतिर आँखा घुमाएर हेरेँ । दिउँसो हुलिएकै कोठामा रहेछु । घोप्टो परेको रहेछु । शरीर चल्ने अवस्थामा थिएन । खुट्टा ? खुट्टाको त के कुरा गर्नु । टेक्नै नमिल्ने भएको थियो । जबरजस्ती कोल्टे परेँ । दिउँसोका बन्दीहरू देखिएनन् । अलिपर एउटा मानिस अँ... अँ... अँ... गर्दै कन्दै पल्टिरहेको देखेँ । ....प्यासले घाँटी सुकेको थियो* (पृ. १३६) ।

> *"करिब एक हप्तासम्म हामी दुवैलाई पालैपालो चरम यातना दिइयो । रामुको खुट्टा भाँचिएको जस्तो लाग्यो । उठेर पटक्कै टेक्न नमिल्ने भएपछि मध्यरातमा म घिस्रँदै ऊ कहाँ पुग्थेँ । उसको खुट्टामा मालिस गरिदिन खोज्थेँ तर छुनै हुँदैनथ्यो । पीडाले चिच्याउँथ्यो । हामी एकै ठाउँमा बसेर कुरा गरेको सुनेपछि ढोकाबाट सेन्ट्री चिच्याउँदै ढोका खोलेर आउँथ्यो र लात्ताले भकुर्थ्यो"* (पृ. १३७) ।

जेलभित्र भएको मानवता विरोधी कार्यलाई यस खण्डमा देख्न सकिन्छ । मानवलाई पनि पशुलाई झैँ कुट्ने र मानवीय संवेदना पनि नदेखाउनेजस्ता कार्यको विरोध गरिएको छ । यतिमात्र नभएर प्रहरीले जङ्गलमा लगेर गोली हानेर मार्नेजस्ता मानवताविरोधी कार्यको गरेको

उपन्यासमा उल्लेख रहेको छ । मान्छेलाई मानवको रूपमा नहेर्ने र पशुलाई जस्तो व्यवहार गर्ने प्रवृत्तिको विरोध गरिएको छ । प्रहरीले बोल्ने कुवाक्य, जेलको यातना, मान्छेलाई अनेक षड्यन्त्र गरेर मार्ने अमानवीय प्रवृत्तिको विरोध गरिएको छ ।

जनयुद्धकालमा त झन् मानवताविरोधी कार्य अत्यधिक भए । सुरबहादुरजस्ता सामान्य मानिसलाई बुहारीको इज्जत जोगाउन जाँदा गोली हानी हत्या गर्नेजस्ता मानवअधिकार विरोधी कार्य गरेको पाइन्छ । युद्धरत पार्टी र राज्य दुवै पक्षबाट धेरैभन्दा धेरै मानवताविरोधी कार्यहरू भए । नेपालमा मात्र नभएर भारतमा पनि यस्ता मानवताविरोधी कार्य भएको प्रशस्त देखिन्छ ।

यसप्रकार प्रस्तुत उपन्यासमा मानवताको पक्षमा उभिएर मानवता विरोधी कार्यको विरोध गरिएको छ । श्रमजीवीवर्गलाई काममा लगाउँदा मानवअधिकारका न्यूनतम शर्तहरू पूरा गर्नुपर्छ । उपन्यासमा निम्नवर्गीय श्रमजीवी समुदायमाथि समाजका उच्चवर्गले गरेको दमन र शोषणको चरमरूप देखाइएको छ । न्यून ज्यालामा दिनरात खट्नुपर्ने, खटेअनुसार श्रमको उचित मूल्य नदिने परिपाटी मानवता विरोधी कार्य हो । यतिमात्र होइन जेलमा बस्दा कैदी बन्दीलाई कस्तो व्यवहार गर्नु पर्ने हो सो कुरा थाहा नपाएको देखिन्छ । मानवलाई पशुझैँ कुटने, मार्नेजस्ता कार्य अत्यन्तै अमानवीय कार्य हो । यस्तै अमानवीय कार्यको उदाहरण स्वरूप माडीको बाँदरमुढे घटनालाई पनि उपन्यासमा समावेश गरिएको छ । सशस्त्र जनयुद्ध कालमा राज्यपक्ष र विद्रोही पक्षबाट भएको आततायी घटनाले मानवअधिकारको खिल्ली उडाएको छ । मानव संवेदनाहीन भएपछि मानवलाई मानवको रूपमा नदेख्ने कुरा उपन्यासमा उल्लेख गरिएको छ । घरको काम होस् अथवा कैदी बन्दी नै किन नहोस् उनीहरूलाई मानवीय व्यवहार गर्नुपर्छ भन्दै मानवतावादको पक्षमा सशक्त रूपमा उपन्यासकार उभिएका छन् । उपन्यासमा सबै प्रकारका मानवताविरोधी कार्यको विरोध गर्दै मानवतावादमा आस्था राख्न आग्रह गरिएको छ । विभिन्न पात्रहरूको माध्यमबाट मानवतावादप्रति आस्था राख्नुपर्ने विचार लेखकले व्यक्त गरेका छन् ।

## ४.४ साम्राज्यवाद र पूँजीवादको तीव्र विरोध

'प्रेमदासको डायरी' उपन्यास नेपाली कम्युनिस्ट आन्दोलनको दस्तावेज हो । कम्युनिस्ट आन्दोलन साम्राज्यवादको र पूँजीवादको अन्त्य गरेर नौलो जनवादी गणतन्त्रको स्थापनामा

केन्द्रित रहेको थियो । पूँजीवादको उन्नत रूप साम्राज्यवाद हो । आफ्नो निहित स्वार्थपूर्ति गर्न विश्वलाई नै आर्थिक रूपमा पराधीन बनाउने दलाल पूँजीपतिवर्ग सर्वहारावर्गको शत्रु हो । व्यक्तिवादी हितलाई मात्र पक्षपोषण गर्ने र निम्नवर्गमाथि दलन र उत्पीडन दिने साम्राज्यवादको विरोध उपन्यासमा सशक्त रूपमा गरिएको छ ।

पूँजीवादमा राज्यसत्ता पूँजीपतिवर्गमा निहित हुन्छ । शक्तिमा पुगेपछि सत्ता र शक्तिको दुरुपयोग गरेर सर्वहारामाथि चरम शोषण र अत्याचार र दमन सुरु हुन्छ । यस उपन्यासमा पञ्चायतकालीन सर्वसत्तावादले गरिब, मजदुर र श्रमजीवीवर्गको हित कहिल्यै गरेन र सधैँ उत्पीडनमा राख्यो । उनीहरूको आवाजलाई प्रहरी प्रशासनको माध्याबाट दबाउने काम गरियो । पार्टीभित्र पनि धेरैजसो पूँजीपतिवर्गकै हालीमुहाली रह्यो । आफू माथि पुग्न पद र शक्तिको चरम दुरूपयोग भयो । जो सक्कली रूपमा कम्युनिस्ट थिए, तिनले भने कहिल्यै पनि पद र प्रतिष्ठा खोजेनन्; तिनीहरू पार्टीबाट तिरस्कृत भए । कामरेड विवेक, राधेश्यामजस्ता कम्युनिस्ट खोल ओढेका पूँजीपति नवसामन्तहरूले पार्टीको गरिमालाई घटाएको देखिन्छ । सत्ताकाङ्क्षाका निम्ति मानिसहरूले जस्तोसुकै निकृष्ट कार्य गर्ने गरेको कुरालाई प्रभाकरले यसरी व्यक्त गरेका छन् :

> *"मसँग विचारको एउटा बलियो जग थियो । कसैप्रति कुनै दुराशय पनि थिएन । न त सत्ताकाङ्क्षा नै थियो । मात्र जनमुक्ति र जनताको सत्ता हेर्ने रहर मात्र थियो । कुनै महान् व्यक्तित्वका रूपमा चर्चामा रहने रहर पनि थिएन । यदि सत्ताकाङ्क्षा, पदप्रतिष्ठा र वैभवको इच्छा भएको भए मैले पनि दुईचार हत्या गरेर त्यसैको रगतले नाम किन्थेँ । लासको सिँढी चढेर प्रतिष्ठाको कौसीमा पुग्थेँ"* (पृ. २०) ।

कम्युनिस्ट नाम धारण गरेर कैयौँ पूँजीपतिवर्गले सत्ता, पद र प्रतिष्ठा हात पारे । वैचारिक राजनीतिभन्दा पैसाको राजनीति हाबी भयो । चुनाव जित्नसमेत पैसाको खोला बगाउने कार्य सर्वहाराका नेताले गरे । जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"....यदाकदा हल्ला सुनिन्थ्यो राधेश्याम शर्माले चुनावमा पैसाको खोलो बगाए"* (२५१) ।

राधेश्याम, जो कम्युनिस्ट आन्दोलनका नेताको रूपमा चिनिएका थिए । तिनै व्यक्ति चुनावको निम्ति सामन्तबाट ऋण लिएर चुनव जितेका थिए । शोषक, सामन्त विरोधी पार्टीका नेता पूँजीपतिवर्गसँग गएर पैसा मागेर चुनाव जितेको प्रसङ्गले मार्क्सवादी विचारको धज्जी उडाएको देखिन्छ । राधेश्यामले गुलरियाका ठूला महाजन श्यामराज अग्रवालसँग दशलाख ऋण लिएका थिए (पृ. २५२) । जनताको बीचमा भने नयाँ जनवादी क्रान्ति र बहुदलीय जनवादको घोषणा गर्ने तर भित्रभित्रै भने समाजका शत्रु पूँजीपतिवर्गसँग साँठगाँठ गर्ने प्रवृत्ति नेताहरूमा देखिन्छ । आन्दोलनमा दिनरात खटिने इमान्दार व्यक्तिहरूभन्दा पनि पैसावाला, वाक्पटु र शक्तिमा पुग्न जे पनि गर्नसक्ने मानिसहरू सत्तामा पुगे । यस्ता व्यक्तिहरूको कारण जति आन्दोलन भए पनि जनताले परिवर्तनको आभास पाएनन् । पूँजीपतिवर्गले सर्वहारावर्गको समस्यालाई बुझेनन् भने सर्वहारावर्गको आवाज लिएर जानेहरू पनि व्यक्तिवादी स्वार्थमा लिप्त भएर पूँजीवादीहरूसँग मिले । राजनैतिक परिवर्तन भएर मात्र हुँदैन व्यक्तिको विचारमा पनि परिवर्तन हुनुपर्छ भन्ने विचार उपन्यासमा व्यक्त गरिएको छ । पञ्चायतकालदेखि यता अनेकौं सत्ता परिवर्तन भए तर गरिब, श्रमजीवीवर्गको पक्षमा कहिल्यै परिवर्तन भएन । पूँजीवादमा पैसावालाहरूको बोलवाला हुन्छ र गरिब निमुखाको आवाज दबाइन्छ त्यसकारण यस उपन्यासमा पूँजीवादको विरोध गरिएको छ ।

पूँजीवादको विकसित र चरमरूप साम्राज्यवादी सोचले केबल आफ्नो राजमात्र कल्पना गर्दछ र अरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्छ । यस उपन्यासमा भारतीय साम्राज्यवादको पनि विरोध गरिएको छ । नेपालमा हुने गरेका सामान्य घटना पनि नेपालका मन्त्रीले भन्दा भारतका सामान्य नागरिकले पहिले थाहा पाउने रहेछ । नेपालमा हुने हरेक परिवर्तनमा भारतको हात हुने र भारतले चाहेअनुसार नेपालमा परिवर्तन हुने कुरालाई उपन्यासले उठाएको छ । जसको एक दृष्टान्त : *"नेपालको लुम्बिनी बुद्धको जन्मस्थान भारतीय चासोको भूमि हो । तिब्बतको रक्षा र अखण्डता चीनिया राजनीतिको दक्षिण एसियासम्मको चासो, यी दुई मुद्दाले नेपालको राजनीतिक स्वाधीनतामाथि सधैँ प्रश्नचिह्न खडा गरिरहेछ"* (पृ. १८९)।"

भारतले नेपालको राजनीतिलाई नजिकबाट नियालेको पाइन्छ । नेपालको प्रत्येक परिवर्तन उनीहरूको हितअनुकूल बनाउन चाहन्छन् । नेपालका धेरैजसो नेताहरू पनि भारतपरस्त भएका छन्, जसको कारण नेपालमा परिवर्तन आए पनि श्रमजीवीवर्गसम्म त्यो

परिवर्तन पुग्न सकेको छैन । परिवर्तन केबल नेतृत्व तहमा मात्र सीमित छ । भारतले नेपालको आन्तरिक मामिलामा गर्ने ठाडो हस्तक्षेपलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"नेपालका हरेक राजनीतिक उतारचढाव र परिवर्तनमा भारतको परोक्ष सरोकार रहिरहेको हुन्छ । एउटा स्वाधीन राष्ट्र भनिए पनि नेपाल भारतको स्वशासित भूभागजस्तै हो"* (पृ. २०४) ।

यसरी यावत् घटनाक्रमलाई हेर्ने हो भने नेपालको प्रत्येक परिवर्तनमा भारतीयले चासो राख्ने र आफू अनुकूल नेपाललाई चलाउने साम्राज्यवादी विचारको उपन्यासमा भण्डाफोर गरिएको छ ।

यसप्रकार यस उपन्यासमा पूँजीपति र साम्राज्यवादी सर्वसत्तावादले गर्दा नेपालमा सोचेअनुरूप परिवर्तन हुन नसकेको हो । कम्युनिस्ट आन्दोलनले सर्वहाराको मागलाई लिएर गए पनि सत्तामा पूँजीपति र साम्राज्यवादी हस्तक्षेपले गर्दा अन्दोलनका उपलब्धिहरू संस्थागत हुन नसकेको हो । साम्राज्यवाद र पूँजीवाद सर्वहाराको शत्रु अनि विकासको बाधक हो । गणतन्त्र स्थापना भए पनि जनताले कहिल्यै राजनैतिक परिवर्तनको आभास गर्न नसकेको हुँदा साम्राज्यवादी पूँजीवादको तीव्र विरोध गरिएको छ ।

## ४.५ शोषणको विरोध गर्दै समानताप्रति जोड

सामन्तवादी पूँजीवादी व्यवस्थाले सिर्जना गरेको असमानता, शोषण, उत्पीडन, वर्ग व्यवस्था तथा जातीय छुवाछुतको विरोध गर्दै समतामूलक समाज निर्माणमा उपन्यासले जोड दिएको छ । समाजमा पूँजीपतिवर्गले सर्वहारा श्रमजीवीवर्गलाई जहिल्यै पनि शोषण गरिरहेकै हुन्छन् । यो सामन्ती व्यवस्थाले पुस्तौँदेखि राज चलाउँदै आएको छ । यस्तो पूँजीपति सामन्ती व्यवस्थाको अन्त्य गर्दै सबैप्रकारका शोषणको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नु प्रगतिवाद हो । समाजमा वर्गसङ्घर्षको अन्त्य गरी मार्क्सवादी सौन्दर्यशास्त्रको आधारमा वर्गविहीन सुन्दर समाजको निर्माण प्रगतिवादले गर्दछ । समाजमा विद्यमान सबैखाले अन्याय, अत्याचार र शोषणको अन्त्य गर्दै समानताप्रति जोड दिइएको छ ।

सदियौँदेखि कमरा बनेका गोर्खाका घर्तीहरूलाई त्यहाँका उच्चवर्गले गरेको श्रमशोषण उपन्यासको मुख्य विषयवस्तु रहेको छ । त्यहाँका घर्तीहरू बाहुनको घरमा हली बसेको र उन्मुक्तिको निम्ति चितवनतिर झरेको छ भने चितवनमा आएर पनि शोषणमा परेको

विषयवस्तु उपन्यासमा देखिन्छ । जीवनका सम्पूर्ण समय सामन्तको काम गरेर बिताएका मानिसहरूले कहिल्यै पनि श्रमको उचित मूल्य पाएनन् । बिर्खबहादुर, रने, छन्दबहादुर, हर्कबहादुर, प्याउली, मनकुमारी, कविताजस्ता कैयौँ श्रमजीवीहरू उन्मुक्तिको सपना देख्दा-देख्दै धर्तीबाट बिलाए । हर्कबहादुरले भोगेको चरम शोषणलाई हेर्ने हो भने समाजमा श्रमजीवीवर्गमाथि हुने बर्बरता र क्रुरताको चरम रूप देखिन्छ । कुस्माखरको दासत्वमा आफ्नो जीवन समाप्त पारेका हर्कबहादुर घर्तीजस्ता कैयौँ श्रमजीवी समुदायको आवाजलाई यो उपन्यासले उठाएको छ ।

समाजमा परिवर्तन खोज्दै सबै प्रकारका शोषित र दमितको पक्षमा लाग्ने प्रभाकर, चम्पा, सङ्गीत खवास, कविता, छन्दु, राम विश्वकर्माहरूको कथा उपन्यासले बोकेको छ । मार्क्सवादी सौन्दर्यशास्त्रको आलोकमा समाजलाई निहार्न चाहने यिनीहरूका सपना पूरा हुन पाएन । मानिसहरूमा छाएको परिवर्तनको चाहना र अवसरवादीहरूले परिवर्तन संस्थागत हुन नदिएका घटनाहरू उपन्यासमा आएका छन् ।

यस उपन्यासमा शोषणमा परेका पात्रहरूमार्फत् समाजमा समानता कायम हुनको निम्ति सबैप्रकारका विभेद र शोषणको अन्त्य हुनुपर्ने विचार व्यक्त गरिएको छ । वर्गीय समाज रहेसम्म शोषणको अन्त्य नहुने भन्दै समानता कायम गर्न वर्गीय समाजको अन्त्य गर्नुपर्ने विचार उपन्यासमा व्यक्त गरिएको छ । अल्पससङ्ख्यक पूँजीपतिवर्गले बहुसङ्ख्यक मजदुर, किसान, श्रमिक तथा सर्वहारावर्गलाई पीडा दिने हुँदा सबैप्रकारको शोषण, अन्याय र अत्याचारको विरोध यस उपन्यासमा गरिएको पाइन्छ ।

## ४.६ धर्म र ईश्वरप्रति अनास्था तथा रूढिवादको विरोध

प्रगतिवादले सामन्तवादी संस्कारले सिर्जना गरेको धार्मिक अन्धवादको विरोध गर्दछ । प्रगतिवादले भाग्यवादमा विश्वास गर्दैन । धर्मका नाममा चलेका अन्धपरम्पराको विरोध गर्दै आधुनिक वैज्ञानिक समाजवादको पक्षमा वकालत गर्छ । मानवलाई स्वर्ग र नरकको डर देखाएर शोषण गर्ने भाग्यवादलाई प्रश्रय दिने परिपाटीको अन्त्य चाहन्छ । भाग्य ईश्वरको खेल होइन, हाम्रो समाजमा रहेका शोषक, सामन्तको प्रपञ्चले गरिब, दुःखी र सर्वहारालाई देखाइएको डर मात्र हो । 'प्रेमदासको डायरी' उपन्यासमा उल्लेखित निम्नवर्गीय पात्रहरू आफू गरिब हुनुमा

सामन्तवादी समाज नभई भाग्यलाई दोषी ठानेका छन् । अहिले पनि नेपाली समाज धर्म र भाग्यको भरमा अडेको छ । धर्मको नाममा सोझा, अनपढ मानिसहरूलाई ठगेर खान पल्केका सामन्तहरूले धर्मको डर देखाएर श्रमजीवीवर्गको शोषण गरिरहेका छन् । धर्मको बारेमा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"धर्मको सर्वरूप, दार्शनिक सार भनेको उत्पत्ति, स्थिति र विनाश हो"* (पृ. ९८) । यस्तै *"धर्म भनेको मोक्ष वा अलौकिकता वा स्वर्गीय सुखभोगको विधान होइन । यो त स्वतः मानिसले जीवनमार्ग निर्दिष्ट गर्ने तत्त्व हो । यसका नाममा आएका अनेक विचारहरू सबै सम्प्रदाय हुन्"* । यसरी नै अर्को साक्ष्य पनि उपन्यासमा प्रस्तुत भएको छ : *"आज विश्वमा हरेक धर्मले आफ्नो धर्म र आफूमात्र ठूलो भन्ने आडम्बर देखाउँदै सबैलाई दिग्भ्रमित पारेको छ । सबै धर्महरू मोक्षका नाममा स्वैरकल्पना हुन्"* (पृ. १९१) ।

प्रगतिवादले कुनै अलौकिक विषयलाई स्वीकार गर्दैन । पूर्ण वैज्ञानिक र नवीन जनवादको सभ्यता र संस्कृतिको स्थापनामा प्रगतिवादले विश्वास राख्दछ । मानिसहरूले भनेजस्तो धर्म भनेको स्वर्गीय सुखभोगको विषय होइन । यस कथनलाई उपन्यासमा यसरी प्रष्ट पारिएको छ : *"धर्म भनेको आत्माले ठम्याएको सत्यताको धारण गर्नु हो । आफूले गरेको कर्म निष्ठापूर्वक गर्नु नै धर्म हो"* (पृ. १९०) ।

उपन्यासमा उल्लेखित स्वामी प्रेमदास अर्थात् प्रभाकर धिताल स्वामी बनेका छन् । स्वामी आनन्दको मठमा बसेर उनले त्यहाँ धर्मको नामबाट भएको राजनीतिलाई निकै नजिकबाट नियालेका छन् । स्वामी आनन्द घोषको आश्रमबाट प्रभाकर फुल्टेक्रा शिव मन्दिरका सामान्य पुजारी बनेका छन् । उनी ईश्वरलाई मानेर अलौकिक ईश्वरको आराधनाको निम्ति योगी बनेका हुन् कि होइनन् स्वयंमा दिग्भ्रमित छन्, जसलाई उनले यसरी प्रस्तुत गरेका छन् :

> *"आफूले योगी भेष धारण गर्नुको मुख्य कारणबारे ऊ स्वयम् भ्रमित थियो । उसलाई न ध्यान तथा आराधनामा अनुरक्ति थियो न विरक्ति नै ! आफ्नो बाबु विरुद्धको विद्रोह र आफूले तय गरेको विचारको यात्रामा प्रकट भएर विरोधाभासी क्रियाकलापले मात्र उसमा वैराग्य पलाएको थियो । ऊ कुण्ठा, पलायन र हीनताबोधले गाँजेको योगी बनेको थियो"* (पृ. १५) ।

नेपालको राजनैतिक अवस्था र विगतको कुराले गर्दा प्रभाकरले आफूलाई स्वामी प्रेमदास बनाए । उनी मन्दिरको सामान्य पुजारी भए पनि उनी आध्यात्मवादमा चुर्लुम्म डुबेका ढोँगी सन्त थिएनन् । उनमा ईश्वरप्रतिको आस्थाभन्दा आफ्नो इच्छापूर्ति र राजनीतिबाट पलायन भएपछिको वैराग्यता थियो । उनी फुल्टेक्रा मन्दिरका पुजारी बनेर नेपालगञ्ज वरिपरिको सम्पूर्ण राजनैतिक अवस्था बुझ्दै हिँडेका थिए । उनले सशस्त्र विद्रोही र सेना दुवैको गतिविधि नियालेका थिए । अन्त्यमा चम्पासँग भेटेपछि प्रभाकरले सम्पूर्ण कहानी बताउँछन् । उनले कम्युनिस्टभित्रको नक्कली मार्क्सवाद र ढोँगी आचारण विरुद्ध नयाँ अभियान चाल्न जोगीको भेष परिवर्तन गर्दछन् ।

यसप्रकार प्रस्तुत उपन्यासमा भाग्य र ईश्वरप्रति प्रगतिवादी विचार अभिव्यक्त गर्न खोजिएको छ । समाजमा विद्यमान गरिबीको कारण सामन्तवादी समाज हो । घर्तीहरू गरिब हुनु र बाहुनहरू धनी हुनु कुनै नियति र अलौकिक ईश्वरको खेल होइन । रातदिन काम गर्दा पनि आफूहरू कहिल्यै धनी नहुनु र बसीबसी खाने साहुहरूचाहिँ धनी हुनु भाग्यको खेल होइन, यसो हुनु सामन्तवादी सामाजिक संरचना हो । समाजमा गरिबलाई कहिल्यै माथि उठ्न नदिने वर्गशत्रु साहु महाजनहरू हुन् । दासहरू दास नै रहून भन्ने यिनीहरूको षड्यन्त्र रहेको पाइन्छ । पाप र धर्मको कुरा गरेर जीवनभरि आफ्नो दास बनाउन चाहने स्वर्थी विचारले निम्नवर्ग जहिले पनि गरिबीमा बाँच्नु परेको हो । सामन्तवादी राज्य व्यवस्था र राज्य चलाउने सामन्तहरूको कारण धनी र गरिबबीचमा भिन्नता आएको हो, कुनै भाग्य र ईश्वरको कारण होइन । भाग्य र ईश्वर मानिसलाई दिग्भ्रमित पार्न सामन्तहरूले रचेको जाल हो भन्ने विचार उपन्यासमा प्रकट भएको छ ।

## ४.७ नारीवादी विचार र नारी शोषणको विरोध

प्रगतिवादले नारीमाथि हुने हरेक प्रकारको दमन र शोषणको विरोध गर्दछ । सामन्तवादी समाजले नारीलाई केबल भोग्याको रूपमा हेरेको हुन्छ । पुरुषप्रधान नेपाली समाजमा नारी अस्मितामाथि नै प्रश्नचिह्न उठ्ने गर्दछ । नारीलाई अत्यधिक काममा लगाउने चलन नेपाली समाजमा चल्दै आएको छ । यस उपन्यासले नारीमाथि हुने हरेक किसिमका शोषण, दमन र उत्पीडनलाई समेट्न खोजेको छ । उपन्यासमा प्रयुक्त मनकुमारी, प्याउली, मङ्गली, मनरूपा,

कविता, चम्पाजस्ता नारीपात्रको माध्यमबाट समाजमा विद्यमान नारी शोषणको चर्चा गरिएको छ । कुस्माखरको घरमा अत्यधिक कामको बोझले गर्दा मङ्गली घर्तीको मृत्यु भएको छ । यसबाट के थाहा हुन्छ भने शोषणको मारमा कैयौँ नारीहरूले अनाहकमा जिन्दगी गुमाउनु परेको छ । कुस्माखरको घरमा रहँदा कहिल्यै पनि मीठो-चोखो खाना नपाएकी मङ्गलीले नयाँ लुगासमेत खासै लाउन पाइनन् । मङ्गली घर्तीको मृत्युपछि कुस्मेको घरको काम उनकी छोरी कविता (जुठी)ले गर्नु पऱ्यो । कुस्मेको छोराले उनीमाथि शारीरिक दुर्व्यवहारको कोसिस गरेको देखिन्छ जसलाई यसरी प्रस्तुत गरिएको छ : *"गुणेको मप्रतिको कुदृष्टि बढ्दै गएको थियो । कहिले म एक्लै घरमा बसेको बेला लुसुक्क भित्र पसेर के गर्देछौ जुठी ! भन्दै गालातिर हात पुऱ्याउन खोज्थ्यो । म रिसाएर बाहिर भाग्थेँ"* (पृ. ५७) । यसरी नारीको इज्जतलाई समेत लुट्न खोज्ने गुणेजस्ता सामन्तहरूले गर्दा नारी असुरक्षित रहेको देखिन्छ । श्रमशोषण मात्र होइन यौनशोषण पनि गर्न खोज्ने शोषकको विरोध उपन्यासमा गरिएको छ । समाज परिवर्तनका लागि युद्धमा होमिएकाहरूलाई प्रहरीले पनि अत्यन्त नराम्रा शब्दको प्रयोग गरेका छन् । जस्तै : *"ए रण्डी, किन आइस् त्याँ हँ ? तेरो नाठो हो ? भाग् उता ?"* (पृ. १३७) । यसरी नारीलाई अपमानजनक शब्दको प्रयाग गरिएको नारीवर्गमाथि अनेकप्रकारका मानसिक तथा शारीरिक यातना दिइएको छ । घरायसी काममा पनि उत्तिकै खटिनु पर्ने र पार्टीको काममा पनि उत्तिकै नै खट्नु पर्ने नारीहरूको पीडादायी जीवनको चित्रण उपन्यासमा गरिएको छ । नेपाली भूमिमा मात्र होइन भारतीय भूमिमा पनि नारीहरू सुरक्षित नभएको बलात्कार र हत्या गरिएको कुरालाई उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ : *"....घरतिर पैदल हिँड्दा अचानक उसमाथि आक्रमण भयो । बलात्कार गरे र हत्या गरिदिए । दुई दिनपछि एउटा झाडीमा उसको लास फेला पऱ्यो"* (पृ. १६६) ।

मनरूपाजस्ता नारी जसले समाजको परिवर्तन र सर्वहारावर्गको अधिकार स्थापनाको निम्ति जीवन समर्पण गरिन्, तिनै नारीको वीभत्स हत्या भएको छ । नारीमाथि हुने चरम अन्याय र अत्याचारका कथाहरू उपन्यासमा प्रशस्तै भेटिन्छन् ।

छन्दबहादुर सशस्त्र जनयुद्धमा लागेपछि कविताले पाएको मानसिक तनाव, राधेश्यामले छोरी बनाएर गरेको श्रमशोषण नारी अधिकार विरुद्ध हो । पुलिसले नारीमाथि गर्ने अत्याचारको झल्को यसरी प्रस्तुत गरिएको छ : *"साला रण्डी, तँ रण्डीको पोइलाई हामीले माऱ्यौ कि तेरै*

*नाठा आतङ्ककारीले मारे थाहा छैन ? घिसार यो रण्डीलाई भन्दै घिसार्दै लगे । हामी रुँदै कराउँदै पछि लागेका थियौं । पुलिसले घोक्रयाएर पछारे"* (पृ. २७९) ।

नारीलाई केबल खेलौना र यौन सन्तुष्टि पूरा गर्ने साधनको रूपमा प्रयोग गर्ने आनन्द घोषजस्ता स्वामीको स्त्रीलम्पट चरित्रलाई पनि उपन्यासले उदाङ्गो पारेको छ । राजनैतिक परिवर्तनको लागि नारीहरूको सङ्गठन बने पनि पुरुषप्रधान समाजले त्यसलाई स्वीकार गर्न सकेन ।

यसप्रकार प्रस्तुत उपन्यासमा नारी शोषणको रूपलाई देखाएर नारीहरूलाई गरेको दमनको विरोध गरिएको छ । घरायसी काम, खेतबारीको कामदेखि लिएर शारीरिक श्रम पर्ने काममा नारीहरू खट्नु परेको अवस्था छ भने त्यही कामको बोझले गर्दा उनीहरूको ज्यान पनि गएको छ । पछिल्लो पुस्ताका नारीहरूमा आएको चेतनाले नारी आन्दोलनको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल भयो । सशस्त्र जनयुद्धमा पनि धेरै नारीहरू लडाइँमा होमिए । जनयुद्धको समयमा पनि नारीहरू आफ्नै कमाण्डरहरूको यौनहिंसामा परे । यसरी नारीहरूलाई गरेको अन्याय, अत्याचार, शोषण दमनको विरोध गर्दै नारीवादी विचार प्रस्तुत उपन्यासमा अभिव्यक्त गरिएको छ ।

## ४.८ परिवर्तनकारी शक्तिप्रतिको विश्वास

प्रगतिवादी दर्शन जहिल्यै पनि परिवर्तनमा विश्वास राख्छ । मानिसलाई गरिने शोषणको अन्त्य गरेर सर्वहारा वर्गीय क्रान्तिबाट उत्पन्न शक्तिद्वारा राज्यको शासन प्रणाली सञ्चालित भए मात्र सर्वहारावर्गको मुक्ति सम्भव हुने धारणा प्रगतिवादले राख्दछ । सामन्तवादी राज्यसत्ता नढलेसम्म जनताले सुख पाउँदैनन् । विश्वका श्रमिक, मजदुर, किसान, श्रमजीवी समुदाय गोलबन्द भए मात्र विश्वले रूप फेर्न सक्छ भन्ने प्रगतिवादी चेतना र विश्व परिवर्तनको शक्तिमा प्रगतिवादले विश्वास राख्दछ ।

'प्रेमदासको डायरी' उपन्यासमा परिवर्तनको समर्थन र यथास्थितिवादको विरोध गरिएको छ । समाजमा रहेको सामन्तवाद र यथास्थितिवादबाट मुक्त गराई जनताको चाहनाअनुसारको वर्गविहीन समाज स्थापनाको कार्यदिशातर्फ लाग्नुपर्ने बताइएको छ । उपन्यासमा प्रयुक्त पात्रहरू परिवर्तनकारी शक्तिमा विश्वास राख्दछन् । परिवर्तनका निम्ति आफ्नो जीवनभर सङ्घर्ष

गरिरहेका छन् । पञ्चायतकालीन सामन्तवादी युगको अन्त्य गरी जनताको बहुदलीय जनवादको सपना देखेर युद्धमा होमिएका छन् । समाज परिवर्तन गर्नका निम्ति कैयौँ कम्युनिस्ट विचारका पात्रहरू लागिपरेको देखिन्छ । सङ्गीत खवासले पञ्चायतकालको कठोर सामन्तवादी शासन व्यवस्थामा पनि परिवर्तनकारी शक्तिमा विश्वास राखेका छन् :

> *"हाम्रो नेपालमा सामन्ती व्यवस्था र शासन छ । तिमीजस्ता लाखौँलाख गरिब एकजुट भई सङ्घर्ष गरेर यो सत्ता फाल्नुपर्छ । राजा फाल्नुपर्छ र गरिब जनताको सरकार बनाउनु पर्छ, अनि मात्र सबैले न्याय पाउँछन् । जमिन नहुनेले जमिन, काम नपाएकाले काम पाउँछन् । देशमा उद्योगधन्दा खुल्छ, कोही पनि घरबारविहीन हुँदैनन्"* (पृ. ७४) ।

त्यस समयमा राजा फाल्ने कुरा काल्पनिक र असम्भव मानिन्थ्यो । राजालाई ईश्वरको रूपमा पुज्ने समयमा पनि जनवादी गणतन्त्रको सपना देख्नु आकाशको फलजस्तै मानिन्थ्यो तर सङ्गीत खवासको परिवर्तनकारी शक्तिमाथि भएको विश्वासले परिवर्तनको अपेक्षा राख्दै देशको स्वतन्त्रताको निम्ति परिवर्तन जरुरी ठान्यो । परिवर्तनकारी शक्तिमाथि राज्यसत्ताले गरेको अवरोध, प्रहरी प्रशासनको दमनजस्ता कार्यमा पनि निडर भएर परिवर्तनको पक्षमा कैयौँ योद्धाहरू उभिएको पाइन्छ । जसको एक दृष्टान्त हेरौँ : *"...नौलो जनवादी गणतन्त्र स्थापना हुन्छ । हजारौँ मानिस मरेर शहीद होलान् तर यो सामन्ती सत्ता फ्याँकिन्छ, फ्याँकिन्छ"* (पृ. ७५) ।

सङ्गीत खवासमा आएको परिवर्तनको चेतनालाई उपन्यासमा प्रस्तुत गरिएको छ । प्रभाकरले बुबाको सामन्तवादी प्रवृत्तिको अन्त्य गर्न सबै तमसुक च्यातेर परिवर्तनको खातिर घर छाडेर हिँड्नु परिवर्तकारी शक्तिमा विश्वास राखेर हो । पार्टीमा वैचारिक सङ्घर्ष र पार्टी विचारबाट स्खलित हुँदाको अवस्थामा उनको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । सम्भ्रान्त परिवारकै भए पनि चम्पाले बुर्जुवा शिक्षा छाडेर मार्क्सवादी शिक्षा ग्रहण गर्नु र घरबाट विद्रोह गरेर परिवर्तनका लागि निस्कनु यसका उदाहरण हुन् (पृ. १०३) । समाजमा वर्गीय मुक्तिको निम्ति परिवर्तन जरुरी छ र परिवर्तनको निम्ति परिवर्तनकामी शक्तिहरू एकजुट हुनुपर्छ भन्ने विचार उपन्यासमा पाइन्छ । समाजमा सदियौँदेखि जरा गाडेर रहेको सामन्तवादी व्यवस्था उखेल्नु चानचुने कुरा होइन त्यसको निम्ति वर्गसङ्घर्ष र बलिदानको आवश्यकता रहेको हुन्छ ।

दमन र शोषणले विद्रोहको जन्म हुन्छ भन्ने कुरा *"....मेरो मनभित्र कहिलेकाहीँ आगो बल्थ्यो । ज्वाला भएर निस्कूँ कि जस्तो लाग्थ्यो...."* (पृ. ५८) भनाइबाट प्रष्ट हुन्छ ।

कवितामा सामन्तवादप्रति विद्रोह र परिवर्तनप्रति विश्वास उत्पन्न भएर नै विद्रोहमा लागेकी हुन् । पञ्चायती व्यवस्थाको सामन्तवादी राज्यव्यवस्थाको अन्त्यको निम्ति भएको आन्दोलनले गति लियो र सामन्ती पञ्चायती व्यवस्था ढल्यो । जनतामा नयाँ जनवादको आशा थियो तर त्यो परिवर्तनले जनताको मागलाई सम्बोधन गर्न सकेन । बहुदलीय व्यवस्थाभित्र पनि पूँजीपतिवर्ग र सामन्तवादी विचारका मानिसहरू हावी भए भन्ने कुरा प्रस्तुत दृष्टान्तले प्रस्ट पार्दछ : *"मैले बहुदलीय पद्धतिको राजनीति बुझिसकेकी छु । गरिबहरू शक्तिमा पुग्ने पद्धति नै होइन यो"* (पृ. २५१) ।

बहुदलको दलीय प्रणलीमा चुनावमा हुने खर्चको कारण पुनः उनै शोषक, सामन्तहरू नै शक्तिमा आए, जसले गर्दा सर्वहाराको हालत जस्ताको तस्तै रह्यो । अब भने नौलो जनवादी क्रान्तिको आवश्यकता महसुस भयो । कविता, चम्पा, छन्दबहादुरहरू जनताको उन्मुक्तिको सपनाको निम्ति विद्रोह गर्न लागेको देखिन्छ । यसलाई उपन्यासमा यसरी प्रस्ट पारिएको छ : *"बिद्रोह मेरो पनि नैसर्गिक अधिकार हो । तीसवर्षे शासन फालेर पनि उस्तै शासन सत्तालाई स्वीकार्नुपर्छ भन्ने छैन । यो बन्दुक अब त्यसै बन्द हुँदैन । जनवादी गणतन्त्र नआई शान्ति पनि हुँदैन"* (पृ. २७१) ।

सामन्तवादी राज्यसत्तको विरुद्ध विद्रोह गरेर समाजमा जनवादी गणतन्त्रको निम्ति लाखौँ योद्धाहरूले जीवन बलिदान दिएका छन् । देशमा परिवर्तन र सर्वहाराको मुक्तिको निम्ति आन्दोलनमा होमिएका छन्द, चम्पा, रामु, कविता, प्रभाकर आदि प्रतिनिधि पात्र मात्र हुन् । यस्ता कैयौँ मानिसहरूको बलिदानले परिवर्तन आएको हो । परिवर्तन मात्र आएर हुँदैन; सामन्ती राज्य व्यवस्थाको समूल अन्त्य हुनु पर्दछ र समाजले नौलो जनवाद पाउनु पर्दछ ।

यसप्रकार प्रस्तुत उपन्यासले परिवर्तनकारी शक्तिप्रति विश्वास राखेको छ । नेपाली कम्युनिस्ट आन्दोलन सामन्तवादी राज्य व्यवस्था फालेर नौलो जनवादी गणतन्त्रको स्थापना गर्नु थियो र यसको पक्षमा व्यापक जनलहर पनि तयार भयो । यसरी मानिसहरूमा परिवर्तनकारी शक्तिप्रति विश्वास रहेको देखिन्छ ।

## ४.९ निष्कर्ष

'प्रेमदासको डायरी' उपन्यास प्रगतिवादी मूल्य र मान्यतामा आधारित रहेर लेखिएको उपन्यास हो । प्रगतिवादी अभिलक्षणलाई आत्मसात् गरी लेखिएको प्रस्तुत उपन्यासमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादबाट अनुप्रणित भएको पाइन्छ । नेपालमा भएको राजनैतिक परिर्वतनलाई मार्क्सवादी सौन्दर्यशास्त्रअनुसार हेर्न खोजिएको छ । उपन्यासमा शोषक, सामन्तको विरोध, मानवताप्रति आस्था, साम्राज्यवाद र पूँजीवादको विरोध, परिवर्तनकारी शक्तिप्रति विश्वासजस्ता प्रगतिवादी अभिलक्षणहरू देखिन्छन् । पञ्चायत कालदेखि गणतन्त्रसम्म समाज आइपुग्दा पनि देशको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक क्षेत्रमा तथा जनताको जीवनस्तरमा खासै परिवर्तन आएको देखिँदैन । मानवलाई मानवको रूपमा नहेर्ने शोषकवर्गले गरिब-निमुखालाई केही दिए जसोगरी श्रमशोषण गर्नेजस्ता अमानवीय कार्य गरेको पाइन्छ । सामन्ती व्यवस्थाको अन्त्य र जनताको बहुदलीय जनवादका निम्ति कैयौँ सपुतहरू युद्धमा होमिए तैपनि पटक-पटक सरकार परिवर्तन भए तर व्यवस्था परिवर्तन नभएकाले परिवर्तनका निम्ति निरन्तर सङ्घर्ष गर्नुपरेको विषयवस्तु उपन्यासमा उठान गरिएको छ । त्यसैगरी पार्टीका इमान्दार कार्यकर्ताहरू विभिन्न बहानामा पक्राउ पर्ने, मारिने तर ठूलाबडाहरू भने स्वतन्त्र घुम्ने परिपाटीको विरोध गरिएको छ । नेतृत्वको स्वच्छन्द र स्वेच्छाचारी शैलीको विरोधसमेत यस उपन्यासमार्फत् उपन्याकारले प्रस्तुत गरेका छन् ।

# परिच्छेद पाँच

# 'प्रेमदासको डायरी' उपन्यासमा द्वन्द्व

## ५.१ विषयप्रवेश

'प्रेमदासको डायरी' उपन्यासले द्वन्द्वलाई पनि उत्तिकै स्थान दिइएको छ । वर्गीय, आर्थिक, राजैतिक, लैङ्गिक आदि द्वन्द्वलाई प्राथमिकताका साथ उठाइएको छ । उपन्यासमा उच्चवर्ग र निम्नवर्गबीचको द्वन्द्व, आर्थिक हैसियतले सम्पन्न र विपन्नबीचको द्वन्द्व, राजनैतिक द्वन्द्व, जातीय तथा लैङ्गिक द्वन्द्वलाई देखाइएको छ । द्वन्द्व दुई परस्पर विरोधी वैचारिक सङ्घर्ष हो । समाजमा हुने विभिन्न स्वार्थबीचको टक्कर, शक्तिका लगि हुने सङ्घर्ष र विभिन्न विचारहरूबीचको भिन्नतालाई विवाद भनिन्छ भने विवादको विकसित रूपलाई द्वन्द्व भनिन्छ । समाजमा विभिन्न जात, धर्म, भाषा, वर्ग र आर्थिक अवस्था भएका मानिसहरूको समूह हुन्छन् । त्यस्ता समूहहरू उपलब्ध स्रोत, साधन, अधिकार र पहुँचजस्ता विषयमा बढी हिस्सा प्राप्त गर्न खोज्दछन् र त्यसै क्रममा द्वन्द्वको सिर्जना हुन्छ । 'प्रेमदासको डायरी' उपन्यासमा पनि सदियौँदेखि कमारा-कमारी राखेर बसेका उच्चवर्गीय बाहुनहरू र जीवनभरि दुःख गर्दा पनि एकछाक राम्रोसँग खान नपाएका घर्तीहरूबीचको वर्गीय द्वन्द्व देखाइएको छ । प्रशस्त सम्पत्ति हुने मानिसहरू र अर्थिक हैसियत कम हुने बीचको आर्थिक द्वन्द्व, लिङ्गको आधारमा हुने लैङ्गिक द्वन्द्व साथै राज्यपक्ष र विद्रोही पक्षबीचको द्वन्द्वलाई राजनैतिक द्वन्द्वलाई पनि उपन्यासमा प्रस्तुत गरिएको छ । यिनै द्वन्द्वको आधारमा समाजभित्रका वर्गीय, राजनैतिक र लैङ्गिक द्वन्द्वलाई विभिन्न उपशीर्षक राखेर विश्लेषण गरिएको छ ।

## ५.२ वर्गीय द्वन्द्व

'प्रेमदासको डायरी' उपन्यासमा वर्गीय द्वन्द्व देखाइएको छ । वर्ग भनेको उस्तै सामाजिक र आर्थिक हैसियत उपभोग गरिरहेको अलग-अलग समूह हो । यस उपन्यासमा पनि गोर्खा जिल्लामा बसोबास गर्ने बाहुन र घर्ती समुदाय देखिएका छन् । सदियौँदेखि घर्तीहरू बाहुनहरूको काम गरेर कमारा-कमारी तथा हली भएर बाँच्नु परेको छ । वर्गसङ्घर्ष हरेक

सामाजिक व्यवस्थामा रहेको हुन्छ । यस उपन्यासमा वर्गीय सामाजिक व्यवस्था देख्न सकिन्छ भन्ने कुरा यसरी प्रस्तुत गरिएको छ : *"चाडवाड आउँदा बाहुनसँग लिएको त्यही ऋणले डुबेर 'कमारा' का बदला 'हली' मा परिणत भएका थिए घर्तीहरू"* (पृ. २४) ।

समाजमा सामन्त तथा पूँजीवादीहरूले उत्पादनको स्रोत र साधनमा नियन्त्रण राखेको हुन्छ । जब शोषण र दमन हुन्छ तब स्रोत र साधनको समान वितरण नहुने हुनाले द्वन्द्वको सिर्जना हुन्छ । समाजमा रहेका सामन्तवर्गले जहिल्यै पनि निम्नवर्गलाई नियन्त्रण गरिरहेका हुन्छन्, उनीहरूलाई थिचोमिचोमा पारिरहेका हुन्छन् । अल्पसङ्ख्यक सामन्तवर्गले बहुसङ्ख्यक सर्वहारावर्गलाई नियन्त्रण गर्दछ । प्रस्तुत उपन्यासमा रहेको कुस्माखर धिताल, हरिदत्त, टीकाराम जिम्वालजस्ता अल्पङ्ख्यक सामन्तहरूले बहुसङ्ख्यक श्रमिक मजदुरमाथि अन्याय र दमन गरेको छ । सामन्तवर्गले आर्थिक शक्ति प्रयोग गरेर श्रमिकको अतिरिक्त श्रमको शोषण गर्दछन् । मजदुरवर्ग आफ्नो आवश्यकता परिपूर्तिका निम्ति उनीहरूको काम गर्न बाध्य छन् भन्ने कुरा निम्न भनाइले प्रष्ट पारेको छ :

> *"असाध्यै अन्याय सहे बाआमाले । राणाजीले कमराकमारी प्रथा हटाए भन्थे । गाउँका जिम्वाल, मुखिया, टाठाबाठा र धनीमानीले कायमै राखेका थिए । मलाई त अहिले पनि हाम्रो देशमा यस्ता जिम्यौली, मुख्यौली हुकुम हटेजस्तो लाग्दैन"* (पृ. ४६) ।

कमरा-कमारी प्रथा सरकारले हटाए पनि गाउँघरमा रहेका एकाध उच्चवर्गले यसलाई कायम नै राखेका थिए । यिनीहरू आफू मोजमा बसेर गरिब, निमुखा र सर्वहारावर्गलाई रातदिन खटाएर श्रमशोषण गर्दछन् । दासदासी राख्ने सामन्तवादी समाजले निम्त्याएको वर्गीय द्वन्द्व उपन्यासमा देख्न सकिन्छ । सामन्तको जालोबाट उम्कनको निम्ति निम्नवर्ग सधैं प्रयासरत रहन्छन् भने उच्चवर्ग तिनलाई शोषण, दमन गरेर आफ्नो प्रभुत्व जमाउन खोज्दछन् । रोग, भोक र शोकले ग्रसित समाजका निम्नवर्ग उन्मुक्ति चाहन्छ र त्यही चाहनालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

उपन्यासको कथावस्तु हेर्दा नेपालको गोर्खा, चितवन, बर्दिया, नेपालगञ्ज, भारतको पश्चिम बङ्गाल राज्यका निम्नवर्गको अभावमा राज्यपक्ष मौन देखिएको छ । गरिब र निमुखा

शोषण र अत्याचारका सिकार भएका छन् । जुनै ठाउँमा पुगे पनि उच्चकुलीन, सम्भ्रान्तवर्गले निम्नवर्गमाथि दमन गरेको र उत्पीडनमा राखेको देखिन्छ ।

सुकुम्बासीलाई जग्गा बाँडेको सुनेर सपरिवार चितवन आएका बिर्खबहादुर यहाँ आएर पनि शोषक, सामन्तकै जालमा परेको छ र उनीहरूकै हली बन्न आइपुगेको छ । उनीहरूलाई माथि उठ्न नदिन र आफ्नो काम गरिदिने दास बनाउन अनेक षड्यन्त्र गर्न पछि नपर्ने हरिदत्तजस्ता सामन्तले भूमिका खेलिरहेको उपन्यासमा देखिन्छ । उच्चवर्गका मानिसहरूले निम्नवर्गलाई रातदिन दलाउने, तिनीहरूलाई पशुसमान व्यवहार गर्ने सामन्तवादी सोचले गरिबको ज्यान गएको छ । *"गरिबको मृत्यु कीरासरि"* (पृ. ३४) ठानिएको पाइन्छ ।

कुस्माखरले घरमा काम गर्नेलाई दिनरात दलाउने गर्दछन् । मानव भएर मानवीय गुण नभएको गरिबप्रति नटिठाउने कुस्माखर शोषक, सामन्तको प्रतिनिधि पात्र हो । समाजमा हैकम उच्चवर्गको हुनाले निम्नवर्गलाई जहिले पनि शोषण, अन्याय, अत्याचार र थिचोमिचोमा पारेको हुन्छ । यसक्रममा द्वन्द्वको सिर्जना हुन्छ ।

गोर्खा जिल्लाबाट चितवन झरेका हर्कबहादुर घर्ती, जसले दिनरात नभनी कुस्माखरको सेवा गर्दा पनि उनले कहिल्यै सुखको सास फेर्न पाएन । कुस्माखरको घरमा दिनरात, जाडो-गर्मी केही नभनी खटिएकी मङ्गली घर्तीनी दुई जिउकी हुँदा पनि सुख पाइनन् र अन्त्यमा उनको प्राणान्त भयो । दिनरात दुःख गरेर पनि कहिल्यै सुखको स्वास फेर्न नपाउने हर्कबहादुरजस्ता निम्नवर्गीय पात्रको वास्तविकता यस उपन्यासले देखाउन खोजेको छ । कुस्मेको चाकरी नगरे सजायँ भोग्नु पर्ने, कुटिनु, पिटिनु पर्ने र षड्यन्त्रको सिकार बन्नु पर्ने चरम दमनको रूप देखिन्छ । आफू शोषण र दमनमा परे पनि त्यसको विरुद्ध आवाज उठाउन नसक्ने निमुखाहरू भाग्यलाई सरापेर बाँचिरहेका छन् । हर्कबहादुर भुजेलजस्ता कैयौँ निम्नवर्गीय मानिसले मालिकको कामको निम्ति आफ्नो जीवन गुमाएका छन् । तिनीहरू मालिकहरूको षड्यन्त्रको शिकार भएका छन् । बिरामी हुँदा पनि उपचार नगर्ने गरिबको ज्यानलाई कीरासम्म पनि नगन्ने सामन्तवादी प्रवृत्तिलाई उपन्यासमा विरोध गरिएको छ ।

बिर्खबहादुर भुजेल, छन्दबहादुर, रामु विश्वकर्मा, रने भुजेल, रिक्सावाला रामलाल, ढलाइवाला, पथरु, कविता, मनकुमारी, मङ्गली, प्याउली, टुल्की हर्कबहादुरहरूजस्ता कैयौँ

सर्वहारा, मजदुर, श्रमिक, किसानवर्ग गाँस, बास र कपासजस्ता न्यूनतम आधारभूत आवश्यकताबाट समेत वञ्चित छन् । न त राज्यले यिनीहरूको दुःख बुझेको छ,न त कुनै साहु महाजनहरूले बुझेका छन् । सामन्तवर्गले जहिल्यै पनि निम्नवर्गमाथि बर्बरतापूर्वक दमन र शोषण गरेका हुन्छन् । गरिबलाई कमरा-कमारीभन्दा माथि उठ्न नदिने सामन्तवादी समाजको चित्रण उपन्यासमा गरिएको छ ।

जग्गा पाउने लोभमा बर्दिया पुगेका बिर्खबहादुर र छन्दबहादुरहरू त्यहाँ पनि सामन्तकै चङ्गुलमा फसेको देखिन्छ । सर्वहाराकै पार्टीको खोल ओढेका शोषक, सामन्त राधेश्यामजस्ता मानिसहरू समाजका वर्गशत्रु हुन् । पार्टीको काम र घरको काममा लगाउने र आफू माथि पुगेपछि बेवास्ता गर्ने उनीहरूको सामन्तवादी प्रवृत्तिको विरोध गरिएको छ ।

देशमा विभिन्न परिवर्तनहरू आए गरिब र सर्वहाराको निम्ति लामो सङ्घर्षमा उत्रिएका पार्टीहरू पनि उही सामन्तवादी सोचमा नै विलय हुन पुग्यो । सर्वहारावर्गले कहिल्यै पनि सुख पाउन सकेनन् । गरिब र सर्वहारावर्ग केवल तिनीहरूको सत्तामा पुग्ने भऱ्याङमात्र बने । परिवर्तनको सपना बोकेर बन्दुक उठाएर हिँडेका छन्दबहादुरजस्ता कैयौँ सर्वहाराका छोराहरूको रगतले ल्याएको परिवर्तनमा तिनैको रगतको होली खेलेर सत्तामा पुग्ने सामन्तहरूको पर्दाफास गरिएको छ । गरिबलाई सबैले प्रयोगमात्र गर्ने गरेको कुटील राजनीति देशमा व्याप्त रहेको कुरालाई उपन्यासमा यसरी देखाइएको छ :

> *"....सरला आमालाई भने आफ्नो खेतबारीमा कामको स्वार्थ मात्र रहेछ । बिस्तारै मैले उहाँहरू भित्रको मानवताको अनुहार चिन्दै गएँ । आवश्यक पर्दा उपयोग गर्ने र आवश्यकता पूरा भएपछि आँपको कोयाझैँ चुसेर फाल्ने राजनीतिभित्रका कुटील रहस्य राम्रैसँग बुझेँ"* (पृ. २७४) ।

मानवभित्रको स्वार्थलाई यस खण्डमा कवितामार्फत् उजागर गरिएको छ । आफ्नो सहारा ठानेका व्यक्तिले उनीहरूको व्यक्तिगत स्वार्थको निम्तिमात्र प्रयोग गरेको कुरा उल्लेख गरिएको छ । राधेश्यामको निम्ति आफूहरूले जति सहयोग गरे पनि तिनीहरूले घरमा काम गर्नेभन्दा माथि कहिल्यै नहेरेको गुनासो कविताको छ ।

यसरी प्रस्तुत उपन्यासमा समाजमा रहेको वर्गीय द्वन्द्वको चित्रण गर्न खोजिएको छ । सर्वहारा र सामन्तबीचको वर्गसङ्घर्ष उपन्यासमा पाइन्छ । कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्तअनुसार प्रस्तुत उपन्यासमा पनि वर्गीय समाजले ल्याएको विभाजन देखाइएको छ । मार्क्सवादी सौन्दर्यको आधारमा हेर्ने हो भने गरिब, श्रमिक र सर्वहाराहरू दुई छाक खान र सुखसाथ बाँच्न सङ्घर्ष गरिरहन्छन् भने शोषकवर्ग तिनलाई काममा दलाई दास बनाएर आफू सुख-सयलमा रहन चाहन्छन् ।

विभेदयुक्त वर्गीय समाज परिवर्तनका खातिर विभिन्न आन्दोलनहरू भए तथापि ती आन्दोलनमा तिनै शोषक, सामन्त नै हाबी हुन पुगे, जसले गर्दा सर्वहारा र निमुखाले कहिल्यै माथि उठ्न पाएनन् । फलतः तिनीहरू सधैँ शोषक, सामन्त र समाजका वर्गशत्रुकै अधीनमा रहनु पर्ने बाध्यता देखियो । यस उपन्यासमा कैयौँ सर्वहाराका पक्षमा लडेकाहरूले त्यो परिवर्तन देख्न नपाई मरेर गए । अझै पनि समाजमा वर्गीय द्वन्द्व चरम अवस्थामा छ । जबसम्म समाजमा वर्गीय असमानता रहन्छ तबसम्म वर्गीय द्वन्द्व रहिरहन्छ । पञ्चायतकालको सामन्तवादी युगको अन्त्य, बहुदल, दशवर्षे जनयुद्धको मुख्य लक्ष्य देशबाट सामन्तवादलाई उखेलेर फाल्नु थियो । नौलो जनवादी गणतन्त्र स्थापना गर्नु थियो तर यी कार्य पूरा भएनन् फलस्वरूप शोषक, सामन्तले देशको हालीमुहाली गरे ।

यसप्रकार प्रस्तुत उपन्यासमा सुरुदेखि अन्त्यसम्म नै दुई वर्गबीचको वर्गीय द्वन्द्वलाई देखाउन खोजिएको छ । उच्चवर्गले निम्नवर्गलाई थिचोमिचोमा पार्न चाहने र निम्नवर्ग गरिबीबाट माथि उठ्न चाहने हुन्छ । समाजमा जबसम्म धनी र गरिब रहन्छ तबसम्म वर्गीय द्वन्द्वको पनि अन्त्य हुँदैन । वर्ग समाजको एक पाटो हो । वर्गको जन्म समाजबाट नै हुन्छ तर न्यायपूर्ण सामाजिक प्रणाली भयो भने समाजमा वर्गीय द्वन्द्वको अन्त्य हुन्छ । असमान सामाजिक वितरण तथा सामन्तवादी सामाजिक संरचनालाई जरैबाट नउखेलेसम्म समाजमा वर्गीय द्वन्द्व चरम अवस्थामा रही रहन्छ । सामन्तवादको अवशेष समाजमा रहेसम्म गरिबले सुखको सास फेर्न नपाउने उपन्यासकारको विचार रहेको छ । यसले गर्दा गरिब सधैँ गरिब नै र धनी सधैँ धनी नै रहन्छ । यस उपन्यासमा पञ्चायतकालदेखि गणतन्त्र स्थापनासम्मको समाजको वर्गीय द्वन्द्व प्रस्तुत गर्न खोजिएको छ ।

## ५.३ राजनैतिक द्वन्द्व

'प्रेमदासको डायरी' उपन्यासमा राजनैतिक द्वन्द्वलाई प्रमुखताका साथ उठाइएको छ । नेपाल र भारत दुवै मुलुकको राजनैतिक द्वन्द्व उपन्यासमा प्रस्तुत गरिएको छ । नेपालमा पञ्चायतको सामन्तवादी राज्यव्यवस्थाको विरुद्ध चलेको आन्दोलन सरकारसँग गरिएको राजनैतिक द्वन्द्व हो । पञ्चायती व्यवस्था हटाउनको निम्ति कम्युनिस्ट पार्टीले गरेको अन्दोलन र विद्रोहलाई उपन्यासमा स्थान दिइएको छ । देशमा शासन चलाउने शासक र समाजका शोषकहरूको विरुद्धमा विद्रोह गरेर जनवादी गणतन्त्रको स्थापनाको खातिर गरिएको यस आन्दोलनमा सरकार पक्ष र विद्रोही पक्षबीचमा चरम द्वन्द्व सिर्जना भएको छ । राजनैतिक परिवर्तनको पक्षमा लाग्ने परिवर्तनका पक्षधरलाई सरकारले प्रहरी प्रशासनको भरमा कठोर यातना र मृत्युको मुखसम्म पुऱ्याएको हुँदा द्वन्द्व सिर्जना भएको छ । नेपालमा पञ्चायतको विरुद्धमा बिस्तारै जनताहरू जुर्मुराउन थालेको राजनैतिक घटनाक्रम उपन्यासमा देखिन्छ । विशेष गरी पश्चिम चितवनका चम्पानगर, पृथ्वीनगर क्षेत्रका मानिसहरूमा कम्युनिस्ट विचारधाराले स्थान पाएको छ । बेलाबेलामा विरोधसभा र राँके जुलुसहरू भएको देखिन्छ । गीतानगर क्षेत्रमा चाडवाडको बेलामा हुने पञ्चायत विरोधी कार्यक्रमले राजनैतिक चेतना पलाएको स्पष्ट हुन्छ । सङ्गीत खवासमा देखिएको राजनैतिक प्रगतिचेतनालाई विचार गर्ने हो भने उनले देशमा नौलो जनवादी गणतन्त्रको स्थापना देख्नु पञ्चायती व्यवस्था विरुद्धको राजनैतिक द्वन्द्व हो । जनवादी गणतन्त्रको स्थापना हुने कुरामा उपन्यासमा निम्न भनाइले प्रष्ट पार्ने प्रयास गरेको छ :

> *"एकदिन न एकदिन देश यी सामन्ती र धनीमानीबाट स्वतन्त्र हुन्छ । नौलो जनवादी गणतन्त्र स्थापना हुन्छ । हजारौँ मानिस मरेर शहीद होलान् तर यो सामन्ती सत्ता फ्याँकिन्छ, फ्याँकिन्छ । सारा जनता उर्लिएपछि जनताको अघि घुँडा टेक्नै पर्छ"* (पृ. ७५) ।"

पञ्चायत विरोधी आन्दोलन हुँदै गर्दा जनमत सङ्ग्रह घोषणा गरेपछि जनमत सङ्ग्रहको विरुद्ध अग्रगामी मोर्चा तयार परिएको छ । यस कार्यमा कविता, छन्द, सङ्गीत, प्रभाकरलगायत कैयौँ युवाहरू उपस्थित छन् । देशमा भएको राजनैतिक अवस्था र वाम एकताको आन्दोलनले

हड्बडाएर सरकार दमन नीतिमा उत्रिएको देखिन्छ यसर्थ धेरै युवाहरू जेलमा पर्छन् । यसबाट पनि राजनैतिक द्वन्द्व सिर्जना भएको देखिन्छ ।

परिवर्तनको पक्षमा कम्युनिस्ट पार्टीभित्र कतिपय मानिसहरू पहुँचको भरमा पदको दुरूपयोग गरेको पनि पाइन्छ । यसबाट पनि पर्टीभित्र आन्तरिक रूपमा राजनैतिक द्वन्द्व देखिएको छ । भूमिगत जीवन र प्रशासनबाट जोगिँदै गाउँ-गाउँमा परिवर्तनको सन्देश लिएर जानका निम्ति प्रभाकरजस्ता युवावर्ग लागिपरेका छन् । कति विद्यार्थीहरू विद्यालयबाट पक्रिए, कति पार्टीभित्रकै अवसरवादीहरूले पक्राइदिए । व्यापक धरपकड र जेल चलान भयो । कति जनालाई दबाइयो, कति छुटे कति भूमिगत भए तर अवसरवादीहरू सदैव सुरक्षित रहे । पार्टीका निष्ठावान कार्यकर्ता र अवसरवादी अत्मसमर्पणवादीको बीचमा राजनैतिक द्वन्द्व देखिए ।

जनमत सङ्ग्रह हुने भएपछि मण्डलेहरूले गाउँगाउँमा मानिसहरूलाई रक्सी र मासुमा मानिसहरूलाई किन्न थाले भने प्रभाकरजस्ता जुझारु युवाहरू तिनीहरूको विरुद्धमा लागे यसरी दुई परस्पर विरोधी राजनैतिक शक्तिबीच ठूलो द्वन्द्व चर्किएको देखिएको छ । कैयौँ युवाहरूलाई राजद्रोहको मुद्दमा जेलमा राखिएको थियो । जेलमा रहँदा पनि प्रहरीको चरम यातनाले राज्यसँग द्वन्द्व बढ्नु स्वाभाविक नै थियो ।

देशमा राजनैतिक परिवर्तन भएर बहुदल आयो । पैसा र पहुँच भएकाहरू सांसद, मन्त्री भए भने सोझासाझा र निष्ठावान् मानिसहरूचाहिँ बिनाकामका भए । जनताले चाहेको जनताको बहुदलीय जनवाद कार्यान्वयन भएन । जनता र कार्यकर्ताको भऱ्याङ चढेर मन्त्री हुने र पर्टीभित्रका सिद्धान्तलाई पछ्याउने बीचमा राजनैतिक द्वन्द्व चलेको पाइन्छ ।

देशमा आएको संसदवादी बहुदलले जनभावना नबुझेपछि त्यसको विरुद्धमा पुनः सशस्त्र जनयुद्ध भयो । यसले सत्तापक्ष र विद्रोही पक्षको राजनैतिक द्वन्द्वलाई चरम अवस्थामा पुऱ्यायो, जनयुद्धभित्र पनि धेरै अवसरवादी तथा अन्तर्घातीहरूको प्रवेश भयो । जसलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"भिनाजु ! युद्धभित्र नराम्रो ढङ्गले व्यक्तिस्वार्थ, इवी र दुरासयहरू प्रवेश गरेको छ । मैले युद्धका वर्वर र दर्दनाक घटनाहरू देखेँ र भोगेँ"* (पृ. २१६) ।

बिर्खबहादुरजस्ता कैयौँ निर्दोष व्यक्तिहरूले राज्यपक्ष र विद्रोही पक्षबाट ज्यान गुमाउनु पऱ्यो । पर्टीभित्रको खिँचातानी र कमाण्डरहरूको मनोमानी जसले गर्दा निष्ठावान् छन्दजस्ता

लामो समयदेखि पार्टीलाई समयदिने व्यक्तिहरूमा नैराश्यता उत्पन्न भएको कुरालाई उपन्यासमा यसरी देखाइएको छ :

> *"युद्ध र युद्धरत पार्टीका कार्यकर्ताप्रति पनि शङ्का लाग्न थाल्यो । गरिबलाई सपना देखाएर गरिबकै दोहन गर्नु नै मार्क्सवाद हो ? गरिबलाई बन्दुक बोकाएर गरिबकै हुर्मत काड्नु नै कम्युनिज्म हो त ? जनताको नाममा जनताको घोडा चढेर साम्यवादमा पुग्ने यो कस्तो यात्रा हामीले सुरु गऱ्यौँ ?"* (पृ. २७३)

जनताको मुक्तिको लागि बन्दुक बोकाएर जनतालाई नै दमन गर्ने राजनैतिक परिपाटीका साथै बेइमान नेतृत्वप्रति असन्तुष्टि देखिन्छ । मार्क्सवाद गरिबको पक्षमा उभिन्छ तर मार्क्सवादी खोल ओढेकाहरू ढोँग रच्ने गर्दछन् । गरिबमाथि नै अत्याचार गर्ने र जनतालाई ढाँट्ने कम्युनिस्ट भनाउँदाप्रति व्यङ्ग्य प्रकट गरिएको छ । जनताले गर्ने माया र नेताको नाटकलाई निबन्धमा स्पष्ट देखाइएको छ । यसले पनि पार्टीभित्रको आन्तरिक द्वन्द्वलाई प्रस्तुत गरेको छ ।

भारतमा पनि मार्क्सवादलाई विश्वास राख्ने सरकार र मार्क्सवादी विचार राख्ने भाकपाबीच पनि राजनैतिक द्वन्द्व चलेको छ । भारतमा पनि सोझ इमान्दार र पार्टीप्रति बफादार रहेका निष्ठावान् कार्यकर्तालाई माथि उठ्न नदिने पार्टीभित्रकै मानिसहरूको चलखेलले आन्तरिक राजनैतिक द्वन्द्व बढाएको छ ।

नेपालमा पञ्चायती व्यवस्थाको अन्त्य, बहुदल आगमन, दशवर्षे सशस्त्र जनयुद्ध, गणतन्त्र स्थापनाजस्ता कैयौँ राजनैतिक परिवर्तन भए । ती परिवर्तन ल्याउन सामान्य कार्यकर्ताहरूको ठूलो भूमिका रह्यो । धेरैको सङ्घर्षपूर्ण बलिदानीले मात्र परिवर्तन सम्भव भएको हो । परिवर्तन ल्याउने क्रममा ज्यान गुमाउने कैयौँ शहीदहरूले देशको राजनैतिक परिवर्तन र जनताको नौलौ जनवादी गणतान्त्रिक राज्यप्रणालीको सपना देखे । देशमा व्याप्त रहेको शोषण, अन्याय, अत्याचार, नीतिगत भ्रष्टचार र वर्गीय समाजको अन्त्य तथा समाजका शत्रु सामन्त र शोषकको अन्त्य भएर समतामूलक समाज निर्माणको लक्ष्य लिए । यिनै लक्ष्यपूर्ति गर्न आन्दोलन भयो । समयअनुसार रङ फेर्न सिपालु अवसरवादी, प्रतिक्रियावादी र प्रतिगमनका अनुयायीहरूले त्यो सपना पूरा हुनै दिएनन् ।

यसप्रकार प्रस्तुत उपन्यासमा निर्दलीय पञ्चायतको सामन्तवादी राज्यव्यवस्थाको बारेमा भएको राजनैतिक द्वन्द्वलाई बाह्य द्वन्द्वको रूपमा देखाइएको छ भने पार्टीभित्रकै द्वन्द्वलाई आन्तरिक द्वन्द्वको रूपमा प्रस्तुत गरिएको छ । बहुदलपश्चात् भएको सशस्त्र द्वन्द्व राज्यपक्ष र माओवादी पक्षको बीचमा भएको राजनैतिक द्वन्द्व हो । सशस्त्र क्रान्तिको दौरानमा देखिएका कैयौँ वैचारिक तथा राजनैतिक द्वन्द्वलाई उपन्यासमा प्रस्तुत गरिएको छ । भारत र नेपालको बीचमा हुने द्वन्द्वलाई पनि उपन्यासमा प्रस्तुत गर्न खोजिएको छ । नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने भारतले नेपाललाई स्वशासित क्षेत्रको रूपमा हेर्ने कारणले पनि दुई देशबीच राजनैतिक द्वन्द्व सिर्जना भएको देखिन्छ ।

देशको शासनसत्ता जनताको हितमा हुनुपर्छ यदि शासन जनताको हितमा भएन भने जनताबाट विद्रोह सुरु हुन्छ । सामन्तवादी राज्यसत्ता भयो भने पक्कै पनि त्यहाँ राजनैतिक विद्रोह पैदा हुन्छ, जसले राजनैतिक द्वन्द्व निम्त्याउँदछ । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म नै राजनैतिक द्वन्द्व देखाइएको छ । नेपालमा सदियौँदेखि चल्दै आएको सामन्तवादी व्यवस्थाका साथै पूँजीवादी राजनैतिक व्यवस्थाको विरुद्धमा वैज्ञानिक समाजवादी चिन्तन लिएका नेपालका मार्क्सवादी वैचारिक धारमा उभिएकाहरूको बीचमा भएको राजनैतिक द्वन्द्वलाई उपन्यासमा समेटिएको छ । समाजमा सधैँ द्वन्द्व रहन्छ, समाज सञ्चालनमा राजनीतिको महत्त्वपूर्ण भूमिका हुन्छ । समाजमा बस्ने अल्पसङ्ख्यक पूँजीपतिवर्ग र उच्चवर्गले शासन चलाएको हुन्छ जसले मजदुर, किसानजस्ता श्रमजीवीवर्गमाथि दमन र शोषण गर्छन् । सामन्तहरूले आफ्नो निहीत स्वार्थको लागि सर्वहारावर्गलाई माथि उठ्न दिँदैनन् त्यसकारण सर्वहाराको मुक्तिको निम्ति समाजमा राजनैतिक परिवर्तन आवश्यक हुन्छ । पूँजीवादी राजनैतिक व्यवस्था रहेसम्म राजनैतिक द्वन्द्व रहिरहन्छ भन्ने विचार उपन्यासमा व्यक्त गरिएको छ ।

## ५.४ लैङ्गिक द्वन्द्व

'प्रेमदासको डायरी' उपन्यासमा लैङ्गिक द्वन्द्व स्पष्ट रूपमा देखाइएको छ । लैङ्गिक हिसाबमा पुरुष पात्र र महिला पात्र दुवैको उपस्थिति देखाइएको छ । पुरुष पात्रहरूमा कर्णप्रसाद धिताल, कुस्माखर धिताल, गुणाखर धिताल, प्रभाकर धिताल (प्रेमदास), रत्नाककर धिताल, रने भुजेल, बिर्खबहादुर भुजेल, छन्दबहादुर (कामरेड करणसिंह) भुजेल, टुकबहादुर भुजेल, टीकाराम

जिम्वाल, हरिदत्त, हर्कबहादुर घर्ती, सङ्गीत खवास, विवेक शेरचन, सुरबहादुर तामाङ, कृष्ण तामाङ, धीरबहादुर, चतुरमान, रत्न वान्तवा, नेत्र कुइँकेल, आशीराम, डा. दिगम्बर बर्मा, कामरेड भक्तबहादुर कुँवर, नामुन्द्री बोस, रामलाल पासवान, रिक्सावाला, दुर्गाबहादुर, पथरु (परशु), द्वारिका नारायण घोष, आर.पी. सराफ, स्वामी आनन्द नारायण घोष, रविलाल, रामहरि, गोपाल, पूर्ण घिसिङ, कामरेड राधेश्यम शर्मा, भरत अधिकारी, राधेश्यामको छोरो विनय, दलबहादुर वि.क., रामबहादुर वि.क., कामरेड चन्द्रदत्त, नरजङ, टेक आदि रहेका छन् । महिला पात्रहरूमा भने मनकुमारी, प्याउली, मङ्गली, जुठी (कविता), चम्पा (कामरेड कुमारी), प्रभाकरकी आमा, जुनु, स्वरूपा घोष, अनुराधा सोठी, नन्दिनी (स्वरूपाकी आमा), सरला (राधेश्यामकी पत्नी) हरिमान स्वाँरकी पत्नी, टुल्की परियार, द्रौपदी चौधरी, सीमा पाठक (कामरेड वन्दना), शान्तिकला आदि रहेका छन् ।

पुरुषप्रधान नेपाली समाजको स्वरूपलाई उपन्यासमा देखाउन खोजिएको छ । लिङ्गको आधारमा कामको विभाजन हुने र चरम लैङ्गिक विभेद गर्ने हुँदा समाजमा लैङ्गिक द्वन्द्व सिर्जना भएको देखिन्छ । लोग्ने मानिसहरू हलो जोत्ने र स्वास्नी मानिसहरूले ढिकीजाँतो गर्नुको अर्को विकल्प थिएन (पृ. २४) । लिङ्गको आधारमा कार्य विभाजन भएको उदाहरण यस खण्डमा देखिन्छ । घरभित्रको काम सकिएपछि खेतीपतीमा पनि व्यस्त हुनु पर्ने महिलाहरूलाई अत्यधिक श्रमशोषण गरिन्थ्यो ।

मङ्गली घर्ती दोजिया हुँदा पनि कुस्मेको घरमा काम गर्नुपर्ने अवस्था देखिएको छ । कुस्मेको घरमा पनि हर्कबहादुरले गर्ने काम र मङ्गली घर्तीनीले गर्ने काम फरक-फरक रहेको छ । यसले समाजमा रहेको लैङ्गिक विभेदलाई चरम रूपमा देखाएको छ । अक्सर गरेर छोरा मान्छेले शारीरिक श्रम धेरै पर्ने काम गर्नु परे पनि घरधन्दामा अल्झिनु पर्दैन भने नारीहरू घरधन्दामा पनि अल्झिनु पर्ने देखिन्छ । कुस्माखरमा चरम लैङ्गिक विभेद रहेको कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : *"ए हर्के अब जुठी तरुनी हुन लागी । के हो कसो हो छोरीको जात । अब स्कूल नपठा । छोरीले पढेर काम छैन, कुनै गोठालाको लगौंटी धुने न हो । ह्याँ बाख्रा धेरै भए । गोठालो पठा, घरधन्दा सिका"* (पृ. ५३) ।

नारीलाई केबल घरयासी काममात्र सिकाउने र पढ्नेभन्दा काम सिकाउनु पर्ने विचार उपन्यासमा व्यक्त भएको छ । नारी केबल अर्काको घरमा जाने जातको रूपमा चित्रण गरिएको

छ । कविताले नारी भएकै कारण गुणाखरको यौनदुर्व्यवहार भोग्नु परेको छ । यसरी नारी र पुरुषबीचको विभेदले समाजमा लैङ्गिक द्वन्द्व सिर्जना हुन्छ । छन्देकी आमाले पनि कवितालाई *"बाहिरी कामभन्दा बरू अगेनामा आगो फुक"* (पृ. ६९) भनेकी छ । छन्दकी आमामा पनि नारी भनेको घरधन्दामा मात्र व्यस्त हुने हो भन्ने पुरातनवादी सोचले ग्रस्त भएको देखिन्छ । घरमा भात पकाउने, खुवाउने जिम्मा नारीमा भएको कुरा पनि देखाइएको छ । प्रगतिशील पार्टीमा लागेको भए पनि चम्पा र रामुको विवाहमा चम्पाले खाना पस्किएकी छ । यसरी कामको आधारमा हुने लैङ्गिक विभेद उपन्यासमा देखिन्छ ।

नारीलाई अभद्र र अश्लील गाली-गलौज गर्ने, उनीहरूमाथि चरम शोषण र दमन गरेको कुरा उपन्यासमा प्रस्तुत गरेर प्रहरी प्रशासनले पनि लैङ्गिक विभेद देखाएको छ । सशस्त्र युद्धमा लागेका महिला जनसेनालाई उनीहरूकै कमाण्डरले बलात्कार गर्ने गरेको देखिन्छ । यतिमात्र होइन शक्ति र हतियारको बलमा नारीलाई बलात्कार गर्न जाने र प्रतिरोध गर्नेलाई गोली हानी हत्या गर्ने पूर्ण घिसिङजस्तो नरपशुको समेत भण्डाफोर गरिएको छ ।

प्रभाकर भारतमा रहँदा रिक्सावाला आफूमात्र काममा जाने गरेको तर छोरीहरूलाई पठाउन नहुने धारणासमेत व्यक्त गरिएको छ । सत्ताकै भरमा बङ्गाल प्रहरीले रामलाल पासवानकी श्रीमती र छोरीलाई बलात्कार गरी निर्ममतापूर्व हत्या गरिदिएको छ (पृ. १६५) । पथरुकी छोरी मनरूपा केही बोलक्कड हुनु तर पुरुषप्रधान समाजले बलात्कार गरी नामेट पारिदिएको छ । लैङ्गिक उत्पीडन र विभेदलाई उपन्यासमा अत्यन्तै मार्मिक रूपमा प्रस्तुत गरिएको पाइन्छ (पृ. ५३-५४) ।

स्वामी आनन्द नारयाण घोषले पुरुषको आवरणमा नारीलाई शोषण गर्ने कुरा पनि स्पष्ट परिएको छ । विवाहपछि सन्तान नजन्माउँदा समाजले हेर्ने दृष्टि कविता र छन्दको जीवनमा देखिन्छ भने छन्द सशस्त्र विद्रोहमा होमिएपछि कवितालाई सतीत्व जोगाउन पनि हम्मे भएको कुरा उल्लेख गरिएको छ ।

यसप्रकार चरम लैङ्गिक विभेदको चित्रण यस उपन्यासमा पाइन्छ । नारी र पुरुषलाई कामको आधारमा विभेद गर्ने समाजको चित्रण देखाइएको छ । महिला भएको कारण शारीरिक, मानसिक र श्रमशोषणमा परेका नारीहरूको अवस्थालाई चित्रण गरिएको छ । पुरुषप्रधान

पितृसत्तात्मक राज्य व्यवस्था रहेसम्म समाजमा लैङ्गिक विभेद रहिरहन्छ । जब लैङ्गिक विभेद हुन्छ तब लैङ्गिक द्वन्द्व पनि रहिरहन्छ भन्ने कुरा उपन्यासले स्पस्ट रूपमा देखाएको छ ।

## ५.५ निष्कर्ष

'प्रेमदासको डायरी' उपन्यासमा वर्गीय, राजनैतिक र लैङ्गिक द्वन्द्व प्रस्तुत गरिएको छ । गरिब तथा सर्वहारा जहिल्यै पनि सामन्तको शोषणमा बाँच्नु परिरहेको छ । यसले गर्दा समाजमा वर्गीय द्वन्द्व देखापरेको हो । समाजमा थोरै सङ्ख्यामा रहेको उच्चवर्गले धेरै सङ्ख्यामा रहेको निम्नवर्गमाथि दमन, शोषण र दलन गर्दछ, त्यसकारण निम्नवर्गको वर्गीय मुक्तिको लागि समाजमा वर्गीय द्वन्द्व चलिरहेको हुन्छ । समाजको गरिबी नसकिएसम्म वर्गीय द्वन्द्व रहिरहन्छ । समाजमा धनी र गरिबबीचको द्वन्द्व सदियौँदेखि चलिआएको र यस्को अन्त्य हुन पनि निकै गाह्रो हुने विचार व्यक्त गरिएको छ । जरा गडेर रहेको सामन्तवादी संस्कृतिको अन्त्य नभएसम्म निम्नवर्गले सुखको सास फेर्न नपाउने विचार उपन्यासमा व्यक्त छ । त्यसै गरी देशको राजनीतिमा पनि द्वन्द्व चलिरहेको हुन्छ । राजनीतिले नै देशको भाग्य निर्धारण गर्दछ देशमा राजनीति स्थिरता हुनुपर्छ । सत्तापक्ष र विद्रोहीबीच जहिल्यै पनि द्वन्द्व चलिरहेको हुन्छ । राजनीति पार्टीभित्र पनि आन्तरिक द्वन्द्व चलिरहेकै हुन्छ । लिङ्ग जैविकतत्त्व हो, यसको आधारमा समाजमा कार्य विभाजन गरिएको हुन्छ । छोरा मान्छेले गर्ने काम र छोरी मान्छेले गर्ने काम, लवाइ-खवाइ सबै कुरामा भिन्नता देखिन्छ । यसकारण समाजमा विद्यमान लैङ्गिक विभेद नहटेसम्म लैङ्गिक द्वन्द्व रहिरहन्छ भन्ने कुरा यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधपत्र जम्मा छ परिच्छेदमा विभाजित छ । 'प्रेमदासको डायरी उपन्यासमा प्रगतिवाद' शीर्षकको यस शोधपत्रमा पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ, जसमा विषयप्रवेश, शोधप्रयोजन, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधविधि र प्रक्रिया तथा शोधको सीमा अनि शोधको रूपरेखा गरी समग्र शोधको खाका तयार गरी प्रस्तुत गरिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेदमा साहित्यको प्रगतिवादी अध्ययनको सैद्धान्तिक ढाँचाको अध्ययन गरिएको छ । यस शोधकार्यमा प्रगतिवादको आधारमा उपन्यासको अध्ययन गरिएको हुँदा प्रगतिवादी साहित्यको सैद्धान्तिक ढाँचाको बारेमा छोटकरीमा अध्ययन गरिएको छ । यस परिच्छेदमा 'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवदको अध्ययन गर्न प्रगतिवादको सैद्धान्तिक परिचय, प्रगतिवादी साहित्यको स्वरूप, प्रगतिवादी साहित्यमा विचारधाराको पक्ष, प्रगतिवादी साहित्य र बुर्जुवा सहित्यमा समानता र भिन्नता, प्रगतिवादी साहित्यको मूलभूत मान्यतालाई आधार मानिएको छ र यिनै विश्लेषणीय आधारको सामान्य परिचय दिइएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा ''प्रेमदासको डायरी' उपन्यासमा प्रगतिवाद'' शीर्षकमा अध्ययन गरिएको छ । यस अध्यायमा विषयप्रवेश, कथावस्तु, पात्रहरूमा प्रगतिचेतना, परिवेशमा प्रगतिचेतनाको अध्ययन गरिएको छ । पात्रहरूमार्फत् दिन खोजेको प्रगतिचेतनाका निम्ति प्रभाकर, छन्दबहादुर, कविता, चम्पा र कुस्माखर आदि पात्र चयन गरिएको छ भने परिवेशमा प्रगतिचेतना अध्ययन गर्न उपन्यासको भौगोलिक, स्थानगत, समयगत, सामाजिक, राजनैतिक, वर्गीय, जातीय आदि परिवेशलाई अध्ययन विश्लेषण गरिएको छ ।

यस शोधपत्रको चौँथो परिच्छेदमा "प्रगतिवादी अभिलक्षणका आधारमा 'प्रेमदासको डायरी'' शीर्षकमा अध्ययन गरिएको छ । यस परिच्छेदमा प्रगतिवादी अभिलक्षणका आधारमा शोषक, सामन्तको पहिचान र विरोध, मानवतावादप्रति आस्था, साम्राज्यवाद र पूँजीवादको

विरोध, शोषणको विरोध गर्दै समानताप्रति जोड, धर्म र ईश्वरप्रति अनास्था तथा रूढिवादको विरोध, नारीवादी विचार र नारी शोषणको विरोध, परिवर्तनकारी शक्तिप्रतिको विश्वास आदिको अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा "प्रेमदासको डायरी' उपन्यासमा द्वन्द्व" शीर्षकमा अध्ययन गरिएको छ । यस परिच्छेदमा उपन्यासमा रहेको द्वन्द्वमध्ये वर्गीयद्वन्द्व, राजनैतिक द्वन्द्व र लैङ्गिक द्वन्द्वको अध्ययन विश्लेषण गरिएको छ ।

यस शोधपत्रको छैठौं तथा अन्तिम परिच्छेदमा शोधपत्रको सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । यस अध्यायमा समग्र शोधको सारांशसहित उद्देश्यगत निष्कर्षलाई प्रस्तुत गरिएको छ । सम्भाव्य शोध शीर्षकहरूलाई पनि यसै अध्यायमा समेटिएको छ ।

## ६.२ निष्कर्ष

साहित्यकार रेशम विरहीद्वारा लिखित शोध्य उपन्यास 'प्रेमदासको डायरी' मा पञ्चायतकालदेखि लिएर गणतन्त्र स्थापनासम्मको लामो कालखण्डलाई समेटेर लेखिएको युद्धकालीन परिवेशमा रचिएको सामाजिक विषयवस्तुमा आधारित नेपाल र भारतको तात्कालीन सांस्कृतिक र राजनैतिक परिवेशलाई चित्रण गरिएको उपन्यास हो । पञ्चायत कालदेखि गणतन्त्रसम्मको नेपाली समाजको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक अवस्थाको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासले समाजको यथास्थितिभन्दा पनि परिवर्तनको अपेक्षा राखेको छ । नेपाली समाजमा विभिन्न कालखण्डमा राजनैतिक परिवर्तन आए पनि जनताको जीवनस्तरमा भने खासै परिवर्तन देखिएको पाइँदैन । समाजमा रहेको निम्नवर्ग जहिले पनि शोषक, सामन्तको हली-गोठाला बस्नु पर्ने दयनीय अवस्थाको चित्रण गर्दै सामाजिक न्यायको स्थापनामा उपन्यासले जोड दिएको छ । सर्वहाराको वर्गीय मुक्तिका लागि लडेकाहरूमा पनि स्वार्थी प्रवृत्ति देखिएकाले निम्नवर्गको मुक्ति नभएको विचार व्यक्त गरिएको छ । सामन्तवादी राज्यसत्तालाई उखेल्नको निम्ति क्रान्ति भयो । यसले राजनीति परिवर्तन भयो तर सत्ताको स्वरूप भने पुरानै सामन्ती व्यवस्थाको जस्तै रह्यो । जसले जनताको मुक्तिलाई सम्बोधन गर्न सकेन । सामन्तवादी सत्ताले हित गर्दैन भन्ने चेतना प्रभाकर, छन्द, कविता, चम्पा, सङ्गीत खवासजस्ता पात्रहरूमा देखिएको छ ।

यस उपन्यासमा आएका कुस्माखर, टीकाराम जिम्वाल, गुणाखर, हरिदत्त, राधेश्याम सामन्ती व्यवस्थाका प्रतिनिधि हुन् । मानवलाई मानवको रूपमा नहेर्ने यी शोषकहरूले सोझा घर्तीहरूलाई श्रमशोषण गरेर मानवताविरोधी कार्य गरेका छन् । गरिब र निमुखा जनतालाई केही दिएजसो गरेर श्रमशोषण गर्ने यी पात्रहरू पञ्चायती व्यवस्थाका स्थानीय स्तरका प्रतिनिधि हुन् । पञ्चायती व्यवस्था पूर्णरूपमा सामन्तवादी व्यवस्था थियो र शक्तिकेन्द्र सीमित धनाढ्याहरूको कब्जामा थियो । समाजमा विद्यामान रहेको शोषणको अन्त्यका लागि सामन्तवादी राज्यसत्तालाई फाल्नु पर्ने देखियो यसका निम्ति प्रभाकर, छन्दबहादुर, कविता, चम्पा, रामु सङ्गीत खवासजस्ता पात्रहरू भूमिगत राजनीतिमा लागे । पञ्चायत विरुद्ध बोल्नु, शोषक, सामन्तको विरोध गर्नु, न्याय र अधिकारका कुरा गर्नुजस्ता कार्य अवैध र राज्यसत्ता विरुद्ध मानिन्थ्यो । यस्ता कार्यमा लाग्नेलाई कठोर यातना र सजाय दिइन्थ्यो । धेरै युवाहरूलाई पक्रेर वीरगञ्ज जेलमा राखेको कुराले यसको पुष्टि गर्दछ । सामाजिक न्यायपूर्ण समाज स्थापनाको निम्ति बलिदान दिए पनि यस्तो बलिदानको कदर कहिल्यै भएन । देशमा नौलो जनवादको चाहना राखे पनि पूँजीवादको प्रभावले कार्यान्वयन भएन । निम्नवर्गले भोग्नु परेको पीडा त एकातिर छ तर पितृसत्तात्मक व्यवस्थाले ल्याएको उत्पीडन पनि उत्तिकै देखिन्छ । जातीय छुवाछुत, महिलालाई भोगवादी दृष्टिबाट हेर्ने कार्यको उपन्यासमा सशक्तरूपमा विरोध गरिएको छ । उपन्यासले वाम इतिहासलाई समेटेर समाजका कालो-मैलो (विकृति-विसङ्गति) लाई देखाएर समतामूलक वर्गविहीन समाज निर्माणको कल्पना गरेका छन् ।

'प्रेमदासको डायरी' उपन्यासमा प्रगतिचेतनाको अध्ययन गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो । प्रगतिवाद मार्क्सवादी दर्शनको साहित्यिक रूप भएकाले यस उपन्यासमा प्रगतिवादी चेतना खोजिएको हो । उपन्यासमा प्रगतिचेतना तेस्रो अध्यायमा खोजिएको छ । जहाँ कथावस्तु, पात्रहरूमा आएको प्रगतिचेतना र परिवेशमा देखिएको प्रगतिचेतनाको अध्ययन-विश्लेषण गरिएको छ । पञ्चायतकालमा एकछत्र राज्य चलाएर सोझासाझा गाउँलेहरूलाई शोषण गर्न पल्केका कर्णप्रसाद धिताल र उनका छोरा कुस्माखर सामन्ती चरित्रका प्रतिनिधि पात्र हुन् । कुस्माखर मानिसहरूको बन्धकी खाँदै र अरूको जग्गा हडप्न निकै सिपालु छ । धान, तोरीलगायत अन्नमा पनि ब्याज लिने कुस्मे मानवता नभएको नकरात्मक पात्र हो । आफ्नो घरमा हली राखेका हर्कबहादुर घर्ती र उनकी पत्नी मङ्गली घर्तीनीको श्रमशोषण गरेर पनि

श्रमको उचित मूल्य दिन सकेन । मङ्गली घर्तीनी अत्यधिक कामले दोजिया अवस्थामा बित्नु, हर्कबहादुरलाई सर्पले डस्दा उपचार नगरिकन घरमै मर्न बाध्य पारिनु र सामान्य रूपले सद्गत गर्नु सामन्तवादको चरम रूप हो । हर्कबहादुरकी छोरी जुठीलाई उनको छोरा गुणाखरले यौनशोषणको कोसिस गर्नु, घरको सबै काम गर्न लगाएर स्कुल पठाउन नखोज्नु उनीहरूमा भएको सामन्तवादी चरित्र हो । यस्तै छन्दबहादुर, कविता र मनकुमारीहरू सधैँ सामन्तको शोषणमा परेको देखिन्छ भने टीकाराम जिम्वालले रने भुजेलको परिवारलाई गरेको श्रमशोषण र चितवनमा झरेपछि हरिदत्तको घरमा गोरुझैँ जोतिनु परेको कुरालाई उपन्यासमा प्रस्ट रूपमा उठाइएको छ ।

समाजमा भएको सामन्तले गरिबलाई गरेको अन्याय र अत्याचारको चरम रूप देखेर प्रभाकर धिताल, छन्दबहादुर, कविता, चम्पा, सङ्गीत खवास आदिमा विद्रोहको चेतना जाग्दछ त्यसैले उनीहरू सामन्ती व्यवस्थाको अन्त्य र जनताको बहुदलीय जनवादको निम्ति युद्धमा होमिएका छन् । पटक-पटक सरकार परिवर्तन भए पनि व्यवस्था परिवर्तन नभएको र व्यवस्था परिवर्तनको निम्ति गरेको सङ्घर्ष उपन्यासको विषयवस्तु हो । प्रस्तुत उपन्यासको कथावस्तुमा सामन्तवादी समाजको यथार्थ चित्रण प्रस्तुत गरिएको छ भने पात्रहरूमा अग्रगामी परिवर्तनको चेतना पलाएको देखिन्छ । समाजको मुख्य वर्गशत्रुको अन्त्य गरेर समतामूलका समाज निर्माण गर्नुपर्ने प्रगतिवादी विचार पनि उपन्यासमा व्यक्त गरिएको छ । यस उपन्यासले प्रगतिवादी विचारको समर्थन र सबैखाले अत्याचारको विरोध गरेको छ ।

उपन्यासको अर्को महत्त्वपूर्ण पक्ष भनेको प्रगतिवादी सिद्धान्तमा आधारित हुनु हो । यस उपन्यासमा प्रगतिवादी मान्यता र प्रगतिवादी अभिलक्षणहरू देखिएका छन् जसलाई चौँथो परिच्छेदमा विश्लेषण गरिएको छ । समाजमा रहेको शोषक र सामन्तलाई खोजेर निकाल्नु तथा मानवतावादप्रति आस्था राख्नु, परिवर्तनकारी शक्तिमा विश्वास राख्नु प्रगतिवादका अभिलक्षण हुन् । प्रस्तुत उपन्यासमा साम्राज्यवाद र पूँजीवादी शासनसत्ताको विरोध गरिएको छ । देशमा प्रभाकर, रामु, छन्दबहादुर, चम्पा, कविता, वन्दनाजस्ता इमान्दार कार्यकर्ताहरूका कारणले आन्दोलनको बलमा बहुदल आयो तर पार्टीमा बलिदान दिने योद्धाहरूभन्दा शक्ति र पैसावालाहरू सामन्तहरू संसदमा गएर सांसद तथा मन्त्री बने । जनताले चाहेको जनताको नौलो जनवाद आएन । शहीदको बलिदान खेर गयो । देशको राजनैतिक परिपाटी फेरिए पनि

शासन व्यवस्था उही पुरानो सामन्तवादी संसदीय व्यवस्था नै रह्यो । पार्टीका इमान्दार कार्यकर्ताहरू विभिन्न बहानामा पक्राउ पर्ने र मारिने तर ठूलाबडा भने स्वतन्त्र घुम्ने परिपाटीको विरोध गरिएको छ यसका साथै उपन्यासमा नेतृत्वको स्वच्छन्द र स्वेच्छाचारी शैलीको समेत विरोध गरिएको छ ।

नेपालको मात्र नभएर भारतको कम्युनिस्ट राजनीतिलाई पनि उपन्यासले नजिकबाट नियालेको छ । भारतको नेपाल नीतिबारे पनि उपन्यासमा उल्लेख गरिएको छ । भारतले आफ्नो स्वार्थअनुकूल नेपालको राजनीति र आन्तरिक मामिलामा हस्तक्षेप गर्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ ।

समाजमा रहेको सबैप्रकारको अन्याय, अत्याचार, शोषण, दमन, असमान सामाजिक वितरण, विभेदपूर्ण न्यायप्रणालीले देशमा द्वन्द्व निम्त्याएको हुन्छ । यस्तो द्वन्द्वको अवसानका निम्ति सामाजिक न्याय र वर्गविहीन समाज आवश्यक रहेको छ भन्दै प्रगतिवादी विचार यस उपन्यासमा व्यक्त गरिएको छ ।

यसप्रकार समग्रमा यस शोधको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) उपन्यासकार रेशम विरहीद्वारा लिखित प्रस्तुत उपन्यास 'प्रेमदासको डायरी' मा प्रभाकरलाई कथावाचकको रूपमा प्रस्तुत गरी पूर्वदीप्ति शैलिमा लेखिएको छ ।

(ख) उपन्यासमा नेपालको वाम राजनीतिको निकै लामो कालखण्ड (पञ्चायतदेखि गणतन्त्र स्थापनासम्म) लाई समेटी उक्त अवधिमा घटित घटना र वाम राजनीतिको इतिहासलाई समेटिएको छ ।

(ग) समाजमा व्याप्त शोषण, अन्याय र अत्याचारको स्वरूप प्रस्तुत गर्दै शोषक र शोषितबीचको वर्गीय द्वन्द्वको यथार्थ प्रस्तुति देखाइएको छ ।

(घ) नेपाली राजनीतिको अन्तर्वस्तु केलाउने प्रयास गरिएको छ ।

(ङ) गोर्खा जिल्लाका घर्तीहरूको माध्यमबाट तत्कालीन नेपाली समाजमा रहेको दासप्रथा, हलियाप्रथाको यथार्थ चित्रण गर्न खोजिएको छ ।

(च) शोषक, सामन्तवर्गले गरेको चरम शोषणको रूपलाई देखाएर अन्याय र अत्याचारको बिरोध गरिएको छ ।

(छ) मानिसहरूमा देखिएको प्रगतिचेतना प्रस्तुत गर्दै उनीहरूमा देखिएको परिवर्तनको चाहनालाई प्रस्तुत गरिएको छ ।

(ज) नेपालको वाम राजनीतिमा देखिएको विकृति र विसङ्गतिको पर्दाफास गरी व्यक्तिवादी प्रवृत्तिको विरोध गरिएको छ ।

(झ) स्वार्थको राजनीति नसकिएसम्म देशले मुहार फेर्न नसक्ने र समाजमा वर्गीय द्वन्द्व रहिरहने विचार व्यक्त भएको छ ।

(ञ) जनताको हितमा नलागी निहित स्वार्थमा लागेका कैयौँ राजनीतिज्ञहरूको कालो चरित्र प्रस्तुत गर्दै उनीहरूका कारण गरिब सधैँ गरिबीमा नै रहेको तथ्य प्रस्तुत गरिएको छ ।

(ट) उपन्यासमा बृहत् भौगोलिक क्षेत्र तथा स्थानलाई समेटिएको पाइन्छ ।

(ठ) भारतीय भूमिमा भएको कम्युनिस्ट आन्दोलनको झलक प्रस्तुत गर्दै त्यहाँभित्रका वास्तविकतालाई प्रकट गराउन खोजिएको छ ।

(ड) नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने भारतीय नीतिको विरोध गरिएको छ ।

(ढ) सामन्तवादी संसदीय व्यवस्था रहुन्जेलसम्म जनताको सपना पूरा नहुने धारणा प्रस्तुत गरिएको छ ।

(ण) देशमा परिवर्तनका निम्ति शहीदहरूले दिएको बलिदान खेर गएको र स्वार्थी दलाल पूँजीपतिवर्गले राज गरेको यथार्थलाई प्रस्तुत गरिएको छ ।

(त) सत्तामा बसेकाले कहिल्यै पनि श्रमिक, मजदुर तथा सर्वहाराको हित नगरेको गुनासो प्रस्तुत गरिएको छ ।

(थ) प्रहरी प्रशासनको दमन, शोषकको अत्याचार, पैसावालाहरू सत्तामा गएपछि तल्लो तहबाट सहयोग गर्नेहरूलाई बिर्सने परिपाटीजस्ता विषयलाई समेटिएको छ ।

(द) मार्क्सवादी सौन्दर्यशास्त्रको आधारमा उपन्यासमा प्रगतिवादी दृष्टिकोण खोजिएको छ ।

(ध) देशमा नौलो जनवादी गणतन्त्रको परिकल्पना गर्दै प्रगतिवादी विचार प्रस्तुत गरिएको उत्कृष्ट उपन्यास बनेको छ ।

प्रस्तुत उपन्यासले प्रगतिवादको समर्थन गरेको छ । देशमा शोषण, अन्याय र अत्याचार हट्नु पर्ने र वर्गविहीन सुन्दर मुलुक बन्नु पर्ने विचार बोकेको पाइन्छ । 'प्रेमदासको डायरी' उपन्यास नेपालको वाम इतिहासको स-साना घटनालाई पनि समेटिएको उत्कृष्ट उपन्यास बनेको छ । यति हुँदाहुँदै पनि यस उपन्यासमा निकै लामो कालखण्ड र बृहत् भूगोललाई समेट्न खोजिएकाले कथावस्तु केही छरिएको देखिन्छ । नेपालको मात्र नभएर भारतीय कम्युनिस्ट इतिहासको पनि समीक्षा गर्न खोजिएकाले उपन्यास केही बोझिलोसमेत बन्न पुगेको देखिन्छ । नेपालको राजनैतिक अवस्था तथा भारतको राजनैतिक अवस्था दुवै एकसाथ हुँदा उपन्यासको आन्तरिक सौन्दर्यलाई बाधा दिएको अनुभूति हुन्छ । उपन्यासमा गोर्खाका घर्तीहरूको अवस्था चित्रण गरी नेपाली राजनीतिको कुनै एक कालखण्डको मात्र प्रस्तुति भएको भए उपन्यास अझ सरल हुने थियो ।

## ६.३ भावी शोधको निम्ति शोध शीर्षकहरू

'प्रेमदासको डायरी' उपन्यासमा भावी शोध गर्न चाहनेहरूका निम्ति केही शोध शीर्षकहरू सुझाइएको छ जुन, निम्नानुसार रहेका छन् :

(क) मार्क्सवादी सौन्दर्यशास्त्रको आलोकमा 'प्रेमदासको डायरी' उपन्यास ।

(ख) 'प्रेमदासको डायरी' उपन्यासमा लैङ्गिक न्याय ।

(ग) 'प्रेमदासको डायरी' उपन्यासको समाजपरक अध्ययन ।

(घ) 'प्रेमदासको डायरी' उपन्यासको शैलीवैज्ञानिक अध्ययन ।

(ङ) 'प्रेमदासको डायरी' उपन्यासमा द्वन्द्वको अध्ययन ।

(च) 'प्रेमदासको डायरी' उपन्यासमा प्रयुक्त भाषिक अध्ययन ।

(छ) 'प्रेमदासको डायरी' उपन्यासको कृतिपरक अध्ययन ।

# सन्दर्भ ग्रन्थसूची


अनुरागी, कला (सन् २०१७, अक्टोबर ३१). "नेपालमा कसलाई कम्युनिस्ट देख्नुभएको छ ?". 'रातोपाटी'. काठमाडौँ ।

अर्याल, धर्मराज (२०७३, भदौ ५). "राजनीति मेरो जीवनको भयानक दुर्घटना". 'चितवन पोष्ट'. चितवन : चितवन पोष्ट प्रकाशन प्रा.लि. ।

अर्याल, धर्मराज (२०७४, वैशाख २). "सङ्घर्षविनाको जीवन निरर्थक हुन्छ". 'चितवन पोष्ट'. चितवन : चितवन पोष्ट प्रकाशन प्रा.लि. ।

आचार्य, गोविन्द (सन् २०१९, जनवरी ३१). "प्रगतिवादी साहित्य र बुर्जुवा साहित्यमा समानता र भिन्नता". www.ratolaltin.com.

उपाध्याय, यदुनन्दन (२०७२, कार्तिक २१). "प्रगतिवादीमा विचारधाराको पक्ष". 'समकालीन साहित्य'. पोखरा : पृथ्वीनारायण क्याम्पस. www.samakalinsahitya.com.

........................ (२०७२, मङ्सिर ११). ''प्रगतिवादी कविताको स्वरूप'. 'समकालीन साहित्य'. www.samakalinsahitya.com.

कड्वेल, क्रिस्टफोर (सन् १९९०). 'विभ्रम और यथार्थ'. नयाँ दिल्ली : राजकमल प्रकाशन ।

खतिवडा, मनोज (२०७५). ''केन्द्रले मोफसललाई विभेद गर्छ भन्नेहरू कमसल लेखक हुन्". 'नयाँ पत्रिका'. काठमाडौँ : नयाँ पत्रिका प्रकाशन ।

गौतम, देवीप्रसाद (२०४९). 'प्रगतिवाद परम्परा र मान्यता'. काठमाडौँ : मुना गौतम (प्रकाशक) ।

चापागाईं, निनु (२०५४). 'मार्क्सवादी चिन्तनमा सौन्दर्य'. ललितपुर : मृदुल महिम चापागाईं ।

जोशी, कुमारबहादुर (२०५४). 'पाश्चात्य साहित्यका प्रमुख वाद'. काठमाडौँ : साझा प्रकाशन ।

तिमल्सेना, पशुपतिनाथ (२०६४). 'प्रगतिवादी कविता मान्यता र प्रवृत्ति'. पोखरा : ओजन बुक्स ।

तिमिल्सिना, दिपक (२०७४). 'देब्रे आँखा निबन्धको कृतिपरक अध्ययन'.अप्रकाशित स्नातकोत्तर तह शोधपत्र. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

तुम्बाहाङ्फे, डा. सम्राट ( ? ). "द्वन्द्वात्मक भौतिकवाद भनेको के हो ?". समृद्धि समाज दैनिक. www.samriddhasamaj.com.

थम्सुहाङ, प्रकाश (२०७४, साउन २१). "सबै कम्युनिस्ट नेता नक्कली थिए ?". 'अन्नपूर्ण पोष्ट'. काठमाडौँ : अन्नपूर्ण पोष्ट पब्लिकेसन प्रा.लि. ।

थापा, हिमांशु (२०४७). 'साहित्य परिचय'. काठमाडौँ : साझा प्रकाशन ।

दवाडी, सरोज (२०७६). 'प्रेमदासको डायरी उपन्यासको सीमान्तीय अध्ययन'. अप्रकाशित स्नातकोत्तर तह शोधपत्र. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

फक्स, राल्फ (सन् १९८०). 'उपन्यास और लोकजीवन'. नरोत्तम नागरद्वारा अनुवादित. तेस्रो संस्करण. नयाँ दिल्ली ।

बराल, ऋषिराज (२०५२). 'प्रगतिवादी काव्यिक आन्दोलन'. विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

बानियाँ, राजकुमार (२०७४, माघ ३) "कस्मेटिक कम्युनिस्ट कुटी". काठमाडौँ : https://www.nepalmag.com.

बि.आर.टी. नेपाल डटकम (२०७४). "प्रेमदासको डायरी विमोचित". काठमाडौँ : www.brtnepal.com .

भट्ट, गोविन्द (२०५५). 'गोविन्द भट्टका समालोचना'. रविलाल अधिकारीद्वारा सम्पादित नेपाल : बगर फाउन्डेसन ।

माओत्सेतुङ (२०५७). 'सङ्कलित रचना भाग-३'. खगेन्द्र सङ्ग्रौलाद्वारा अनुवादित (दो.सं.). काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

मार्क्स, कार्ल र फ्रेडरिक एङ्गेल्स (२०६३). 'साहित्य र कला'. राजेन्द्र मास्के र सूर्य पौडेलद्वारा अनुवादित (दो.सं.). काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

......................... (सन् १९५६). 'लिट्रेचर एण्ड आर्ट'. बम्बई : करेन्ट बुक हाउस ।

मिश्र, शिवकुमार (सन् १९७३). 'काव्यशास्त्र'. वाराणसी : विश्वविद्यालय प्रकाशन ।

रायमाझी, निर्भीकजङ्ग (२०७४ चैत्र ३). "नेपालमा स्वतन्त्रताको परिभाषा ठिकसँग भएको छैन". 'सेतोपाटी'. www.setopati.com.

विरही, रेशमराज (२०७४, वैशाख ३०). "प्रेमदास विघटनको कथा होइन". 'अन्नपूर्ण पोष्ट'. काठमाडौँ : अन्नपूर्ण पोष्ट पब्लिकेसन प्रा.लि. ।

...................... (२०७४). "महाकाव्यको उपन्यास अवतार". 'प्रेमदासको डायरी'. काठमाडौँ : शिखा बुक्स ।

शर्मा, मोहनराज (२०५५). 'समकालीन समालोचना सिद्धान्त र प्रयोग'. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सिग्देल, भुवनहरि (२०७४, असार १७). "वाम राजनीतिको शल्यक्रिया''. 'कोसेली' : काठमाडौँ : कान्तिपुर पब्लिकेसन प्रा.लि. ।

सिदोरोव, ये. (सन् १९८७). 'साहित्य और सौन्दर्यशास्त्र'. मस्को : रादुगा प्रकाशन ।